# स्मृतिपुष्पका पराग

## (टिप्पणीसङ्ग्रह)

•

सम्पादक

डा. इन्दुल केसी

प्रकाशक

**शब्दयात्रा प्रकाशन**
अक्षरधाम, शब्दसाधक तीर्थ
बनेपा – ६, काभ्रेपलान्चोक
(प्रकाशनपुष्प : २३८)

आर्थिक व्यवस्थापक
**सम्पादकका परिवारजन**

पुस्तक : स्मृतिपुष्पका पराग
विधा : टिप्पणीसङ्ग्रह
सम्पादक : डा. इन्दुल केसी
शुभकामना : डा. सुरेशराज शर्मा
प्रकाशनकाल : असोज २०८१
प्रकाशन सन्दर्भ : सावित्री राणा केसीको वार्षिक पुण्यतिथि
प्रकाशन प्रति : ५०० मात्र
संस्करण : प्रथम
अक्षराङ्कन : सङ्गीता केसी
भित्री सज्जा : गीता अधिकारी
आवरणसज्जा : इ. रोशन अधिकारी
सर्वाधिकार : सम्पादकमा
मुद्रक : इमप्रिन्ट डिजाइन एन्ड प्रिन्ट सोलुसन
भक्तपुर
सहयोगार्थ मूल्य : रु. १५०।-
यो पुस्तक www.sypublication.com.np/indul बाट पनि पढ्न सक्नुहुनेछ ।

ISBN: 978-9937-653-97-8

# शुभकामना



डा. इन्दुल केसीद्वारा सम्पादित 'स्मृतिपुष्पका पराग' नामक पुस्तक प्रकाशन हुन लागेको जानकारी पाएको छु । यसमा मलाई खुसी लागेको छ ।

डा. इन्दुल केसीलाई म लामो समयदेखि चिन्छु । उहाँ केही न केही गरिरहने सोच राख्नुहुन्छ । लागेको काम गरिहाल्ने उहाँको स्वभावसँग म परिचित छु ।

डा. इन्दुल केसीले आफूले लेखेका केही पुस्तकहरू मलाई उपलब्ध गराउनुभएको छ । मैले ती पुस्तकहरू पढेको छु । उहाँका बारेमा यसअघि पनि मैले कतै लेखेको छु ।

पुस्तकहरू लेख्ने र सम्पादन गर्ने क्रममा डा. इन्दुल केसीले अहिले नयाँ पुस्तक 'स्मृतिपुष्पका पराग' प्रकाशन गर्न लाग्नुभएछ । यसअघि उहाँले आफ्नी धर्मपत्नीको स्मृति र सम्मानस्वरूप 'सावित्री स्मृति' पुस्तक सम्पादन गर्नुभएको थियो ।

'सावित्री स्मृति' पुस्तकमाथि विभिन्न लेखकहरूले लेखेका टिप्पणीहरूको सङ्ग्रहका रूपमा 'स्मृतिपुष्पका पराग' को सम्पादन गर्नुभएको रहेछ ।

यस प्रकारका कृतिहरूको महत्ताका विषयमा मलाई जानकारी छैन । तर सम्पादकको मिहिनेतको म प्रशंसा गर्दछु । उमेरले असी वर्ष कटिसकेको व्यक्तिको यो सक्रियता अरूका लागि अनुकरणीय छ । म उहाँको दीर्घायु र सक्रियताको कामना गर्दछु ।

**– डा. सुरेशराज शर्मा**
संस्थापक उपकुलपति
काठमाडौं विश्वविद्यालय



# सम्पादकीय

गत वर्ष २०८० साल चैतमा 'सावित्री स्मृति' (सावित्री राणा केसी स्मृतिपुष्प) नामक पुस्तक सम्पादन गरेको थिएँ । यस वर्ष उक्त पुस्तकलाई ३४ जना विभिन्न विशिष्ट लेखक महानुभावले श्रद्धासुमनका साथ गर्नुभएको समीक्षात्मक टिप्पणीको सङ्ग्रह 'स्मृतिपुष्पका पराग' नामको पुस्तक पनि सम्पादन गरी अर्को पाइला चालेको छु ।

शब्दयात्रा प्रकाशनबाट गत वर्ष प्रकाशित उक्त पुस्तकलाई अभिरुचिपूर्वक विभिन्न पाठकहरूले पढ्नुभएको पाइयो । विभिन्न सङ्घसंस्था, व्यक्तिहरूले प्रदान गरेको श्रद्धाञ्जली, समवेदना, प्रकाशित समाचार, सावित्री राणाको जीवनी विवरणहरू उक्त पुस्तकका मूल आधार थिए । उनी मेरी जीवनसँगिनी या अर्धाङ्गिनी थिइन् । २०८० साल आश्विन २१ गते उनले यो संसारलाई छोडेर परलोक गइन् । तिनको जन्मदेखि मृत्युसम्म ७६ वर्षको अवधिमा भएका-घटेका विभिन्न घटनाहरू जीवनवृत्तका रूपमा त्यो पुस्तक तयार भएको थियो । तिनको बाल्यकाल, शिक्षादीक्षा, मसँग भएको वैवाहिक जीवन, आध्यात्मिक भावनाले प्रेरित भई उनले गरेको सहयात्रा-तीर्थयात्राको विवरणका साथै तिनले गरेका विभिन्न समाजसेवाका विवरणलाई समेटेर उक्त पुस्तक तयार भएको थियो ।

झन्डै ६ महिनापछि विभिन्न महानुभावबाट प्राप्त भएका टिप्पणीबाट प्रोत्साहित भएर मैले यो पुस्तक पनि श्रीमतीप्रति मेरो पुष्पाञ्जलीस्वरूप सम्पादन गरेँ । रचनाकारहरूका नामको वर्णानुक्रम अनुसार क्रम मिलाएको छु । प्राप्त भएका रचनाहरूको सबल पक्ष र कमजोर पक्ष दुवैलाई यस पुस्तकमा समावेश गरिएको छ । सबै टिप्पणीकार र लेखकहरूलाई धन्यवाद छ ।

यो पुस्तक प्रकाशन गरिदिने शब्दयात्रा प्रकाशनसँग सम्बन्धित सबै महानुभावप्रति पनि धन्यवाद व्यक्त गर्दछु । मलाई आशा एवम् विश्वास छ यस पुस्तकलाई पनि सबै पाठकवर्गले रुचाउनुहुनेछ ।

**भक्तपुर, ९८४१३३४११३** **– डा. इन्दुल केसी**

# प्रकाशकीय

शब्दयात्रा प्रकाशनका आजीवन सदस्य तथा बहुविधाबाट राष्ट्रसेवामा संलग्न व्यक्तित्व डा. इन्दुल केसीको सम्पादनमा 'स्मृतिपुष्पका पराग' प्रकाशन हुन लागेकोमा यो नवीन कृतिका लागि सर्वप्रथम म सम्पादकज्यूप्रति हार्दिक बधाई ज्ञापन गर्दछु ।

डा. इन्दुल केसीद्वारा सम्पादित 'स्मृतिपुष्पका पराग' नामक प्रस्तुत टिप्पणीसङ्ग्रह यसअघि शब्दयात्रा प्रकाशनद्वारा प्रकाशित तथा डा. इन्दुल केसीद्वारा सम्पादित 'सावित्री स्मृति' पुस्तकमाथि ३५ जना लेखकले गर्नुभएको टिप्पणीहरूको सङ्कलन हो । सावित्री राणा केसीलाई केन्द्रविन्दु बनाएर 'सावित्री स्मृति' को सम्पादन-प्रकाशन गरिएको थियो भने सावित्री राणा केसी र 'सावित्री स्मृति' पुस्तकलाई विषयवस्तु बनाई 'स्मृतिपुष्पका पराग' को सम्पादन-प्रकाशन गरिएको छ । यस पुस्तकले पनि यसअघि प्रकाशित पुस्तकहरूले झैँ पाठकवर्गको न्यानो माया पाउनेछ भन्ने विश्वास छ ।

यस कृतिमा शुभकामना मन्तव्य लेखिदिनुभएकोमा नेपालका शैक्षिक शिरोभूषण डा. सुरेशराज शर्माप्रति, प्रकाशनका लागि शब्दयात्रा प्रकाशनलाई स्मरण गर्नुभएकोमा डा. इन्दुल केसीप्रति, आवरणसज्जाका लागि सफ्टवेयर इन्जिनियर रोशन मञ्जुश्री अधिकारीप्रति, भाषिक शुद्धीकरण र भित्री सजावटका लागि गीता अधिकारीप्रति, अक्षराङ्कन गरिदिने सङ्गीता केसीप्रति र मुद्रण गरिदिने इमप्रिन्ट डिजाइन एन्ड प्रिन्ट सोलुसनप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**– हरि मञ्जुश्री**

अध्यक्ष : शब्दयात्रा प्रकाशन

# विषयसूची


| | | | |
|---|---|---|---|
| १. | **स्मृतिपुस्तकमा मेरो दृष्टि** | एस. आर. पौड्याल | : १ |
| २. | **सावित्री स्मृतिपुष्प मेरो आँखामा** | कालिका त्रिपाठी पन्त | : ३ |
| ३. | **सङ्ग्रहणीय पुस्तक 'सावित्री स्मृति'** | कृष्ण किसी | : ७ |
| ४. | **सावित्री केसी : शब्द-श्रद्धाञ्जली** | प्रा. डा. कृष्णप्रसाद दाहाल | : ९ |
| ५. | **'सावित्री स्मृति' समीक्षा** | कृष्णराम प्रजापति | : १२ |
| ६. | **सावित्रीमा समर्पित डा. इन्दुल केसी** | चेतनाथ कणेल 'हरित' | : १५ |
| ७. | **सावित्री स्मृति : एक परिचय** | जयनारायण नेपाल | : २० |
| ८. | **श्रद्धाका दुई थुँगा फूल** | जीवनाथ अधिकारी | : २३ |
| ९. | **ठूलो योगदान** | टीका ढुङ्गेल 'रटन' | : २४ |
| १०. | **'सावित्री स्मृति' पुस्तक पढेपछि** | टीकाराम अर्याल | : २५ |
| ११. | **फूलको श्रद्धाञ्जली** | नवीना श्रेष्ठ | : २७ |
| १२. | **'सावित्री स्मृति' पुस्तक नियालेर हेर्दा** | निर्मला श्रेष्ठ | : २९ |
| १३. | **इन्दुलजीकी सहधर्मिणी सावित्री दिदीलाई यसरी सम्झिन्छु म** | पदम दाहाल | : ३२ |
| १४. | **'सावित्री स्मृति' पढेपछि** | पशुपतिमान प:माँ | : ३५ |
| १५. | **श्रीमती सावित्री राणा केसीप्रति मेरो श्रद्धासुमन** | प्रकाशप्रसाद उपाध्याय | : ३७ |
| १६. | **बलियाले चाहेपछि** | प्रजापति तिमिल्सिना | : ३९ |
| १७. | **'सावित्री स्मृति'** | प्रताप राना मगर | : ४० |
| १८. | **जस्तो नाम उस्तै काम भएकी एक सावित्री** | पुण्यवती घले | : ४३ |

| | | | |
|---|---|---|---|
| १९. | **सावित्री स्मृति पुस्तक विहङ्गम दृष्टि** | बुद्धिनारायण श्रेष्ठ | ४५ |
| २०. | **सावित्री राणा केसी उपासिकाको स्मृतिमा** | भिक्षु विपस्सी | ५१ |
| २१. | **शोकाकुल डा. इन्दुल** | मच्छेश्वर सापकोटा | ५५ |
| २२. | **सावित्री केसी अब स्मृतिको पानामा** | मोहन पौडेल | ५७ |
| २३. | **'सावित्री स्मृति' भित्र रुमलिँदा** | रवीन्द्र गिरी | ५९ |
| २४. | **'सावित्री स्मृति' हातमा परेपछि** | राधेश्याम न्यौपाने | ६२ |
| २५. | **'सावित्री स्मृति' को अवलोकन** | रामप्रसाद गिरी 'विनोद' | ६५ |
| २६. | **डा. इन्दुल केसीको पीडाको घेराबन्दीमा 'सावित्री स्मृति' को संयोजन** | राममणि ढुङ्गेल | ६६ |
| २७. | **'सावित्री स्मृति' कृतिसँगालो** | लालबहादुर भुजेल | ७० |
| २८. | **स्मृति पुस्तकको पुनरवलोकन** | इ. लेखरत्न शाक्य | ७५ |
| २९. | **श्रद्धासुमन समर्पण** | पं. विनोदराज शर्मा | ७८ |
| ३०. | **'सावित्री स्मृति' पुस्तकबारे मेरो विचार** | विष्णु ओली | ८० |
| ३१. | **मेरो दृष्टिमा 'सावित्री स्मृति' पुस्तक** | विष्णुबहादुर मानन्धर | ८२ |
| ३२. | **सामाजिक अभियन्ता सावित्री राणा केसी** | शङ्कर पौडेल | ८५ |
| ३३. | **पत्नीप्रेमको प्रतीक हेर्दा** | शारदाप्रसाद शर्मा | ८८ |
| ३४. | **'सावित्री स्मृति' माथि मेरो दृष्टि** | शिव बन्जारा | ९१ |
| ३५. | **अनेकमध्येकी एक सावित्री** | हरि मञ्जुश्री | ९४ |

स्मृतिपुष्पका पराग (टिप्पणीसङ्ग्रह)

•

सम्पादक : डा. इन्दुल केसी



# स्मृतिपुस्तकमा मेरो दृष्टि

**– एस. आर. पौड्याल**
(काठमाडौँ : पूर्वशासक एवं लेखक)

शिव शिवेति नामोच्चारणात् नश्यन्ति, सर्वाणि पापानि लिखितं शिवग्रन्थे । शिव शिव भनी दुईचोटि भगवान्को नाम लिनाले सबै पापहरू नाश हुन्छन् । यो शिवग्रन्थमा लेखिएको छ । कति सजिलो ८ अरब सुख र शान्ति खोज्नेहरूका लागि अति उत्तम उपाय । मात्र सक्नुपऱ्यो ।

यो लेखनमा अभ्यास नभएको म मनुवा भन्ने प्राणी पहिले नै क्षमा माग्दछ । सदा सम्झनाका लागि । श्रद्धार्पण !

संसार, भवसागर, पृथ्वीतल आदि नामबाट स्थापित थातथलोमा असङ्ख्य प्राणीहरूको जन्म भयो । त्यसमा हाम्रो पनि भयो । जन्मथलो मृत्युथलोमा उब्जेका अन्नजलबाट यो भौतिक शरीर चलायमान् छ । विनाशुल्क पाइने वायुको भरमा प्राण, व्यान, अपान उदान, समान वायुले आफ्नै निजी कार्य गरेर स्वतःस्फूर्त चेतनाले काम पायो ।

अब प्रसङ्ग स्मृतिमा सम्धिनीज्यूसँगको दर्शनभेट । तीजताका निवासमै छँदा साह्रै सौहार्द्र र स्नेहपूर्ण सुखका अनुभूति भयो । साथै 'उक्त दिन सबै नाच्छन्, हामी मात्र किन हजुर ?' भन्दा दुवै सम्धिनी उठेर नाचेको परिदृश्य स्वप्नमय भएको छ । त्यो आज सम्झनामा घच्घच्याउने गर्दछ । सुखमा सुख, दुःखमा दुःख हुनु हाम्रो यो दुइ परिवारमा पर्नु स्वाभाविक हो । किनभने हाम्रो घरायसी नाताले महत्त्व राखेको छ ।

२०८०।६।२१ गते आइतबार कहिल्यै पनि नबिर्सने वेदनाले हामीलाई थला नै पारिदियो । अघिल्लो दिन मात्र सम्धिनीज्यू

अस्पतालमा भर्ना भएको खबर पाउनासाथ उपस्थित भयौँ । त्यो बेला उहाँको अवस्थाले हामीलाई भावुक बनायो । यो भेट नै स्मृति बन्ला भन्ने कल्पना पनि थिएन । आउनु र जानु संसारको रीत भन्ने कुरा यो पङ्क्तिकार पनि अरूलाई भन्ने गर्दछ । तर परेको बेलामा धैर्यले पनि अधैर्यको सामना गर्नैपर्ने रहेछ । त्यही नै भो तत्कालको समयमा डा. इन्दुल केसीज्यू मेरा सम्धीले त्यस बेला देखाएको धैर्य एउटा वीर पुरुषले सहन गरेको धैर्यजस्तै महान् लागेको छ । आफ्नी धर्मपत्नीको बिछोडको घाउमा लगाउने मलम बनेकै छैन यस धर्तीमा । केवल धैर्य मात्र हो । त्यो मलम जे भयो जानेले पनि माया बन्धनको पोको बोक्ने र जो बाँचेको छ, उसले त आफ्नो प्राण र भौतिक रक्षा गर्ने बाध्यता एकातिर छँदैछ ।

डा. साहेबबाट केही सम्झनालाई अक्षरमा पनि राख्ने कि ! आज्ञा हुँदा म त लेख्ने सम्बन्धमा बालकभन्दा नै हुन्छ हजुर भनी दूरभाषमा कुरा भयो । तैपनि अनुरोधलाई शिरोधार्य गर्दै सानो टिप्पणीभित्र यो राख्दैछु ।

सम्धिनी श्रीमती सावित्री केसीज्यूले जिन्दगीको लामो यात्रामा आफ्ना परिवारप्रति गर्नुपर्ने उतारचढावका सुखदुःख बाँड्दै गृहस्थ धर्मको पालना गरेर यो अवस्थामा पुऱ्याई मानौँ हस्तान्तरण गरिबक्सेको छ । उपरोक्त कुरा सम्पादक डा. इन्दुल केसीज्यूबाट प्रकाशित पुस्तक 'सावित्री स्मृति' मा भरपूर छ । यो पुस्तकभित्र विभिन्न प्रेमी महानुभावहरूबाट र स्वयं डा. इन्दुल केसीज्यूको वर्णन-व्यथाले पूर्णता प्रदान गरेको छ । यो सबैमा जाहेरै छ । अधुरो केही छैन ।

पूर्णस्य पूर्णमादाय पूर्णमेवाऽवसिस्यते भनेझैं इतिवृत्त छ । मात्र स्मरण हो । अतीत अतीत हो । अब जिम्मेवारीमा उहाँका गुणहरूको अवलम्बन गर्दै उहाँबाट हस्तान्तरित ममताको भण्डार गृहस्थ कर्म सफल बनाउनुमा नै उहाँप्रति श्रद्धाञ्जली अर्पण हुनेछ ।

●



# ‘सावित्री स्मृति’ मेरो आँखामा

**– कालिका त्रिपाठी पन्त**
(काभ्रेपलाञ्चोक : साहित्यकार,
शब्दयात्रा प्रकाशनका आजीवन सदस्य)

शब्दैपिच्छे हाँसो अनि ठट्टा हुन्छ भेट हुँदा
पाइलैपिच्छे शिखर चढ्ने लक्ष हुन्छ भेट हुँदा
उमेरले असी काटी चौरासीको नजिक-नजिक
अझै पनि जोड जामकै कुरा हुन्छ भेट हुँदा

● डा. इन्दुल केसी मुस्कानको पर्याय, हाँसो र ठट्यौलीको अर्को नाम, कुशल लेखक तथा आयुर्वेद चिकित्सक, शब्दयात्रा प्रकाशनका आजीवन सदस्य हुनुहुन्छ ।

● हाल उहाँ आधा अङ्गविहीन भएर बाँच्न विवश हुनुहुन्छ । उहाँको एउटा आँखाको ज्योति गुमेको छ, एउटा हात काटिएको छ भने एउटा खुट्टा लङ्गडो भएको छ । तैपनि मस्तिष्कमा भने दिव्यज्योति ज्ञान बढिरहेको छ । उमेरले त्रियासी वर्ष पार गरिसक्नुभएका डा. केसी मनभरि पत्नीवियोगको पीडा लुकाएर पनि बाहिर ओठले मुस्कुराउनुहुन्छ । ठट्यौलीमा गफ गर्नुहुन्छ । अझै पनि समाज रूपान्तरणका लागि आफ्नो लेखरचना तथा सेवामूलक कार्यक्रमका माध्यमद्वारा सक्रिय हुनुहुन्छ । हालै उहाँको लेखन तथा सम्पादनमा आफ्नी प्राणप्रिया सावित्री राणा केसीको सम्झनामा ‘सावित्री स्मृति’ नामक पुस्तक प्रकाशन गरेर आफ्नी अर्धाङ्गिनीलाई नवजीवन प्रदान गर्नुभएको छ ।

● मिति २००३ मङ्सिर ३० गते जन्मनुभएकी राणाको निधन २०८० असोज २१ गते आइतबारका दिन राति एघार बजे टिचिङ अस्पताल महराजगन्जमा भएको थियो । यस पुस्तकमा डा. केसीले आफ्नी श्रीमतीसँगको वैवाहिक अवस्था, उनी बिरामी भएर वीर

अस्पतालमा भर्ना गर्दा भएको पैसाको अभाव, पैसा खोज्न बिरामी श्रीमतीलाई नर्सहरूको जिम्मा लगाएर घर फर्किएको, बाटोमा मित्र विदुर केसीले एक सय रुपैयाँ दिएर लगाउनुभएको गुन र शम्भुराम श्रेष्ठले सापटी स्वरूप दिनुभएको रु. एक हजारले खुलाइदिएको उपचारको बाटोको कथा साह्रै नै कारुणिक छ । बनाएर नबन्ने पैसाले सिर्जना गरेको अप्ठ्यारो परिस्थितिलाई सामना गर्न पाएको मित्रहरूको सहयोगको वर्णनले मन छोयो । जस्तै परिस्थिति आए पनि उहाँले आफ्नी श्रीमतीका लागि अन्तिमसम्म हार नमानी उपचारमा तल्लीन रहनुभयो भन्ने कुरा यस पुस्तकको अध्ययनपश्चात् थाहा हुन्छ ।

● अत्यन्तै मेहनती र मिलनसार सावित्री राणाले आफू जीवित हुँदाको अवस्थामा एक असल पत्नी, असल आमा, असल बुहारी र असल छोरीको भूमिका निर्वाह गर्नुभएको कुरा यस पुस्तकमा छर्लङ्ग पारिएको छ । घरमा पाहुना आउँदा पूर्णचन्द्रझैँ अनुहार लगाएर पाहुनाको स्वागत सत्कार गर्ने सावित्री राणा केसी घरमा आएका मानिसहरूलाई देवतासमान मान्नुहुन्थ्यो । आफ्ना श्रीमान् डा. इन्दुल केसीको व्यक्तिगत, साहित्यिक, डाक्टरी तथा धार्मिक यात्रामा दुईमध्ये एक पाङ्ग्रा भएर जीवनरथ अगाडि बढाउन ठूलो भूमिका निर्वाह गर्नुभयो उहाँले । अचम्म त यो लाग्छ कि डा. इन्दुल केसीले आफ्नी श्रीमतीको जीवनपर्यन्त घटेका हरेक घटनाहरूको एक-एक प्रमाण पेश गर्नुभएको छ यस पुस्तकमा । जोकोही श्रीमान्-श्रीमती यस्तै बनून् यो धर्तीमा । दुई शरीर एक मुटु अनि एक प्राण । नत्र यो कसरी सम्भव हुन्थ्यो होला एकले अर्कोको धेरै ख्याल नगरेको भए !

● हरेक रोग, भोक, शोकका लिखत प्रमाण त्यो पनि सँगै जिएका हरेक पलका । पुस्तकमा लेखकले आफ्नी श्रीमतीको मृत्युपश्चात् पनि आफन्त, इष्टमित्र, साथीभाइ सम्पूर्णले अर्पण गर्नुभएको श्रद्धाञ्जलीका लेखहरू, मलामी गएको बेलामा आर्यघाटको माहोलपछि काजकिरिया गर्दा पाएको अपार स्नेहरूपी श्रद्धासुमन सबैको विवरण यस पुस्तकमा अक्षरशः प्रस्तुत गर्नुभएको देख्दा मैले

उहाँको बुद्धि, विवेक र तीक्ष्णताको हृदय खोलेर प्रशंसा गरेँ, कोटी प्रणाम गरेँ । अनि भन्न मन लाग्यो श्रीमान् हुनु त यस्तो पो हुनु ! जिउँदो छँदा मात्र होइन, मरेपछि पनि श्रीमतीलाई यति ठूलो इज्जत दिने । यो पुस्तक 'सावित्री स्मृति' मा धेरैजना लेखक तथा साहित्यकारहरूले आफ्नो लेखरचना तथा कवितामार्फत गतात्माप्रति श्रद्धाञ्जली अर्पण गर्नुका साथै उहाँको व्यक्तित्वको चर्चा-परिचर्चा गर्नुभएको छ ।

● डा. इन्दुल केसीले श्रीमती सावित्रीको सम्झना भन्ने शीर्षकमा श्रीमतीसँग बिताएका पलहरूमाथि प्रकाश पार्नुभएको छ । प्रकाशकीय शब्दयात्रा प्रकाशनका अध्यक्ष हरि मञ्जुश्रीको रहेको छ भने प्रा. डा. कृष्णप्रसाद दाहालको 'सावित्री केसी : शब्दश्रद्धाञ्जली' शीर्षकको कविता, 'श्रद्धाका दुई थुँगा फूल' जीवनाथ अधिकारी, टीका ढुङ्गेल 'रटन' को 'ठूलो योगदान', 'फूलको श्रद्धाञ्जली' नवीना श्रेष्ठ, 'इन्दुलजीकी सहधर्मिणी सावित्री दिदीलाई यसरी सम्झिन्छु म' पदम दाहाल, 'बलियोले चाहेपछि' प्रजापति तिमल्सिना, 'हाम्री जननी' रजनी केसी मानन्धर र 'अनेकमध्येकी एक सावित्री' हरि मञ्जुश्री जस्ता लेखरचनाहरू यस पुस्तकमा समावेश गरी उहाँको गतात्माको चिर शान्तिको कामना गरिएको छ ।

● त्यसपछिका भागहरूमा उहाँको नाममा श्रद्धाञ्जलीस्वरूप छापिएका समाचारहरू र डा. साहेबले आफ्नी पत्नीसँग तीर्थयात्रा गरेका तस्बीरहरू सम्झनास्वरूप रखिएको छ ।

● पशुपति आर्यघाटमा मलामी जानुभएका ३२२ जना मानिसहरू र पुरोहित सीताराम कोइरालाको नामसमेत मुद्रण भएको यस पुस्तकको बिट सावित्री राणा केसीले प्राप्त गर्नुभएको सम्मानपत्र, तीर्थभोजमा गरिएको निमन्त्रणा कार्डले झन्डै-झन्डै मार्न आँट्ने क्रमको अन्त्यमा भक्तपुर नगरको मङ्गलाछें टोलमा रहेको श्री श्यामसुन्दर भजनघरको पुनर्निर्माणमा डा. इन्दुल केसीको अध्यक्षतामा गठित पुनर्निर्माण समितिले रु. १,५०,००,००० को लागतमा सम्पन्न भएको कुरा उल्लेख गरिएको छ । पुस्तकको

बाहिरी अग्रभाग सावित्री राणा केसीको तस्बिरले सजिएको छ भने पृष्ठ भाग उहाँहरूकै वंशावलीको चार्टले सजिएको छ ।

● वास्तवमा 'सावित्री स्मृति' डा. इन्दुलको आफ्नो जीवनचित्र हो, जसमा उहाँले आफ्नी अर्धाङ्गिनीसँग बिताएका क्षणहरूको चित्रण गर्नुभएको पाएँ मैले । श्रीमतीसँग बिताएको यो एक जुनीमा उहाँले आफ्नी प्राणपियारीसँग मिलन भएदेखि भोगेका, भएका र सम्हालेका सम्पूर्ण सामाजिक, धार्मिक, आर्थिक र मानसिक परिस्थितिहरूको वर्णन गरी हामीसमक्ष प्रस्तुत गर्नुभएको छ । मिलन र बिछोड त ध्रुव सत्य कुरा हुन्, तर यस्ता पलहरूसँग समायोजन हुन सक्ने क्षमता हामीमा भयो भने हाम्रो जीवन सार्थक हुने कुरामा दुई मत छैन ।

जन्मदा पनि एक्लै हामी मर्दा पनि एक्लै  
बीच बाटोमा भेट्नेसँग जीवन बित्छ बेग्लै  
त्यै बिर्सन गाह्रो हुने भक्कानिने मन  
भाँच्चिए नि एउटा खुट्टा हिँड्नुपर्ने टेक्दै

●



# सङ्ग्रहणीय पुस्तक 'सावित्री स्मृति'

**– कृष्ण किसी**
(भक्तपुर : एबीसीडी खबर डटकमका निर्देशक,
ख्वप कलेज भक्तपुरका सहप्राध्यापक)

● समाज विकासका लागि पुराना अभिलेखको जरुरत हुनेमा सायदै कसैको दुई मत होला । यस्तै सङ्ग्रहणीय एउटा पुस्तकको नाम हो 'सावित्री स्मृति' (सावित्री राणा केसी स्मृतिपुष्प), भलै यो एकजना व्यक्ति सावित्री राणा केसीको जीवनका बारेको विस्तृत विवरण नै किन नहोस् ।

● पुस्तकमा भक्तपुर नासमनाकी सावित्री राणा केसीको जीवन समावेश गरिएको छ । यति मात्रै होइन, उनको जीवनको आरोह-अवरोहको सङ्कलन हो 'सावित्री स्मृति' । श्रीमती सावित्री राणा केसीको जन्म २००३ साल मङ्सिर ३० गते शुक्रबार राणा परिवारमा भएको थियो । उनको दुःखद निधन २०८० असोज २१ गते आइतबार भएको थियो । उनका एक छोरा र तीन छोरीहरू छन् । उनका श्रीमान् डा इन्दुल केसी बहुप्रतिभाशाली व्यक्तित्व हुन् । पूर्व प्रशासक उनी पत्रकार, समाजसेवी, साहित्यकार, इतिहासकार, संस्कृतिविद् आदि-इत्यादि पनि हुन् ।

● विषयवस्तुभन्दा बाहिर पुगेँ जस्तो लाग्यो, त्यसैले जाऔं पुस्तकतिरै ।

● पुस्तक ६४ पृष्ठको छ । यसलाई सानै पुस्तक भन्नुपर्ला । गाता आकर्षक नै छ । भित्र श्यामश्वेत भए पनि बाहिर कलर नै छ । यही कारण पुस्तक हेर्दा आकर्षक लाग्छ । तर मेरो व्यक्तिगत विचार सोध्नुहुन्छ भने मृतकको स्मृतिमा निकालेको पुस्तकलाई झिलिमिली कलर गर्नेभन्दा बरू श्यामश्वेत नै ठीक हुन्थ्यो । किनकि कसैको देहावसान हुँदा उसको श्रद्धाञ्जली विज्ञापन प्रकाशित गर्दा पनि हामी

दु:खद क्षण भएकाले कलर विज्ञापन छाप्दैनौं, श्यामश्वेत नै छाप्छौ । किनकि यो दु:खको क्षण हो, सुखद क्षण होइन ।

● पुस्तकमा सावित्री केसी राणाका धेरै विवरणहरू समेटिएका छन् । छोटोमा सानो पुस्तक पढेपछि सावित्री राणा केसीका बारेमा बुझ्न मलाई लाग्छ, अन्त कतै जानुपर्दैन । पुस्तकमा सावित्री केसी राणाका फोटोहरूदेखि उनका जीवनका अनेक पाटाहरूका तस्बीरहरू समावेश छन् । यतिसम्म बृहत छ कि पुस्तकमा उनको निधनमा मलामी आएका महानुभावहरूको नामावलीसम्म समावेश छ । उनको पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको थियो ।

● पुस्तकको प्रकाशक शव्दयात्रा प्रकाशन अक्षरधाम शब्दसाधक तीर्थ बनेपा – ६ काभ्रे रहेको छ । पुस्तक प्रकाशनको आर्थिक व्यवस्थापक भने सम्पादकको परिवारजन रहेको छ । पुस्तक २०८० सालमा छापिएको थियो । पुस्तकमा सावित्री राणा केसीको स्मृतिमा विभिन्न विद्वान्हरूद्वारा लिखित ९ वटा संस्मरण लेखहरू समावेश छन् । पुस्तकमा केसीको जीवनवृत्त, स्वास्थ्य समस्या र विवरणसमेत उल्लेख छ । साथै समाचारहरू, समवेदना सन्देशहरू समावेश छन् । अन्तिम पृष्ठमा भने वंशावली तालिका राखिएको छ ।

●



# सावित्री केसी : शब्द-श्रद्धाञ्जली

– प्रा. डा. कृष्णप्रसाद दाहाल
(सुनसरी : समालोचक तथा साहित्यसर्जक)

**१. कवितामा सावित्री :**

मलाई सावित्री भएको इन्दुल मन पर्छ
मलाई इन्दुल भएको सावित्री मन पर्छ
चिताले मऱ्याकमऱ्याक चपाउँदै उगेलेको उज्यालो होइन
मलाई सावित्री र इन्दुलको
काव्यिक मुस्कानको प्रकाश मन पर्छ
मलाई इन्दुलको कवितामा सावित्रीको मन्त्र जपेको मन पर्छ
मलाई इन्दुलको भजनमा सावित्रीको सरस्वती नाचेको मन पर्छ
सुरतालविना अलापिएको राग होइन
मलाई सावित्रीको काखमा
इन्दुलले झारेको आँसुको दाग मन पर्छ
म सावित्रीविनाको इन्दुलमा पनि सावित्री देखिरहेको छु
प्रत्येक दिन इन्दुल महादेवले जस्तै
आफ्नी मायाकी सतीदेवी सावित्री
बोकेर हिँडिरहेको देखेको छु
सपनामा मात्र होइन, विपनामा पनि
इन्दुलले आजै मात्र लेखेका कविता
आफ्नो प्रिय श्रोता सावित्रीलाई सुनाउँदै हिँडेको देखेको छु
बरू हिजोको दिनमा सावित्रीलाई छोडेर
इन्दुल यदाकदा हिँड्ने गर्थ्यो
खर्चबर्च छोडेर घरव्यवहार हेर्नु है भन्दै
सावित्रीलाई घरकी रानी बनाएर फुत्त बाहिरिने गर्थ्यो

मोबाइलमा तेल दलेर श्रीमतीलाई फकाउँदै
बाहिरहुँदी रात बिताउने गर्थ्यो
तर आज यस्तो छैन
आर्यघाटमा सावित्रीको भौतिक शरीर सेलाएर आएको दिनदेखि
इन्दुलले सावित्रीलाई एक पल पनि छोडेको छैन, बिर्सेको छैन
आफ्नो स्मृतिको आसनमा अरू कसैलाई पनि बस्न दिएको छैन
बरू अब भने इन्दुलले इन्दुल बिर्सिएला
आफ्नो गन्तव्यमा अल्मलिएला
तर आफ्नो स्मृतिको कोषागारमा भने
उसले सावित्रीलाई बज्रलेप गरेर राखेको छ
सावित्रीको स्मरणमा दिनहुँ
उसले आफ्नो श्रद्धा र आस्थाको
नओइलने फूल चढाउने गरेको छ
त्यसैले
मलाई सावित्री भएको इन्दुल मन पर्छ
मलाई इन्दुल भएको सावित्री मन पर्छ ।

## २. सावित्रीको व्यक्तित्व :

डा. इन्दुल केसीको अर्धाङ्गिनी सावित्री केसी राणा केसीले यो धराधाम २०८० साल असोज २१ गते छोडेकी हुन् । वि. सं. २००३ सालमा पिता ब्रिगेडियर जनरल लक्ष्मी शमशेर राणा र माता विष्णुकुमारी राणाको गर्भबाट जन्मेकी सावित्रीले एसएलसी परीक्षा उत्तीर्ण गरेकी थिइन् । साक्षरताको सोपान चढ्दै गर्दा २०२४ सालमा इन्दुल केसीसित पञ्चेबाजाका साथ वैदिक विधिद्वारा उनको विवाह भएको हो । सामाजिक एवं धार्मिक प्रवृत्तिकी केसीले इन्दुलको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेकी थिइन् । छोरा उज्वल र छोरीहरू रजनी र सजनीकी आमा सावित्रीले आफूलाई सधैँ मानवहितकै निम्ति समर्पित गराइरहिन् । धार्मिक प्रवृत्ति भएकी हुनाले तीर्थव्रत र दानदक्षिणादि कर्म गर्न कहिल्यै पछि परिनन् । आफ्ना ससुरा र श्रीमान्ले सुसञ्चालन गर्दै आएको श्यामसुन्दर

भजनघर (भक्तपुर) मा उनले पनि उल्लेख्य योगदान पुऱ्याएको पाइन्छ । असल पत्नी र असल आमा हुनुको छवि बनाएकी सावित्रीले श्रीमान् डा. इन्दुल केसीको साहित्यिक यात्रामा सारथीको भूमिका निर्वाह गर्न कहिल्यै पनि पछि परिनन् । श्रीमान्का पुस्तकमकार कृतिहरूको प्रकाशनमा यिनको योगदान प्रशस्त पाइन्छ अतिथि देवो भवः को महत्त्व बुझेकी सावित्री राणा केसीले अतिथि सत्कारमा पनि आफूलाई त्यत्तिकै क्रियाशील राख्ने गरेकी थिइन् । पतिले गरेका हेरेका क्रियाकलापमा उनले पत्नीको हैसियतले मात्र होइन, एउटा मार्गप्रदर्शक साथीको भाँती कर्म गरेकी थिइन् । राणा कुलघरानाकी छोरी भएर पनि मध्यवित्त परिवारकी बुहारी र पत्नी हुनुमा गर्व गर्दथिन् । यस्ती सुलक्षणकी प्रतिमूर्तिको मुटुको रोगका कारण निधन भएको थियो ।

उनको दाहसंस्कारमा भेला भएका हामीहरू आर्यघाट परिसरमा चिताको पिरो धूवाँसँगै आँसुले आफ्ना नयन धोइरहेका थियौं । डा. इन्दुललाई सम्झाउने हिम्मत कसैमा थिएन । 'मुटुमाथि ढुङ्गा राखी' उनी आफैं बोलिरहेका थिए – 'नश्वर देह, जतिसुकै उपचार गर्दागर्दै केही चलेन । आखिर अन्तिम सत्य भनेको यही ठाउँ रहेछ । उनले मलाई छोडेर गइन् । सम्झना भने गएको छैन । झन् गाढा भएर बसेको छ । मैले उनको भनाइमा टाउको हल्लाएँ । सावित्री चितामा खरानी भइरहेकी थिइन् । वातावरण मौन थियो । यस्तैमा म चिता अगाडि उभिएर सावित्रीको आत्माप्रति चिरशान्तिको कामना गरी शोकाकुल परिवारमा हार्दिक समवेदना प्रकट गरेर शोकपुस्तिकामा श्रद्धाञ्जलीका दुई शब्द लेखेर आफ्नो गन्तव्यतर्फ लाग्दछु । इन्दुल भन्दै थिए – 'सावित्रीको काम सिध्याएपछि साहित्यिक लेखनमा पुनः सक्रिय भएर लाग्नेछु ।' यो स्मृतिग्रन्थ यसैको उपज हो । सावित्रीको जीवनका विविध आयामलाई यो स्मृतिले स्पष्ट पारेको छु ।

●



# ‘सावित्री स्मृति’ समीक्षा

**– कृष्णराम प्रजापति**
(भक्तपुर : लेखक,
सहृदयता समाज नेपालमा आबद्ध)

‘गृहलक्ष्मी कस्ती ? सावित्रीजस्ती’ । ‘सावित्री स्मृति’ पुस्तकको सार यही रहेको छ । श्रीमान्लाई थकानको महसुस नगराई ऊर्जावान् गराउने देवी हुन् सावित्री । सन्तानलाई मार्गदर्शन गराउने माता हुन् सावित्री ।

दैनिक आवश्यकतादेखि सांस्कृतिक सम्पदाका सरसामानहरूको आकर्षक ढङ्गले व्यवस्थापन गरिराख्ने सहृदयी स्वयम् मिलनसार व्यक्तित्व सावित्री नवीना श्रेष्ठ ।

सावित्री केसी शब्दश्रद्धाञ्जलीमार्फत प्रा. डा. कृष्णप्रसाद दाहालले डा. इन्दुल केसी र सावित्री केसी राणा नदीका दुई किनाराका रूपमा प्रस्तुत गर्नुभएको छ ।

टीका ढुङ्गेल ‘रटन’ डा. इन्दुल केसीले जति पनि साहित्यिक समाजमा उच्च स्थानमा बढ्नुभएको थियो । यी सबै कार्यका निम्ति केसीको ठूलो योगदान रहेको थियो ।

‘आफ्नो जिन्दगानीलाई इन्दुलजीको अनन्य र आत्मीय बनेर साथ दिने मातृशक्ति सावित्री राणा केसी हुन् ।’ – पदम दाहाल ।

आफ्नो सिँगारपटार गरेर समाजको घर छोडेर गइन् । – प्रजापति तिमिल्सिना ।

हरि मञ्जुश्री लेख्नुहुन्छ – ‘सरल महिला, सोझी महिला, गृहिणी महिला सावित्री राणा केसी’ । उहाँ भन्नुहुन्छ श्रीमान्लाई राष्ट्रिय प्रतिभाका रूपमा सुपरिचित गराउन ठूलो त्याग गर्ने जगदम्बिका हुन् सावित्री राणा केसी ।

‘सावित्री स्मृति’ पुस्तक सावित्री राणा केसीको जीवनी स्मरण सँगालोका रूपमा प्रकाशित एक विशिष्ट पुस्तक रहेको छ । २००३

साल मङ्सिर ३० मा जन्म भई २०८० असोज २१ गते स्वर्गारोहण हुनुभएका सावित्री राणा केसीको सप्रेम परिवारजनले यस पुस्तक प्रकाशन गर्नुभएको हो । सावित्री राणा केसीको हसिलो मुस्कानसहितको फूलमाला लगाएको तस्बीर रहेको आवरणले पुस्तकको मूल ध्येय र उनको स्मृति झल्किन्छ । यस पुस्तकको सम्पादन उहाँको श्रीमान स्वयम् डा. इन्दुल केसीले गर्नुभएको छ भने शब्दयात्रा प्रकाशनमार्फत मिति २०८० चैत्र मासमा सावित्री राणा केसीको षाण्मासिक पुण्यतिथिमा यो पुस्तक प्रकाशित गरिएको छ ।

चौंसट्ठी पृष्ठको यो पुस्तकमा सम्पादकबाट अत्यन्त कुशल ढङ्गले सावित्री राणा केसीको जीवनी, जीवनशैली, स्वभाव, विभिन्न व्यक्ति एवं संस्थाले गरेको उहाँको सम्झना, उहाँको निधनपश्चात् उहाँसँग सम्बन्धित लेखरचनाहरू, समाचारहरू, शोकसन्देशहरू र विविध तस्बीरहरू समेटेर सावित्री राणा केसी जीवनवृत्तलाई यस पुस्तकबाट प्रकाश पार्न खोजिएको छ ।

यस स्मृतिपुष्पमार्फत उहाँ कुशल गृहिणी हुनुका साथै आध्यात्मिक, सांस्कृतिक र सामाजिक क्षेत्रमा समेत विनाप्रचारप्रसार काम गर्ने व्यक्तित्व रहेको थाहा हुन आउँछ । यति मात्र नभई साहित्यिक विधामा समेत आफ्नो श्रीमान् डा. इन्दुल केसीलाई उच्च स्थानमा पुऱ्याउन ठूलो योगदान गर्नुभएको जानकारी यस पुस्तकबाट हुन्छ ।

अत्यन्त सरल, सुशील, गृहिणी सावित्री राणा केसीले श्रीमान्लाई राष्ट्रिय प्रतिभाका रूपमा सुपरिचित गराउन अनन्य र आत्मीय बनी आफ्नो पूरा जिन्दगी त्याग गर्ने मातृशक्तिका रूपमा चिताएको छ ।

घरमा आएका पाहुनालाई अतिथि सत्कारमा कहिल्यै कमी नगर्ने घरलाई मन्दिरका रूपमा सिँगार्ने देवीका रूपमा सावित्री रहेकी देखिन्छ । गृहप्रबन्धकका रूपमा रहनुभएका सावित्रीकै उपज आदि दैविक आदि भौतिक र आध्यात्मिक क्षेत्रमा स्थितिगत्यात्मकता साथ

बहुप्रतिभाशाली व्यक्तित्व डा. इन्दुल केसी स्थापित हुनुभएको स्पष्टता यस पुस्तकबाट दिइएको छ ।

सावित्रीलाई विषम स्वास्थ्य परिस्थितिबाट पटकपटक जोगाई दीर्घ आयु प्रदान गर्नु र अन्तिम समयसम्म पनि उपचारमा आफ्नो क्षमताले भ्याएसम्म खटिनुभएको परिवारजनको अहम् धैर्य प्रस्तुत पुस्तकमार्फत प्रस्ट हुन्छ ।

परिवारबाट अथाह मायाको कदरस्वरूप विविध क्षेत्रमा विशिष्ट व्यक्तिहरूको मानसपटलमा सावित्री राणा केसीको स्वरूप अन्तिम संस्कार र क्रियापुत्री बसेका बेला श्रद्धाञ्जली एवम् समवेदना प्रकट गर्ने व्यक्ति सङ्घसंस्थाप्रति सम्मानस्वरूप सबैको नामावलीसहित प्रस्तुत गर्न सक्नु यस पुस्तकको विशिष्टताका रूपमा लिन सकिन्छ ।

यस स्मृतिपुष्पभित्र डुब्दै गर्दा शान्त, सुशील सावित्री राणा केसी त्यसताका नै एस. एल. सी. तह उत्तीर्ण व्यक्तित्व, आर्थिक एवम् शैक्षिक रूपमा सम्पन्न परिवारबाट आएको व्यक्तिको आफ्नो व्यक्तिगत चाहना, इच्छा, आकाङ्क्षा, लक्ष्य, उद्देश्य यस पुस्तकमा थपिएको भए अझ यस पुस्तक रोचक हुन्थ्यो ।

●



# सावित्रीमा समर्पित डा. इन्दुल केसी

**– चेतनाथ कणेल 'हरित'**

(गुल्मी : नेपाल स्रष्टा समाजका उपाध्यक्ष)

● आफ्नी धर्मपत्नीको असामयिक निधनबाट शोकमा डुबेका पतिबाट सिर्जना गरिएको पहिलो काव्यात्मक कृति पढेको मैले कविवर (राष्ट्रकवि) माधव घिमिरेको हो । 'गौरी' खण्डकाव्य नेपाली साहित्यकै एक उदाहरणीय र अजर-अमर कृति बन्न पुगेको छ । धेरै वर्षअघि नै पढेको हुँ त्यो किताब । त्यसपछि भने आफ्नी दिवङ्गत अर्धाङ्गिनीमाथि अर्धाङ्ग पतिबाट लेखिएको सग्लो कृति कहिल्यै पढेको थिइनँ । विभिन्न व्यक्तिबाट रचित फाटफुट रचना भने विभिन्न समयमा विभिन्न पत्रपत्रिका तथा अनलाइनमा पढिएकै हो । यसै क्रममा मेरो हातमा एउटा नयाँ शोककृति अर्थात् स्मृतिकृति आइपुग्यो ।

गत २०८१ असार २२ गते शनिबार नेपाल स्रष्टा समाजको आयोजनामा नेपाल प्रज्ञाप्रतिष्ठानको पारिजात कक्षमा 'महानारी योगमाया' दिवसको उपलक्ष्यमा एक विशेष साहित्यिक कार्यक्रम आयोजना गरिएको थियो । म समाजको उपाध्यक्ष भएका कारण संस्थागत खबरका अतिरिक्त केही विशिष्ट र पुराना अग्रज सदस्यहरूलाई दोहोऱ्याई-तेहेऱ्याई 'ईखबर' अर्थात् सामाजिक सञ्जालीकृत खबर गर्ने आफ्नो चलन अनुसार डा. इन्दुल केसीलाई पनि पुनरावृत्त निमन्त्रणा गर्दै 'जसरी भए पनि आउनुहोला डा. साब' भनेका थिएँ । अहिले नेपाल स्रष्टा समाजमा करिब ३०० सदस्य छन् । डा. केसी समाजको सदस्य क्रमसङ्ख्या ६ भित्रै पर्ने व्यक्तित्व हो । उहाँ स्थापना समय अर्थात् २०६४ पुस महिनामा नै आबद्ध हुनुभएको हो । नेपाल स्रष्टा समाजका तर्फबाट आख्यानकार परशु प्रधानको अनुरोध अनुसार नेपाल स्रष्टा समाजको विधानमने मस्यौदा

उहाँले नै गर्नुभएको थियो । उहाँ हाल आजीवन विशिष्ट सदस्य हुनुहुन्छ । संस्था स्थापना गर्दाका सुरुका डेढ दर्जनभित्रका व्यक्तिमा आफू पनि पर्ने भएकाले मलाई पनि यो संस्थाप्रति अगाध माया छ, प्रेम छ, गौरव र गर्व छ । वास्तवमा डा. इन्दुलसँग म नजिकिएको पनि त्यही बेलादेखि हो । त्योभन्दा अगाडि म उहाँसँग परिचित थिइनँ । समय जान के बेर, अब त १७ वर्ष नै पो पुगिसकेछ त !

सन्दर्भ निम्तो र भेटकै । मैले निमन्त्रणा गरिरहँदा उहाँले पनि बारम्बार 'म अवश्य आउनेछु, भेट्नुपर्छ' भनेर खबर गरिरहनुभएको थियो । समाजका हरेक कार्यक्रम आउन खोज्ने र कार्यक्रममा दिलचस्पीका साथ सहभागी हुने उहाँको बानीको प्रशंसा गर्नैपर्छ । उहाँलाई नेपाल स्रष्टा समाजको असाध्यै माया छ । म र उहाँ नजिकिएको पनि झन्डै सत्र वर्ष पो पुगेछ ।

● म यस छोटो आलेखमा पारिजात कक्षमा सम्पन्न नेपाल स्रष्टा समाजको कार्यक्रमबारेको भूमिका र विस्तृति बाँध्न गइरहेको छैन । केवल एक सन्दर्भले हामी त्यो दिन त्यही पारिजात कक्षमा भेट भई केही व्यक्तिगत भलाकुसारीका साथ डा. साबबाट मेरो हातमा परेको नयाँ कृतिका बारेमा दुई-चार मनका कुरा अभिव्यक्त गर्न गइरहेको छु । उक्त कृतिको शीर्षक छ 'सावित्री स्मृति' (सावित्री राणा केसी स्मृतिपुष्प) । शीर्षकले नै धेरै कुरा भनेको छ । यस युगको नयाँ 'गौरी' पुस्तक भनूँ यसलाई । एक श्रीमान्ले एक श्रीमतीको आकस्मिक निधनमा पोखेका आँसुका कुला र नहरहरू रहेछन् यसमा, अझ संवेदनशील भएर भनूँ, पीडा र क्रन्दनका खोला, नदी र समुद्रहरू नै रहेछन् यसमा । अश्रु पीडैपीडाको नुनिलो सात समुद्र लाग्यो मलाई । मायाको खानीको पूर्ण कहानी समेटिएको अद्भुत समर्पणको अब्बल उदाहरण लाग्यो मलाई ।

पुस्तक सानो छ । आवरणसहित ७८ पृष्ठ । हुन पनि यो पुस्तक आँसुका भेल बटुल्दै र समेट्दै तयार भएको पुस्तक हो । वेदनाको ताजा घाउमा मलम लगाउँदै-सघाउँदै स्मृतिका पानाहरूमा अलिकति विश्राम लिएको भान पर्ने एक अमर र दृष्टान्तमय कृति हो । डा. केसीकी धर्मपत्नी सावित्री राणा केसी २००३ सालमा

जन्मिनुभएको थियो । उहाँ २०८० असोज २१ गते करिब ७७ वर्षको उमेरमा अचानक यस संसारलाई छाडेर जानुभयो । श्रीमान् डा. केसी, छोरा उज्वल तथा छोरीहरू रजनी र सजनी तथा बुहारी, ज्वाइँहरू तथा नाति-नातिनाहरूलाई बेस्सरी रुवाएर जानुभयो । सबैभन्दा बढी सायद अर्धाङ्ग डा. केसी नै रुनुभयो । त्यसैले त सावित्री म्याडमको मृत्यु भएको ६ महिनाभित्रै 'सावित्री स्मृति' निकाल्नमा काजकिरियाको बाह्रौं दिनको चोखिने दिनबाटै लागिपर्नुभयो डा. इन्दुल । पुस्तक पढ्ने जोकोहीले यो कुरा सहजै महसुस गर्न सक्छ ।

● 'सावित्री स्मृति' पुस्तक पढ्दा जोकोही भावुक बन्छ । अझ जसले आफ्नो अर्धाङ्गिनी गुमाएको छ, उसको हातमा यो पुस्तक पर्दा उक्त व्यक्ति कतिसम्म पीडामा पर्ला अर्थात् उसले कति पीडाको अनुभव गर्ला, त्यो भने मैले यति बेला अनुभूत गर्न पनि नसक्ने कुरा हो । पुस्तक सानो भए पनि गर्विलो छ, पठनयोग्य छ, संवेदनाको भाव बुझ्न काफी छ र सङ्ग्रहणीय पनि छ । यसमा डा. केसीले मात्र सहकार्य र सहयात्राको अनुभव लेख्नुभएको छैन, अरू तमाम स्रष्टा, हितैषी तथा मित्रहरूले पनि सावित्री म्याडमप्रति श्रद्धाञ्जलीका शब्दपुष्प चढाएका छन् । यसरी भावपूर्ण र भावनापूर्ण शब्दार्पण गर्नेहरूमा प्रा. डा. कृष्णप्रसाद दाहाल, जीवनाथ अधिकारी, टीका ढुङ्गेल 'रटन', नवीना श्रेष्ठ, पदम दाहाल, प्रजापति तिमिल्सिना, रजनी केसी मानन्धर र हरि मञ्जुश्री हुनुहुन्छ । साथै यस पुस्तकमा करिब पाँच दर्जन व्यक्ति तथा संस्थाहरूले अर्पण गरेका समवेदना तथा हार्दिक श्रद्धाञ्जलीका शब्दपुष्पहरू पनि समेटिएको छ ।

पुस्तकको अर्को बलियो पक्ष भनेको यसमा समेटिएका विविध अभिलेख तथा सूचनामूलक सामग्रीहरूको सङ्ग्रह हो । यस खालको पुस्तक मैले पहिले कतै देखेको थिइनँ । तर स्मृतिपुस्तक नै निकाल्ने हो भने जोकोहीले ती पक्ष समेट्नु राम्रै हुने रहेछ भन्ने कुरा मलाई यति बेला लाग्यो । यसमा डा. इन्दुलले लेख्नुभएको र सङ्गीतकार सत्यनारायण मानन्धर (छोरीज्वाइँ) ले सङ्गीत गर्नुभएको सगुन भजन पनि अग्रपृष्ठमा नै समेटिएको छ । भजनले गतिलो सन्देश दिएको छ

- समाजसेवा नै ठूलो धर्म हो जानौं, ... महामानव बुद्धको शान्तिमार्गमा लागौं ... । अहा कति राम्रो भाव र भावना !

● पुस्तकमा सम्पादकीय र प्रकाशकीय पनि आकर्षक र मन हर्ने खालका छन् । सम्पादकीयमा डा. इन्दुलले लेख्नुभएको छ - 'सावित्री सामान्य गृहिणी मात्र नभएर एक सामाजिक र धार्मिक व्यक्तित्व थिइन् तर उनले आफ्नो प्रचार कहिल्यै रुचाइनन् । काम गरिराख्ने प्रचार नगर्ने उनको स्वभाव थियो ।' यसै गरी प्रकाशकीय ( शब्दयात्रा प्रकाशन) मा हरि मञ्जुश्रीले भन्नुभएको छ – 'यस पुस्तकमा अक्षर-अक्षरमा डा. इन्दुल केसीभित्रका पीडाहरू पाउन सकिन्छ ।' पुस्तकका पाना पल्टाउँदै गएपछि म पनि शतप्रतिशत सहमत भएँ यी मञ्जुश्रीमय शब्दहरूसँग ।

पुस्तकमा आरम्भतिर नै सावित्री म्यामको जीवनवृत्त राखिएको छ । उहाँको निधनको समयको प्रत्येक घण्टा र घटना अभिलेख गर्न सक्नु पनि डा. इन्दुल केसीको अर्को उदाहरणीय मेहनत, लगाव र समर्पण हो । साथै मृत्युपश्चातका प्रकाशित खबरहरू र सम्बद्ध तस्बिरहरू पनि पुस्तकमा अभिलिखित गरिएकाले सम्बद्ध सबैका लागि यो पुस्तक एक सङ्ग्रहणीय कृति बनेको छ । दाहसंस्कारका लागि पशुपति आर्यघाटमा उपस्थित भई श्रद्धाञ्जली अर्पण गर्ने र बाह्र दिनसम्मको काजकिरियाका क्रममा कोटेश्वरमा हार्दिक श्रद्धाञ्जली, समवेदना प्रकट गर्न आउने सम्पूर्ण महानुभावहरूको नामसमेत पुस्तकको अन्तिम खण्डतिर उल्लेख गरिनुले पनि यो पुस्तक अति फरक खालको बनेको छ ।

मृत्यु भोग्नु नपर्ने र श्रीमान् तथा श्रीमतीमध्ये कुनै एकले मृत्युवरण गर्नुपर्दा बाँकी समय बाँच्नुपर्ने एकजनाले डा. इन्दुलले भोगेको पीडा खप्नुपर्ने सत्य पनि छर्लङ्ग भएकाले यस पुस्तकले हरेक घर र हरेक व्यक्तिलाई छुन पुग्दछ । मृत्युको सत्य भोग्नु नपर्ने कुनै घर नहुने हुनाले हरेक घरका लागि यो पुस्तक अति गहकिलो र मननीय खुराक दिने खालको छ । पुस्तक हात पार्ने व्यक्तिले कहिल्यै पनि 'कवाड' मा नफाल्ने पुस्तक हो यो । अझ आफ्नो नजिकका व्यक्तिलाई यो पुस्तक एकपटक पढ्नुस् है भनेर सांस्कृतिक

अभिलेखसहितको सिर्जनापुष्पका रूपमा सिफारिस हुने र गरिने पुस्तक पनि हो भन्ने मलाई लाग्यो ।

● पत्नीपीडामा सिर्जनशील काम गरेमा केही पीडा बिर्सन सकिन्छ भन्ने शाश्वत सत्य उजागर गर्ने दह्रिलो र भरिलो कृति हो यो पुस्तक । हालै आफ्ना पत्नी गुमाएका र पीडामा छट्पटिएका मेरा केही आफन्त तथा मित्रका अनुहारहरू मेरै अगाडि आई पसारिएका छन् यति बेला । यसका लागि डा. साबबाट कम्तीमा तीन-चार प्रति किताब पाउन पाए म उहाँहरूका हातमा पारिदिएर पीडामा अलिकति मलम लगाउन चाहन्थेँ, 'स्व. धर्मपत्नीका नाममा केही गर्ने कि ?' भनेर सन्देश पनि सुटुक्क र अप्रत्यक्ष रूपमा पुऱ्याउन चाहन्थेँ । ती चाहनाका कुरा अब गरिहाल्नेछु मेरा हितैषी डा. साबसँग ।

● निष्कर्षमा, सावित्री म्याडम हाम्रो समाजकी एक आदर्श गृहलक्ष्मी, गृहव्यवस्थापक, धार्मिक प्रवृत्तिले ओतप्रोत र सामाजिक भावनाले अभिभूत व्यक्ति । अरू केही वर्ष बाँच्नुपर्थ्यो म्याडम । तर समयको नियतिले हरेकका चाहना कहाँ पूरा गर्न दिन्छ र ! डा. इन्दुलजस्तो समर्पित र प्रतिबद्ध पतिलाई एक छोरा, बुहारी, दुई छोरी, ज्वाइँहरू र प्रिय नातिनातिना र तमाम आफ्ना तथा मित्रहरूलाई जिम्मा लगाएर सावित्री म्याडम वैकुण्ठवासमा जानुभयो । सोही महाप्रस्थानको ६ महिना पनि बित्न नपाउदै डा. इन्दुलले सारा कुरा बिर्सेर यो स्मृति कृति निकालेर धन्य र उदाहरणीय काम गर्नुभएको छ । डा. साब लगायत सपरिवारमा हामी पुनः समवेदना प्रकट गर्दछौँ । सावित्री म्याडममा असीम श्रद्धाभाव प्रकट गर्दछौँ । आफ्नो गाँस कटाएर पुस्तक निकाल्ने जस्तो महापुण्यमयी कालजयी कर्म र धर्ममा लाग्न सबैमा प्रेरणा जागोस् भनी शुभेच्छा पनि प्रकट गर्नु यस सन्दर्भमा उपयुक्त नै ठहर्ला ।

●



# सावित्री स्मृति : एक परिचय

**– जयनारायण नेपाल**
(इलाम : लेखक तथा पूर्वप्रशासक,
शब्दयात्रा प्रकाशनका आजीवन सदस्य)

## १. पृष्ठभूमि :

बहुप्रतिभाका धनी अग्रज मित्र डा. इन्दुल केसीसँग जागिरे जीवनकालमा धेरै अघिदेखि रहेको पुरानो मित्रता अहिले पनि जीवन्त छ । उहाँ पहिल्यैदेखि हक्की बानी, मिजासिलो व्यवहार, मेहनती र ठट्यौलो स्वभावका हुनुहुन्छ ।

उमेरमा चार कोरी चार वर्ष भए पनि अहिलेसम्म युवा जोशका साथ ऊर्जावान् भएर सक्रिय रूपमा लेखन र सामाजिक सेवामा लागिपर्नुभएको छ ।

उहाँले आफ्नो प्राज्ञिक मर्यादा कायम राख्दै धेरै पुस्तकहरू प्रकाशन गर्नुभएको छ । साहित्य क्षेत्रमा पनि उहाँ निपूण सर्जक हुनुहुन्छ । उहाँले गीत र भजन लेखेर आफैँले गाउनुभएको छ ।

उहाँका धेरै लेखरचना र कृतिहरू छन् । अहिले म उहाँ आफैँले श्रीमतीको स्वर्गारोहणपछि सम्पादन गरी शब्दयात्रा प्रकाशनले प्रकाशित गरेको ‘सावित्री स्मृति (सावित्री राणा केसी स्मृतिपुष्प)’ का बारेमा सङ्क्षिप्त चर्चा गर्न चाहन्छु ।

## २. सावित्री केसी परिचय :

सावित्री राणा केसीको जन्म वि. सं. ३०-८-२००३ र स्वर्गारोहण २१-६-२०८० सालमा भएको हो । उहाँका बुबाको नाम ब्रिगेडियर जनरल लक्ष्मी शमशेर जङ्गबहादुर राणा र आमाको विष्णुकुमारी राणा हो । २४ असार २०२४ मा इन्दुल केसीसँग भएको थियो । उहाँले अध्ययन एस. एल. सी. उत्तीर्ण गर्नुभएको थियो ।

उहाँहरूका पारिवारिक सदस्य उज्वल र सृजना छोरा र बुहारी, नाति श्रीजल, रजनी र सत्यनारायण मानन्धर जेठी छोरी र ज्वाइँ, नातिनी खेलु मुस्कान, कान्छी छोरी ज्वाइँ सजनी र टेकबहादुर कार्की, नातिहरू अनिमेशबाबु, अनिकेतबाबु हुनुहुन्छ ।

## ३. सावित्री स्मृति एक परिचय :

डा. केसीका शब्दमा सावित्री राणा केसी एक कुशल गृहिणीका साथै सामाजिक, सांस्कृतिक र धार्मिक अभियन्ता हुनुहुन्थ्यो ।

यस स्मृतिग्रन्थमा विभिन्न विद्वत् मित्रहरूले सावित्री राणा केसीको जीवनी, स्वास्थ्य समस्या, दैनिकी, उहाँको स्मरणमा डा इन्दुल केसीको श्रीमती सावित्रीको सम्झनामा मार्मिक लेखसमेत ११ वटा विभिन्न स्मृतिमा लेखरचनाहरू समावेश गरिएको छ ।

सावित्री राणा केसीको मृत्युपश्चात् दाहसंस्कारमा सहभागी हुने, किरियापुत्री भवनमा समवेदना दिने, विभिन्न सञ्चारमाध्यममा प्रकाशित समवेदना, खबर, समवेदनापत्र समेतको पूर्ण विवरण समावेश गरिएको छ ।

त्यसै गरी डा. दम्पतीका तीर्थयात्राका तस्बिरहरू, तीर्थे भोजका लागि गरिएको निमन्त्रणापत्र, सावित्री राणा केसीले प्राप्त गर्नुभएका सम्मानपत्रहरू समावेश गरिएको छ ।

डा इन्दुल केसी र सावित्री राणाको दाम्पत्य जीवन कहानी मार्मिक र हामी सबैका लागि प्रेरणादायक छ । अप्ठ्यारो पर्दा साथीभाइले गरेको सहयोग प्रशंसनीय छ । साथै यस ग्रन्थका प्रकाशक हरि मञ्जुश्रीका शब्दमा “यस पुस्तकका अक्षर-अक्षरमा केसीभित्रका पीडाहरू पाउन सकिन्छ ।” वास्तवमा श्रीमान्का लागि श्रीमतीको मृत्यु हुनु, यहाँभन्दा अर्को ठूलो दुःख के हुन सक्छ र ?

## ५. निष्कर्ष :

म लामो समयसम्म भक्तपुरमा डेरा गरेर बसे पनि कार्यव्यस्तताका कारणले भनौं अग्रज मित्र इन्दुल केसीसँग उति बेला

हाम्रो पारिवारिक सम्बन्ध हुन नसक्नु मेरा लागि पश्चात्तापको विषय बनेको छ ।

अहिले हाम्रो साहित्यिक लगायत विभिन्न कार्यक्रमको सिलसिला बाक्लैजसो भेटघाट हुन्छ । हामी दुवै शब्दयात्रा प्रकाशनमा जोडिएका छौँ । उहाँ अहिले शब्दसाधना गरेर आफ्नो जीवनलाई सफलीभूत बनाउन निरन्तर रूपमा प्राज्ञिक, सामाजिक र साहित्यिक क्षेत्रमा आफ्नो पीडालाई लुकाएर युवा जोशका साथ सेवाभावले राष्ट्रसेवामा सक्रियतापूर्वक समर्पित हुनुहुन्छ । आफूले गर्न चाहेको काम भोक र तिर्खा नभनी गरी सिध्याउने उहाँको मुख्य विशेषता हो । उहाँको यो अदम्य साहसबाट हामी सबैले सिक्न सक्नुपर्छ ।

दाम्पत्य जीवनको कुरा गर्ने हो भने यो आदर्श जोडीबाट सुखमा नहौसनु, दुःखमा नहतासिनु जस्ता धेरै कुरा सिक्न सकिन्छ ।

डा. इन्दुल केसी र सावित्री राणा केसीको अनुकरणीय दाम्पत्य जीवनको यस ग्रन्थले युगयुग सम्झना गराउने अपेक्षाका साथ अग्रज मित्र डा. इन्दुल केसीको भावी जीवन सक्रियताका साथ सुखमय बितोस् भन्दै उहाँलाई आरोग्यता तथा दीर्घ जीवनको हार्दिक शुभकामना ! दिवङ्गत भाउजू सावित्री राणा केसीप्रति हार्दिक श्रद्धासुमन ।

●



# श्रद्धाका दुई थुँगा फूल

**– जीवनाथ अधिकारी**
(भोजपुर : अनुशीलन नेपालका अध्यक्ष)

मान्छे चेतनको समष्टि जग हो हो सृष्टिको आँगन
टेकी पाउ उदाउँदो छ धरती सौन्दर्यको छादन
आत्मा हो अमरत्व साथ नभमा प्राकट्य जो गर्दछ
फूलैफूल समाधि लिन्छ सहसा सौगन्धले भर्दछ

जन्म लिने सबैले एक दिन धरतीबाट सदाका लागि बिदा लिनु प्रकृतिको विधान हो । जन्मेर सामर्थ्य अनुसार मानिसले आफूलाई कीर्तिमय बनाउने यत्न गर्दछ । भौतिक जीवनलाई जति समय उपयोग गर्न सकिन्छ, सार्थक ढङ्गले बाँच्न सके जीवनले पूर्णता पाएको मान्न सकिन्छ । जसरी बाँचे पनि अन्तमा उही अगम्य मार्गतर्फ प्रस्थान नगरी धरै पाइँदैन । यस विषम परिवेशमा कुनै आफन्तले पनि कसैलाई न साथ दिन सक्छ, न सम्भावना छ । सधैर्य परिस्थितिको सामना गर्नुको अर्को विकल्प मानिसले पाएको छैन ।

आदरणीय साहित्यकार, प्राकृतिक योगचिकित्सक, शैक्षिक अभियन्ता, सदैव सबैसित प्रिय मित्रका रूपमा प्रस्तुत हुने डा. इन्दुल केसीले यस्तै विडम्बना सहनुपर्‍यो २०८० असोज २१ गते प्यारी धर्मपत्नी सावित्री केसीलाई यस धरतीबाट गुमाएर । सावित्रीले छोडेर जानुभयो इन्दुललाई, आँखाका नानीमा प्रिय पतिको छाया लुकाएर ।

मान्छेले जस्तोसुकै पीडालाई पनि सधैर्य सहन गर्नैपर्ने विवशता छँदैछ । आफन्त, इष्टमित्र, साथीसँगी, छरछिमेकी सबैको अनुभूतिलाई आत्मसात गर्दै इन्दुलले पनि असहजतालाई सहजतामा बदल्नुभएको छ । यस वियोगपूर्ण घडीलाई सुदृढ मनोबलले आच्छादन गर्दै अघि बढिरहेका उहाँले श्रीमतीको स्मृतिमा 'सावित्री स्मृति' पुस्तक तयार पारेर वन्दनीय कार्य गरी श्रीमतीलाई पनि अमर बनाउनुभएको छ । उहाँको यो पुस्तक पत्नीपीडामा पर्ने सबैका लागि अनुकरणीय बनेको छ ।



# ठूलो योगदान

– **टीका ढुङ्गेल 'रटन'**
(लेखक, डेभलपमेन्ट एरिया
पी. ओ. गान्तोक, सिक्किम)

वरिष्ठ साहित्यकार डा. इन्दुल केसीकी धर्मपत्नी सावित्री राणा केसीको विक्रम सम्वत् २०८० आश्विन २१ गते काठमाडौँमा ७६ वर्षको उमेरमा निधन भएको दुःखद खबरले म मेरो परिवारसहित दुःखित भएको छु। सावित्री राणा केसी विक्रम सम्वत् २००३ सालमा जन्मनुभएको हो । उहाँको आत्माले वैकुण्ठमा बास पाओस् भनेर ईश्वरसँग प्रार्थना गर्दछु । डा. इन्दुल केसी तथा सम्पूर्ण परिवारमा गहिरो शोक व्यक्त गर्दछु। सावित्री राणा केसीमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेँ ।

डा. इन्दुल केसीको घरमा गएको समयमा उहाँसग भेट भएको थियो । उहाँले खाना बनाएर खुवाएको झलझली याद आइरहेको छ । त्रिफला अन्तर्राष्ट्रिय पुस्तकालयका अध्यक्ष प्रेमप्रकाश फलाहारी, उपाध्यक्ष रामप्रसाद दाहाल र म गएका थियौँ । त्यस समयमा उहासँग राम्रो परिचय भएको थियो । आज डा. इन्दुल केसीले जति पनि साहित्यिक समाजमा उच्च स्थानमा आफ्ना लोकप्रिय कृतिहरूको र सामाजिक कार्यकर्ता भएर अघि बढ्नुभएको थियो, यी सबै कार्यका निम्ति सावित्री केसीको ठूलो योगदान रहेको थियो ।

पत्नीको सम्झना गर्नुहुँदै केही समवेदनापत्र तथा उहाँप्रति साहित्यकारहरूबाट प्राप्त भएका पत्रहरूलाई एकमुस्ट पारी डा. इन्दुल केसीले शोकपुस्तिका प्रकाशित प्रकाशित गर्नुभएको छ । डा. इन्दुल केसीजस्ता जुझारु साहित्यकारले गर्ने काम यस्तै हो । उहाँले बाटो देखाउनुभएको छ । शोकलाई रचनात्मक कार्यमा लगाउने यस्तो काममा सबैजना लाग्नुपर्छ भन्ने म ठान्दछु ।

●



# ‘सावित्री स्मृति’ पुस्तक पढेपछि

**– टीकाराम अर्याल**

(हाल काठमाडौं : पूर्वप्रशासक तथा लेखक)

● डा. इन्दुल केसीद्वारा सम्पादित तथा शब्दयात्रा प्रकाशन अक्षरधाम, शब्दसाधक तीर्थ, बनेपा - ६ काभ्रेबाट २०८० चैत्रमा प्रकाशित ६४ पृष्ठको स्तरीय ग्लोडिङ पेपरमा छापिएको आकर्षक साजसज्जा र मुख्यपृष्ठमा समाजसेवी सावित्री राणा केसीको आर्कषक रङ्गीन तस्बीर र मुख्य पृष्ठको अन्तिम पृष्ठमा डा. इन्दुल केसी झा र श्रीमती सावित्री केसी (राणा) को चतुर्भुज झादेखि श्रीजल केसीसम्म ९ पुस्ताको वंशावली तालिकासमेत छापिएको सुन्दर र स्तरीय छपाइ र उत्कृष्ट सम्पादनको ‘सावित्री स्मृति’ (सावित्री राणा केसी स्मृतिपुष्प) अध्ययन गर्ने मौका पाएँ ।

यो स्मृतिपुष्प जन्मिनुका पछाडि केही वस्तुगत तथ्यहरू छन् । जसको सम्झनामा यो स्मृतिपुष्प पुस्तक प्रकाशित भयो, यसको केन्द्रविन्दु सामाजिक अभियन्ता, शिष्ट र मृदुभाषी, शालीन, धार्मिक सामाजिक दायित्व सावित्री राणा केसी २००३ साल मङ्सिर ३० मा पिता बिग्रेडियर जनरल लक्ष्मी शमशेर राणा र माता विष्णुकुमारी राणाको कोखबाट जन्मिनुभई आवश्यक शिक्षा हासिल गरी २०२४ सालमा साहित्यकार, प्राकृतिक योगचिकित्सक, शैक्षिक अभियन्ता, धार्मिक भजनगायक डा. इन्दुल केसीसँग धार्मिक विधिपूर्वक वैवाहिक जीवन शुरु गरेर एक-अर्काका गृहस्थी सामाजिक कार्यकर्ताको भूमिका निर्वाह गर्दै सुखमय दाम्पत्य जीवनका ५६ वर्ष र यस मानव चोलाका ७७ वसन्त व्यतीत गरेर २०८० असोज २१ गते यस मानव चोलालाई बिसाएर आत्मा र परमात्माको मिलनमा सुदूर क्षितिजको यात्रा वैकुण्ठधाम भगवद्धाममा प्रस्थान गर्नुभयो ।

● डा. इन्दुल केसीले सावित्री राणा केसीलाई यस जीवनमा सदा-सदाका लागि बिछोड भएर बस्नुपरे तापनि आफूले सम्पादन गरेको स्मृतिपुष्पका माध्यमबाट उहाँलाई अमर बनाइदिनुभएको छ ।

मानिस जन्मिन्छ, बुढो हुन्छ, कुप्रो हुन्छ । जन्मिनु र मर्नु नियतिका क्रियाकलाप हुन् । जन्मिनु र मर्नु शाश्वत सत्य हो । तर कहिल्यै नमर्ने तथ्य हो । उसको जीवनका असल कार्यहरूलाई समाजले पुस्तौँपुस्तासम्म याद गरिरहन्छ । त्यो हो उसको कीर्ति समाजमा राम्रो छाप छोडेर गएपछि मान्छे मरेर गए पनि उसले गरेका राम्रा कामहरू कहिल्यै मर्दैनन् । कीर्तिर्यस्य स जीवति । जसको कीर्ति छ, ऊ सधैँ जीवित रहन्छ । यस मानेमा सावित्री राणा अमर हुनुहुन्छ र उहाँलाई समाजमा जीवन्त राख्ने भूमिका निर्वाह गर्नुहुने डा. इन्दुल केसी पनि यथार्थ पात्र हुनुहुन्छ ।

यस स्मृतिपुष्पका माध्यमबाट सावित्री राणाको कीर्ति जीवन्त रहेको छ । उहाँको देहावसानपछि घाटमा गएर श्रद्धाञ्जली दिनुहुने व्यक्ति, सामाजिक संस्था र प्रतिनिधिको लामै फेहरिस्त यसभित्र रहेको छ । समाजमा हरेक क्षेत्र, वर्ग, तप्काका व्यक्तिहरूले श्रद्धाञ्जली, शोकसन्देश, समवेदना प्रकट गरेका छन् । यस स्मृतिपुष्पमा समावेश भएका श्रद्धाञ्जलीका भावहरू, शोकसन्देश, समवेदना सन्देश दिने व्यक्तिहरूको लामै सूची यस कृतिमा रहेको आकलन गर्न सकिन्छ ।

सावित्री राणा केसी समाजमा कसरी भिज्नुभएको रहेछ, यस कार्यलाई समाजमा चिनाउन पुस्तक सम्पादन गरेर ठूलै पुण्य आर्जन गर्नुभएको छ डा. इन्दुल केसीले । यसले समाजमा नयाँ आयाम थपेको छ । यस्ता कृतिहरूले भावी पुस्ताहरूलाई मार्गदर्शन गर्न मद्दत गर्नेछ ।

●



# फूलको श्रद्धाञ्जली

**– नवीना श्रेष्ठ**

(ललितपुर : लेखिका,
शब्दयात्रा प्रकाशनका आजीवन सदस्य)

डा. इन्दुल केसी बहुआयामिक व्यक्तित्वका धनी व्यक्तिसँग सुपरिचित हुने सुअवसर शब्दयात्रा प्रकाशन बनेपा र साहित्यकार श्री पशुपतिमान पःमाज्यूमार्फत श्री स्वस्थानी व्रतकथा पुस्तक प्रकाशित गर्ने क्रममा भएको हो । यसै क्रममा डा. इन्दुल केसीकी श्रीमती सावित्री केसी अस्वस्थ्य हुनुभई स्वास्थ्यलाभको क्रममा भक्तपुरस्थित सिद्धिस्मृति भवनमा सुस्वास्थ्यको कामना गर्न गएकी थिएँ । साँझ-साँझपख एकै क्षण सावित्री केसी दिदी र उहाँकी सुपुत्रीसँग पनि भेटघाट गर्न सुअवसर प्राप्त भएको स्मरण हुन्छ । डा. इन्दुल केसीजस्तै उहाँका पारिवारिक सदस्यहरू पनि सहृदयी र मिलनसार पाएँ । दोस्रोपटक सावित्री दिदीलाई भेट्ने सौभाग्य श्री स्वस्थानी व्रतकथा लेखनकै क्रममा छलफल गर्न भक्तपुरमा भएको समयमा म र भाइ हरि मञ्जुश्री डा. इन्दुल केसीको भक्तपुरको ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेको ब्रह्मपुर चोकको बासस्थानमा मिलेको थियो । दिदीसँग रमाइलो भलाकुसारी गर्दै मीठो खाना खायौँ । घरका मतान, चोटा र बुइँगल हुँदै कौसीसम्म पुगेर घरको दैनिक आवश्यकतादेखि सांस्कृतिक सम्पदाका सरसामानहरूको व्यवस्थापन आकर्षक ढङ्गले कुशलतापूर्वक व्यवस्थापन गरिएको देख्यौँ । फेरि सशरीर भेट्ने अवसर भने पाएनौँ । तर बेलाबखत फोन र भाइबरमा कुराकानी त हुन्थ्यो ।

२०८० असोज २२ गते सोमबार दैनिक प्रभातीय नित्यकर्म पूजापाठ सकेर केही समाचार पाउन 'फेसबुक' खोलेँ । अचानक आँखा हरि मञ्जुश्रीको पोस्टमा पर्‍यो – 'डा. इन्दुल केसीलाई पत्नीशोक' । अहो ! कस्तो दुःखद समाचार ।

केही समयपश्चात् डा. इन्दुल केसीसँग फोन सम्पर्क गरेँ । दुःखमनाउ गरेँ मृत्यु एक तीतो सत्य सबले सामना गर्नुपर्ने । मर्नु ठाउँ फेर्नु मात्र हो । यो लामो निद्रा सुत्नुजस्तो मात्र भन्छन् । कतै फेरि देहान्तरणको यात्रा सुरु हुन्छ भन्छन् । तर पनि वियोगको पीडा त हुँदै हो । २०८० असोजमा हामी पनि त्यस दुःखद क्षणको साक्षी बनेर सावित्री दिदीको सतगतको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्न कोटेश्वर महादेवको परिसरमा रहेको क्रियापुत्री भवनमा उपस्थित भयौँ । डा. इन्दुल केसी तथा उहाँका परिवारजनको दुःखद घडीको साथी बन्यौँ । डा. इन्दुल केसीको श्रीमती गुमाउन तथा सन्ततिलाई माता गुमाउनुको गहिरो पीडा त छँदै थियो, तापनि उहाँहरू आफूहरूलाई आगन्तुकहरूका सामु सहज स्वरूपमा प्रस्तुत भइरहनुभएको पाएँ । जति दुःखमनाउ गरे पनि मृत व्यक्ति तथा सद्गतको कामना र संस्कारादि कर्मले सिँगारिदिनु नै बुद्धिमत्ता ठहरिने पक्कै हो ।

डा. केसी र उहाँका परिवारले मृत्युलाई सहज रूपमा स्वीकार्न सक्नु नै ठूलो बुद्धिमान् भएको महसुस गरे मैले पनि लगेको पारिजातको फूलले श्रद्धाञ्जली अर्पण गरेर फर्कें ।

पछि उहाँले 'सावित्री स्मृति' नामको ६४ पृष्ठको पुस्तक सम्पादन गर्नुभयो । त्यसलाई शब्दयात्रा प्रकाशनले छापिदियो । त्यसमा उहाँले विभिन्न प्रकारका सामग्रीहरू सङ्कलन गर्नुभएको छ । ती सामग्रीहरू हेर्दा कुनै पनि व्यक्तिको निधनपछि परिवारजनले यसरी पनि पुस्तक छपाउन सक्दो रहेछ भनेर पाठकले थाहा पाउँछ र प्रेरणा लिन्छ । 'सावित्री राणा केसी स्मृतिपुष्प' भनिएको 'सावित्री स्मृति' का माध्यमबाट डा. इन्दुल केसीले आफ्नी श्रीमतीलाई पनि आफूसँगसँगै कालजयी बनाइदिनुभएको छ । अक्षरमा आइसकेपछि भौतिक शरीर नासिए पनि नाउँ नासिँदैन । त्यसैले सावित्री राणा केसी पनि अब अक्षरमा अमर बन्नुभएको छ । श्रीमतीलाई पनि अमर बनाउने डा. इन्दुल केसी प्रशंसाका पात्र हुनुहुन्छ ।

●



# 'सावित्री स्मृति' पुस्तक नियालेर हेर्दा

– निर्मला श्रेष्ठ
(काभ्रेपलान्चोक : लेखिका,
शब्दयात्रा प्रकाशनका आजीवन सदस्य)

डा. इन्दुल केसीद्वारा आफ्ना जीवनसँगिनी सावित्री राणा केसीको मिति २०८०-६-२१ गते भएको निधनपछि उहाँको सम्झनामा लेखिएको स्मृतिपुष्प 'सावित्री स्मृति' पुस्तक हो । यो पुस्तक शव्दयात्रा प्रकाशनबाट २०८० चैत्रमा २२६ औँ प्रकाशनपुष्पका रूपमा नीलकण्ठेश्वर धाम बनेपामा सार्वजनिक गरिएको पुस्तक हो, जसमा ६४ पृष्ठ छ भने सो पुस्तकमा सङ्कलित लेखहरू ५ खण्डमा विभाजित छ । ती खण्डलाई निम्नलिखित रूपमा विभाजन गरेर हेर्न सकिन्छ – १) सावित्री राणा केसीको सम्झनामा विभिन्न व्यक्तित्वहरूबाट प्रकट गरिएका भावहरूको लेखसँगालो, २) निधनका विषयमा प्रकाशित समाचारहरू, ३) विभिन्न व्यक्ति तथा सङ्घ-संस्थाहरूद्वारा प्रकट गरिएका समवेदना सन्देशहरू, ४) स्वयं उपस्थित भएर श्रद्धाञ्जली दिने व्यक्तित्वहरू, ५) सावित्री राणाका विभिन्न कालखण्डका तस्बिरावली ।

वि. सं. २००३ साल मङ्सिर ३० गते ललितपुर कुपन्डोलमा बिग्रेडिएर जनरल लक्ष्मी शमशेर जबरा तथा विष्णुकुमारी राणाको कोखबाट जन्म लिई एस. एल. सी. परीक्षा उत्तीर्ण गरी आफ्नो पढाइभन्दा पनि घरगृहस्थीलाई अब्बल रूपले सम्हाली असल गृहिणी सावित भएकी सावित्री केसी धार्मिक आस्था राख्नुका साथै सेवा नै परम धर्म सम्झिनुहुन्थ्यो । डा इन्दुल केसी र सावित्रीको २०२४ असार २४ गते मागी विवाह भई दुई ज्यान एक प्राण भएको, प्राणप्यारीबाट छोरा उज्वल केसी, २ छोरीहरू जेठी रजनी केसी अनि कान्छी छोरी सजनी केसी गरी ३ जना सन्तान उपहार पाएको

देखिन्छ । वैवाहिक बन्धनको ५६ वर्षपछि २०८०-६-२१ का दिन टिचिङ अस्पतालबाट भगवान्को शरणमा जानुभएकी सावित्री राणा केसीको स्मृतिमा उहाँको पति डा. इन्दुल केसीद्वारा आफ्नी अर्धाङ्गिनीको यो वियोगको क्षणको शोकलाई शक्तिमा बदलेर आफ्नो साहित्यिक कलाकौशलको साजसज्जाले सजाउँदै नरचोला भौतिक शरीरलाई खरानी बनाएर बगाए तापनि कहिल्यै नमर्ने साहित्यिक शिल्पले सजाएर जुन पुस्तकको रूप दिनुभयो, यो अजर र अमर बनेर सधैँ पाठकहरूको मनमा सजिएर रहनेछ । त्यस्तै उपहार हो यो 'सावित्री स्मृति' पुस्तक ।

यो पुस्तक आकारमा बिल्कुलै ठूलो छैन । एक बसाइमा पढी भ्याइन्छ । तर यो पुस्तक पढ्न थालेपछि अब के भयो होला ? अब के भयो होला ? भन्ने हुटहुटीमा नै यो पुस्तक सकिइसकेको हुन्छ । बाहिरी पेजमा सावित्रीको धपक्कै बलेको तस्बिर छ, जुन तस्बिर अहिल्यै बोल्नुहोला झैँ लाग्छ, बाहिरी कभर रङ्गीन पेजको दोस्रो पेजमा सङ्गीतकार ठूलो ज्वाइँ सत्यनारायण मानन्धर, गीत रचनाकार डा. इन्दुल केसी स्वयं दुईजनाद्वारा रचित सगुन भजन, सम्पादक, प्रकाशक तथा समर्पित व्यक्तित्वको तस्बीर, सम्पादकीय, जेठी छोरीका सपरिवारद्वारा व्यक्त श्रद्धाञ्जली, विषयसूची, कान्छी छोरीका सपरिवारद्वारा अर्पण गरिएको श्रद्धाञ्जली, प्रकाशकीय, सावित्री राणा केसीको जीवनवृत्त, मृत्युघोषणा प्रमाणपत्र, उहँको स्वास्थ्यमा आएको समस्या विवरण लगायत ८ जना शुभचिन्तकहरूद्वारा लेखिएका श्रद्धासुमनका भाव व्यक्त गरिएका लेखहरू रहेका छन् ।

त्यस्तै अर्को विषयवस्तुका रूपमा सावित्री राणा केसीमाथिका समवेदना सन्देशहरू ४८ वटा रहेका छन् भने तथा श्रद्धाञ्जली समाचारहरू ३ वटा रहेका छन् । स्वयं उपस्थिति भएर समवेदना दिनेहरू १२६ जना घाटमा नै उपस्थित हुनुभयो भने करिब ५०० जनाजति क्रियापुत्री घर कोटेश्वर पुगेर समवेदना दिने व्यक्तित्वहरूको नाम उल्लेख गरिएको छ । अन्तिममा विभिन्न समय र स्थानमा खिचिएका ९ वटा तस्बीरहरूका साथमा आफ्नो जीवनको हरेक पलपलमा भूकम्पपश्चात् भरमग्दुर प्रयत्न गरी २०७२ सालको

भूकम्पले भग्नावशेषमा पुऱ्याएको भक्तपुर नगरको मङ्गलाछें टोलमा १९९३ सालमा स्थापना गरिएको श्यामसुन्दर रास भजन घर निर्माण गरी राखिएको शिललेखसहितको भवनको फोटो र अन्तिम बाहिरी पृष्ठमा आफ्नो वंशावली तालिका प्रस्तुत गरिएको छ ।

२०८० चैत्रमा प्रकाशित उक्त पुस्तक पूर्ण रूपमा आफ्नी धर्मपत्नी सावित्री राणा केसीको पेरिफेरीमा सम्पूर्ण घटना विवरणहरू लेखी योचाहिँ लेख्न छुटेछ जस्तो नलाग्ने गरी एउटा जिउँदो इतिहास निर्माण गरिएको छ । सो पुस्तकबारे उहाँको लेखन शैलीलाई एक वाक्यमा भन्नुपर्दा डा. इन्दुल केसीकै प्रत्यक्ष भनाइलाई उद्धृत गर्न चाहन्छु । 'मलाई थाहा थिएन रगत पसल कहाँ छ !' भन्ने वाक्यले साह्रै मन छोयो । उहाँको दुःखको व्याख्यानकै क्रममा लेखिएको उक्त भनाइले २०२६ सालसम्म उहाँको आफ्नो सोझोपन कतिसम्म थियो भन्ने कुरा एकापट्टि दर्शाउँछ भने हाल उहाँलाई प्रत्यक्ष भेट्दा गर्नुहुने ठट्यौली पारा हेर्दा यस्तो दुःखको क्षणमा पनि अनायासै ठट्टा ल्याउन सफल हुनुभएको छ । यो उहाँको साहित्यिक क्षमता प्रदर्शन हो । आफू ८३ वर्षमाथिको उमेरमा चढ्दै गर्दा पनि कहिल्यै थकान महसुस नगर्ने उहाँको विशेषता हो । आफूले आँटेका कुरा गर्न कहिल्यै नथाक्ने, आफ्नो गन्तव्यलाई पछ्याउन सक्ने र समाजमा अरूलाई प्रेरणा प्रदान गर्न बोलेर होइन कि गरेर देखाउन खोज्ने प्रवृत्तिका डाक्टरसाब हक्की स्वभावका वरिष्ठ साहित्यकारको यो वियोगान्त पुस्तक 'सावित्री स्मृति' जसले पढ्छ, उसको दिमागमा ताजा र सरररर मानसपटलमा बस्ने गरी सबै घटना र विवरण पस्कन सफल देखिन्छ । त्यस अर्थमा यो पुस्तकलाई एक सफल पुस्तकका रूपमा लिन सकिन्छ ।

सावित्री राणा केसीको स्वर्गमा बास रहोस् र परिवारजनले व्यहोर्नुपरेको यो ठूलो क्षति सहन सक्ने शक्ति सबैमा प्राप्ति होस् भन्ने भगवान्सँग प्रार्थना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना अर्पण गर्दछु ।

●



# इन्दुलजीकी सहधर्मिणी सावित्री दिदीलाई यसरी सम्झन्छु म

**– पदम दाहाल**
(सङ्खुवासभा : शिक्षासेवी तथा साहित्यकार,
शब्दयात्रा प्रकाशनका आजीवन सदस्य)

वि. सं. २००३ साल मङ्सिर २० गते जन्म भई ७६ वर्षको उमेरमा स्वर्गारोहण हुनुभएकी भक्तपुरको मङ्गलाछें निवासी डा. इन्दुल केसीकी सहधर्मिणी सावित्री राणा केसी मुटुसम्बन्धी रोगबाट पीडित हुनुहुन्थ्यो । औषधि सेवन र चिकित्सकको नियमित निगरानीद्वारा उहाँको जीवन धानिइरहेको छ भन्ने देखिन्थ्यो । झट्ट हेर्दा उहाँको मुहारमा रक्ताल्पताको अड्कल काट्न सकिन्थ्यो ।

मेरा आत्मीय साहित्यकार मित्र इन्दुल केसीजीको निवासस्थानमा हामी प्रजापति तिमिल्सिना, सुनील सापकोटा, जीवनाथ अधिकारी लगायतका साहित्य-सर्जकहरू बेलाबेला जाने-आउने गरिरहन्थ्यौं । त्यस क्रममा सावित्रीजी दाशुवंश राणाजीकी छोरी तथा वत्सगोत्रीय चेली पनि हुनुभएको नाताले र म आफू पनि दाहाल भएको हैसियतले उहाँलाई दिदीको स्थानमानमा राखेर सम्बोधन गर्ने गर्थें । उहाँ असाध्य भद्र, शालीन र विनम्र स्वभावकी लाग्थ्यो मलाई । सकी-नसकी जसरी भए पनि पुग्नेबित्तिकै चिया ल्याएर स्वागत गर्नुहुन्थ्यो उहाँ हामीलाई ।

'के छ दिदी खबर ? सन्चै हुनुहुन्छ नि ? कस्तो छ हजुरलाई ?' भनी प्रश्न गर्थें म । अत्यन्त धैर्यशाली भावमा उहाँको मृदुभाषी स्वर यसरी झल्कन्थ्यो, 'राम्रै छ, ठिकै छ, सन्चै छु । अहिलेसम्म आराम छु ।' तर लिस्नोबाट ओर्लिनु-उक्लिनुपर्दा भने उहाँ निकै अस्वस्थ हुनुहुन्छ, उहाँको शारीरिक अवस्था तन्दुरुस्त छैन भनेर अड्कल लगाउन भने कठिन थिएन ।

एकचोटि डा. इन्दुलले आफ्नो बैठककोठामा कवितावाचन कार्यक्रम गर्ने भनेर हामीलाई निम्तो दिनुभयो, कविता वाचनपछि हामीलाई उहाँको किचेनमा खाजानास्ताका निम्ति बोलावट भयो । बिचरी सावित्री दिदीले सकी-नसकी भक्तपुरे जुजुधौका साथमा चिउरा, तरकारी, अचार, मिठाई आदि विभिन्न परिकार आफैँले भाग लगाएर हाम्रा अघिल्तिर डाइनिङ टेबलमा राखिदिनुभएथ्यो । हल्का सहयोग मित्र इन्दुलजीबाट पनि नभएको होइन । उहाँहरूले हामीलाई प्रदान गर्नुभएको खाजानास्ताका साथमा प्राप्त सद्भाव, सुमिष्ट बोली र सावित्री दिदीले थप्नुभएको मन्द मुस्कानले उहाँमा एक असल गृहिणीको सुपरिचय सहजै झल्किएको भान हुन्थ्यो, जसद्वारा हामी निम्तारू अत्यन्त पुलकित भएका थियौँ, जसलाई आज पनि झलझली सम्झिरहेछु म । कसै गरे उक्त दृश्य भुल्नै सकिन्न ।

साहित्यकार मित्र इन्दुलजी उस्तो घरमा बसिरहन नसक्ने मान्छे । प्रायः बाहिरफेर घुम्न र हिँड्न रुचाउनुपर्ने । उहाँको न खानको न फिर्नको टुङ्गो । कहिले भजनकीर्तनमा, कहिले साहित्यिक कार्यक्रममा, कहिले सामाजिक सेवामा । छोराबुहारीको बसोवास र लहनतहन उता काठमाडौँ तीनकुनेतिरै । गफैगफमा कहिलेकाहीँ इन्दुलजी भनि पनि हाल्नुहुन्छ, 'म त उटपट्याङ मान्छे ।' यसो भनिरहँदा न उहाँले कसैलाई भनी विराम गर्नुभएको छ न गरी विराम । सायद सावित्री दिदीले ७६ वर्षको उमेर छउन्जेल आफ्ना पतिदेवले भनेको वचनलाई कदापि इन्कार गर्नुभएन भन्ने लाग्छ । सकी-नसकी आफ्नो जिन्दगानीलाई इन्दुलजीको अनन्य र आत्मीय बनेर नै धानिरहनुभयो ।

अन्तमा जब रोगले सताउँदै लग्यो, तब उहाँ काठमाडौँको तीनकुनेस्थित दोस्रो निवासस्थानतर्फ लाग्नुभयो र त्यहीँ बस्न थाल्नुभयो । तर मुटुको जस्तो घातक रोगका अगाडि कसको के लाग्थ्यो र ? छोराछोरी, श्रीमान्‌लगायत सम्पूर्ण परिवारजनबाट उहाँलाई निरन्तर चिकित्सकसमक्ष पुऱ्याउने र उपचार गर्ने-गराउने कार्यमा किञ्चित् कमी आउन नदिँदा-नदिँदै पनि आयु पुगेका दिन कोहीकसैले यस लोकमा न बाँच्न सकिन्छ न बचाउन नै । चुपचाप-

चुपचाप बिदाइको हात हल्लाएर बिदावारी हुनैपर्छ र जानैपर्छ । यही त हो प्रकृतिको नियम भन्नु !

गत २०८० असोज २१ गते आइतबारका दिन एकबिहानै मेरा परम आदरणीय मित्र इन्दुल केसीज्यूले सावित्री दिदीको अवसानको नमीठो र उदासीन खबर सुनाउनुभयो । उहाँका हामी निकटतम आफन्तजनलगायत शुभेच्छुक साहित्यकारहरू प्रजापति तिमिल्सिना, चूडाप्रसाद चौलागाईं, डा. कृष्णप्रसाद दाहाल, जीवनाथ अधिकारी आदिको उपस्थिति थियो आर्यघाटमा । अन्तर्दिलमा जतिसुकै पीडा र दर्द परेको भए पनि विचलित देखिनुहुन्नथ्यो सर । शोकलाई शक्तिमा बदल्न सक्ने सामर्थ्य भरपुर अटाएझैँ लाग्यो उहाँमा ।

हुन पनि हो, हरेक कमजोर मानसिकता बोक्नेहरूले मात्र कहिल्यै नफिर्ने गरी बाटो लाग्नेका पक्षमा कोकोहोलो र चीत्कार पोख्ने गर्छन्, जो केवल देखावटी र बहानाबाजीको विषय मात्र हुन्छ । इन्दुलजीमा भने त्यस्तो अधैर्य देखिएन । कसैले उहाँको पाखुरा समातेर सान्त्वना र ढाडस दिनु पर्दैपरेन । उहाँ आफैँले आफैँलाई सम्हालिरहनुभएथ्यो । यो भनेको उहाँमा लुकेको विशाल धैर्य नै हो । सावित्रीजीको काजक्रिया कर्म उहाँका सुपुत्र उज्वल केसी र छोरीबाट कोटेश्वरको महादेवस्थान मन्दिर परिसरमा भएथ्यो, जहाँ डा. इन्दुलका शुभेच्छुक, शुभचिन्तक जन दैनिक रूपमा खचाखच आउने-जाने गरेका थिए । धेरै साहित्यिक सङ्घसंस्थाहरू हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न र समवेदना प्रकट गर्न त्यहाँ पुगेको कुरालाई पनि भुल्न सकिन्न ।

आफ्नी जीवनसँगिनी गुमाउँदाको पीडा सायद कसैलाई असह्य नहुँदो हो र ? अहिले अर्धाङ्गिनी गुमाएर आधा जीवन कटाउँदै हुनुहुन्छ उहाँ । यसका निम्ति उहाँप्रति हार्दिक समवेदना ! अनि मृतक सावित्री दिदीको आत्माले चिरशान्ति प्राप्त गरिरहोस्, वैकुण्ठवासको प्राप्ति होओस्, हार्दिक श्रद्धाञ्जली उहाँलाई पनि ।

●



# 'सावित्री स्मृति' पढेपछि

– पशुपतिमान पःमाँ
(भक्तपुर : लेखक तथा शिक्षासेवी)

● २०८० आश्विन २१ गते बिहान मित्र कवि पदम दाहालबाट डा. इन्दुल केसीकी धर्मपत्नी बित्नुभएको दुःखद खबर पाएँ । तुरुन्तै पशुपति आर्यघाटमा पुगेँ । अन्तिम संस्कारको काम हुँदै थियो । उक्त अत्येष्टिमा सयौँ व्यक्तिहरूको उपस्थिति थियो ।

● भाउजू सावित्री राणा केसीको देह दनदनी बलिरहेको चिता हेर्दै बेलाबखतमा उहाँको घरमा साथी इन्दुलसँग भेट्न पुग्दा उहाँसँगको भेटघाटका क्षण सम्झिरहेँ । शोकको त्यस क्षणमा साहित्यकार मित्र जीवनाथ अधिकारी आइपुग्नुभो । उहाँले पनि इन्दुलजीसँग शोक व्यक्त गर्नुभयो । यस्तो शोकको बेलामा पनि इन्दुलजी सम्हालिनुभई उहाँले प्रकाशोन्मुख पुस्तकका बारेमा सोधखोज गर्नुभयो । काम हुँदैछ, पीर नलिनुस्, यो शोकको बेला कुरा नगरौँ भनेर भन्नुभयो ।

● यस्तो शोकको बेलामा पनि आफूहरूले थालेको काममा चासो राखेको देख्दा म एकैछिन चुप लागेर सुस्ताएर बस्न नजान्ने वा नसक्ने व्यक्ति को छ भनेर कसैले मलाई प्रश्न गरे भने म एकछिन पनि नसोचीकन झट्ट भन्न सक्ने व्यक्ति डा. इन्दुल केसी हुन् भन्न सक्छु । साँच्चै उहाँ अहिले मात्र होइन, धेरै पहिलेदेखिकै यस्तो हो । हाम्रो चिनजान र मित्रता भएको २०२० सालदेखिकै उहाँको स्वभाव हो ।

● उक्त अन्त्येष्टिमा शोक व्यक्त गर्न पुग्नुभएका व्यक्तिहरूको हुल देख्दा उहाँले धेरै शुभचिन्तक कमाउनुभएको छर्लङ्ग हुन्छ ।

● एक दिन इन्दुल केसी मेरो घरमा टुप्लुक्क आइपुग्नुभयो । उहाँले सधैँजसो बोकेर हिँड्ने झोलाबाट एउटा पुस्तक निकालेर

मलाई दिनुभयो । पुस्तक हातमा लिएर हेरेँ । उहाँले सम्पादन गरेर प्रकाशन गर्नुभएको 'सावित्री स्मृति' (२०८० चैत्र) मलाई दिनुभयो । उक्त पुस्तक सरसर्ती हेर्ने अवसर मिल्यो । उहाँले आफ्नी धर्मपत्नीको स्मृतिमा उहाँको सङ्क्षिप्त परिचय जीवनवृत्तका साथ उहाँको निधनमा श्रद्धाञ्जली दिन आर्यघाटमा पुगेका, शोक व्यक्त गर्न कृयापुत्री बसेको स्थानमा पुगेका व्यक्तिहरूको नामावली, सावित्रीजीमाथि व्यक्त गरिएका समवेदना सन्देशहरू पुस्तकमा सँगाल्नुभएको रहेछ ।

● शोकपुस्तकका रूपमा प्रकाशित स्मृतिपुष्प हुनुका साथै यसमा उहाँको वंशविवरण, श्री श्यामसुन्दर भजन घरको सङ्क्षिप्त परिचय, स्वयंले रचना गरेको सगुन भजन र सन्दर्भिक फोटाहरू समेत समावेश गरिएको हुनाले यो पुस्तक सान्दर्भिक लाग्यो । उहाँ शोकको बेलामा शोकमा डुबेर दुःखित भई शोकाएर बस्नुको बदलामा पनि सृजनात्मक कर्ममा लाग्नुभई धर्मपत्नीको सम्झनालाई यस पुस्तकका रूपमा प्रकाशन गर्नुभई उहाँले धर्मपत्नीको माया र सम्झना अमर राख्ने काम गर्नुभएको जस्तो अनुभव गरेँ । सावित्री केसी (राणा) को दिवङ्गत आत्माको चीर शान्ति होस् भन्ने कामना गर्दछु ।

● आफ्ना स्वजनको मृत्युमा शोककाव्य, शोकग्रन्थ प्रकाशन भई आइरहेको क्रममा साथी इन्दुल केसीको स्मृतिपुष्प प्रकाशन नयाँ रूपको हुन गएको ठानेको छु । उहाँको प्रयासको हार्दिक प्रशंसा गर्दछु ।

●



# श्रीमती सावित्री राणा केसीप्रति मेरो श्रद्धासुमन

**– प्रकाशप्रसाद उपाध्याय**
(काठमाडौं : सञ्चारकर्मी तथा लेखक)

● धर्म, साहित्य, प्राकृतिक चिकित्सा, योग साधना एवम् आध्यात्मिक क्षेत्रमा संलग्न रहँदै भक्तपुरे समाजमा प्रतिष्ठाजनक स्थान बनाउन सफल हुनुभएका अभियन्ता डा. इन्दुल केसीसँग काठमाडौंस्थित नेपाल-भारत पुस्तकालयमा भेट भएको थियो । उहाँले सपरिवार भक्तपुरको यात्रामा आउन निमन्त्रणा दिनुभयो र मैले पनि सपरिवार भ्रमणमा आउने र उहाँको परिवारसित केही समय बिताउने विषयमा सहमति जनाएँ । तर विभिन्न पारिवारिक परिस्थिति, अनेक किसिमको व्यस्तता एवम् कोरोनाकालको सङ्कटपूर्ण अवस्थाले गर्दा भ्रमणको कार्यक्रम स्थगित भइरह्यो । तर २०८० साल असोज २२ गतेको दिन उहाँकी धर्मपत्नी सावित्री राणा केसीको स्वर्गवास भएको दुःखद समाचार प्राप्त गर्दा स्तब्ध हुन पुगें । मन पनि अपराधबोधबाट ग्रसित हुन पुग्यो सावित्रीज्यूलाई भेट्न नसकेकोमा । डा. इन्दुल केसीले निमन्त्रणा दिनुभएको बेलामा जसरी पनि समय निकालेर भक्तपुर जान सकेको भए सावित्रीज्यूको दर्शनबाट वञ्चित हुनुपर्ने थिएन । तर यस्तो होला भन्ने के थाहा ?

● चिकित्सकले महिलाको स्वास्थ्य परीक्षाको आधारमा गर्भधारण गरेको, शिशुको जन्म हुने महिना र गतेको सम्बन्धमा एउटा जानकारी दिए पनि मानिसको मृत्युको दिन र समयको सम्बन्धमा भने कसैले पनि भविष्यवाणी गर्न नसक्ने कुरा जगजाहेर छ । विभिन्न रोगका कारण अशक्त, जर्जर र कमजोर हुनुभएकी सावित्रीज्यूले कालले निर्धारित गरेको समयमा मृत्युसँग गर्नुपरेको सङ्घर्षमा हार मानेर परिवारलाई शोकमा पार्दै परमधामको यात्रामा निस्कनुभयो ।

● घरको मुखिया भएपछि परिवारका सदस्यहरू, विशेष गरी अर्धाङ्गिनीको स्वास्थ्योपचारमा पतिले कुनै कमी हुन दिँदैन र डा. इन्दुल केसीले पनि आफ्नो प्रेरणाको स्रोत रहेकी जीवनसँगिनीको उपचारमा कुनै कसर नछाड्नुभएको वृत्तान्त उहाँको पुस्तक 'सावित्री स्मृति' बाट छर्लङ्ग हुन्छ । तर विधिको विधानका अगाडि मानिसको केही चल्दो रहेनछ र ऊ विवश हुँदो रहेछ । डा. केसी पनि विवश हुनुभयो र सम्पूर्ण परिवार शोकविह्वल हुन पुग्यो ।

● पत्नीको वियोगले विह्वल पारे पनि साहित्य साधना र अध्यात्मको मार्गमा अग्रसर हुँदै र दिवङ्गत पत्नीको आत्माको चिर शान्तिको कामना गर्दै धार्मिक क्रियाकलापद्वारा जीवन बिताइरहनुभएका सामाजिक अभियन्ता डा. केसीले आफ्नो जीवनसाथीको सम्झनामा 'स्मृतिपुष्प' अर्पण गर्दै एउटा पुस्तक प्रकाशित गर्नुभयो र 'सावित्री स्मृति' शीर्षक भएको उक्त कृतिको एक प्रति मलाई पनि उपहारस्वरूप प्रदान गर्नुभयो ।

● स्वयम् उपस्थित भएर सावित्री राणा केसीप्रति श्रद्धाञ्जली अर्पण गर्नेहरूको लामो सूची तथा विभिन्न मित्रजन, बौद्धिक व्यक्तित्व, समाजका प्रतिष्ठित वर्ग एवम् सङ्घ-संस्थाद्वारा पठाइएका समवेदनाका सन्देशहरूको प्रकाशनले भरिएका सावित्री स्मृतिका पानाहरूबाट डा. इन्दुल केसी एवं उहाँकी धर्मपरायणा पत्नी सावित्री केसीका प्रति जनजनमा रहेको श्रद्धा र सम्मानभावलाई छर्लङ्ग पार्छ । यसको अतिरिक्त आफ्नो जीवनसाथीको प्रथम पुण्यतिथिको अवसर पारेर डा. इन्दुल केसीले उहाँको स्मृतिलाई हृदयङ्गम गर्दै प्रकाशित गर्न थाल्नुभएको यस नयाँ कृतिले आफ्नी धर्मपत्नीप्रति उहाँको गहन प्रेमलाई प्रकट गर्दछ । 'मानिस जन्मिन्छ, मिट्छ तर प्रेम होइन' भनी कुनै साहित्यकारले भनेको वाक्यलाई यथार्थ रूपसमेत दिन्छ ।

● सावित्री राणा केसीको प्रथम वार्षिक पुण्यतिथिको यस अवसरमा एकजना शुभचिन्तकको हैसियतले दिवङ्गत आत्माप्रति श्रद्धासुमन अर्पित गर्दै त्यसले चिरशान्ति प्राप्त गरोस् भनी प्रार्थना गर्दछु ।

●



# बलियाले चाहेपछि

**– प्रजापति तिमिल्सिना**
(कास्की : साहित्यकार,
शब्दयात्रा प्रकाशनका आजीवन सदस्य)

मेरो र डा. इन्दुल केसीको उमेरमा धेरै फरक छ । तर पनि साहित्यले संयोग जुरायो, समयले मन्जुर गऱ्यो र हामी साथी बनेका छौँ । मेरो हात मानिरहेको छैन, औँला चलिरहेका छैनन् तिनै साथीको जीवनको अर्धाङ्ग रित्तिएको छ भनेर केही लेख्न ।

आफ्ना हृदयप्रिय जीवन साथीको जीवन अर्धाङ्ग रित्याउन मन थिँदै थिएन । तर बलियोले चाहेपछि निर्बलियोको के लाग्दो रैछ र ! बलियाले लगेपछि जानैपऱ्यो, जानुभयो डा. इन्दुल केसीकी जीवनसँगिनी सावित्री केसी । आफ्नो जीवनको प्रेमपात्रलाई छाडेर, आफूले सिँगारपटार गरेर सजाएको घर छाडेर । नचाहँदा-नचाहँदै जानुभएको श्रीमती सावित्री केसीको आत्मालाई स्वर्गलोकमा उत्तम स्थान मिलोस्, सदा वैकुण्ठको बास होस् । हार्दिक श्रद्धाञ्जली ।

उहाँले छाडेर गएको घर, सिँगार भरेको घर सदा फुलोस्-फलोस्, त्यही सिँरमा जगमगाइरहोस् । त्यही घरका शोकसन्तप्त परिवार एवं सबै आफन्तजनमा भएको यो अपूरणीय क्षतिमा धैर्यधारण गर्ने साहस जुटोस् । हार्दिक समवेदना ।

हामीले त समवेदना दिने मात्रै हो । भोग्ने व्यक्ति त डा. इन्दुल केसी नै हुनुहुन्छ । उहाँले पत्नीवियोगको शोकलाई शक्तिमा बदलेर आफ्नी पत्नीलाई पनि अक्षरहरूको मालाका रूपमा प्रस्तुत गर्नुभएको छ 'सावित्री स्मृति' पुस्तकमा । यस पुस्तकका माध्यमबाट उहाँले नेपाली समाजलाई यस्तै प्रकारका पुस्तकहरू छपाएर दिवङ्गत आत्मालाई शान्ति दिने सन्देश पनि दिनुभएको छ ।

●



# कारुणिक भावनाको चित्रण 'सावित्री स्मृति'

– प्रताप राना मगर
(काठमाडौँ : विश्व शान्ति केन्द्र, नेपाल)

**प्रस्थानविन्दु :**

मानव देह कर्कलाको पानीझैँ नश्वर छ । सबैले यो देहलाई एक दिन त्याग्नुपर्छ । नाशवान् भएकाले नै नश्वर भनियो । तर जीवनमा पवित्र अर्थात् असल कार्य गरियो भने त्यसको आत्मा परमधाममा गई ईश्वरमा एकाकार हुन्छ, इश्वरमै बस्न पुग्दछ । मृत्यु वास्तवमा दुःखदायी हुन्छ, कारुणिक हुन्छ । आफन्त, परिवारजन, इष्टमित्र सबैलाई पीडाबोध हुन्छ । यस्तै पीडाको पुञ्ज 'सावित्री स्मृति' पुस्तक पनि हो ।

विश्व शान्ति केन्द्र नेपालका संस्थापक अध्यक्ष डा. इन्दुल केसीकी अर्धाङ्गिनी सावित्री केसी हुनुहुन्छ । २०८० साल असोज २१ गते सावित्रीजीले यो संसारिक मोहजालबाट आफूलाई मुक्त गरी परलोकगमन गर्नुभयो ।

**पुस्तक :**

पुस्तक एक लिखित दस्तावेज हो । लेखकहरूले विभिन्न विषय र विधाहरूमा पुस्तक लेखेका हुन्छन् । त्यो पुस्तकलाई सम्पादकले सम्पादन गर्छन्, प्रकाशकले प्रकाशन गरी पाठकहरूका माझ पुऱ्याएका हुन्छन् । यस्तै प्रकारले डा. इन्दुल केसीको जीवनमा परेको ठूलो बज्रपातलाई सहेर आफ्नी अर्धाङ्गिनी सावित्रीप्रति अगाध स्नेह, असीम श्रद्धासुमन अर्पित गर्दै भावपूर्ण श्रद्धाञ्जलीको सँगालो शोक स्मृति पुस्तकलाई आफैँले सम्पादन गर्नुभयो । यसलाई शब्दयात्रा बनेपा, काभ्रेबाट प्रकाशित गरिएको हो ।

यस पुस्तकमा सावित्रीजीको जीवनी, वंशावली तालिका, उहाँले गर्नुभएका विभिन्न योगदान, अरूले गरेका समवेदनाका सन्देशहरू, आर्यघाटमा अन्तिम श्रद्धाञ्जली दिन उपस्थित हुनुभएका सयौँ महानुभावहरूका नामावली उल्लेख गरिएका छन् । यसरी नै काठमाडौं, कोटेश्वर महादेवस्थानमा रहेको क्रियापुत्री भवनमा पुगेर श्रद्धाञ्जलीका र समवेदनाका लिखित पत्रहरू प्रदान गर्न आउनुहुने विभिन्न सङ्घसंस्था, व्यक्तिहरूको नामावलीसमेत यस पुस्तकमा समावेश गरिएका छन् ।

उल्लिखित दुवै स्थानहरूमा हाम्रो समूह पनि उपस्थित रहेकाले त्यहाँको परिदृश्यहरूको हामीलाई अझै झझल्को आइरहेको छ । उक्त पुस्तकमा सावित्रीजीलाई आजभन्दा २६ वर्षपहिले काठमाडौंको वीर अस्पतालमा उपचार गर्दा बिरामीलाई आवश्यक रगत खरिद गर्न डा. इन्दुललाई परेको आर्थिक समस्याको बेला उहाँका मित्र विदुर केसीले पैसा सापटी दिनुभएको मर्मस्पर्शी घटना छ, त्यसले हामी सबै पाठकवर्गहरूलाई अमिट छाप पर्नेछ भन्ने लागेको छ ।

**भक्तिसङ्गीत कार्यक्रम :**

मेरो मानसपटलमा एक कार्यक्रमको झल्को आइरहेको छ । उक्त कार्यक्रम श्रीमती सावित्री केसीको निवास काठमाडौं कोटेश्वर तीनकुने सुविधानगरमा भएको थियो । त्यस कार्यक्रममा हाम्रो सङ्गीत टोलीमा म, तबलाबादिका, सङ्गीतकार, गायिका सुश्री मञ्जु नकर्मी र डा. इन्दुल केसी हुनुहुन्थ्यो । यहाँ नकर्मीजीको प्रसङ्गमा उल्लेखनीय कुरा - उहाँ नेपालका पाँचौं वरियताक्रमकी तबलाबादक हुनुहुन्छ । त्यो बेला डा. इन्दुल केसीले हार्मोनियम बजाउनुभयो, नकर्मीजीले तबला बजाउनुभयो । मैले झ्याली बजाई भजन प्रस्तुत गरेका थियौँ । गजबको आध्यात्मिक माहोल बनेको थियो । हामीले प्रस्तुत गरेका भजनहरू सावित्रीजीले आनन्द मानी हँसिलो, चम्किलो आकृतिमा ध्यानपूर्वक श्रवण गर्नुभएको थियो ।

कहिलेकाहीँ हामी अर्थात् मञ्जु नकर्मी र म डा. इन्दुल केसीलाई भेट्न भक्तपुरको उहाँको निवासमा जाँदा सावित्रीजीको अतिथि सत्कार, हँसिलो मुहार, प्रसन्न मुद्रामा रहनुभएको पाउँथ्यौं । आफ्ना पति डा. इन्दुललाई स्वतन्त्र विचरण गर्न, ज्ञानको सागरमा मोती टिप्न सहयोगी हुन तत्पर रहेको पाउँथ्यौं ।

डा. इन्दुलले आफ्नो रथका दुई पाङ्ग्रामध्ये एक पाङ्ग्रा गुमाउनुभएको छ । उहाँ मुटुमाथि ढुङ्गा राखी हाँसिरहेको देखिन्थ्यो । उहाँले आफ्नो स्मृतिको सिंहासनमा सावित्रीलाई सजाउनुभएको छ । स्मृतिका पलपललाई कोषागारमा भण्डार गर्नुभएको छ । श्रद्धा र आस्थारूपी फूलहरू अर्पण गर्दै आफ्नै ताजमहल निर्माण गर्नुभएको भान हुन्छ ।

**अन्तिम विन्दु :**

यस स्मृतिपुस्तकमा सावित्री केसीको स्वर्गारोहणपश्चात् उहाँसँग सम्बन्धित प्रत्येक क्षणहरूलाई नमेटिने अक्षरमा अङ्कित गर्ने क्रममा विभिन्न घटनाहरू, विभिन्न लेखरचनाहरू, पत्रपत्रिकामा प्रकाशित समाचारहरू, शोकसन्देशहरू, चित्रहरूद्वारा सावित्रीजीको विविध विवरण यसमा समावेश भएको पाइयो । यो पुस्तक यस प्रकारको शोकपुस्तिका नमुनालायक रूपमा तयार भएको पाएँ ।

●



# जस्तो नाम उस्तै काम भएकी एक सावित्री

**– पुण्यवती घले**
(काभ्रेपलाञ्चोक : साहित्यकार,
शब्दयात्रा प्रकाशनका आजीवन सदस्य)

वरिष्ठ साहित्यकार, कुशल प्रशासक, समाजसेवी, वैकल्पिक उपचार पद्धतिका उपचारक डा. इन्दुल केसीले आफ्नो सम्पादनमा आफ्नी धर्मपत्नी श्रीमती सावित्री राणा केसीको स्वर्गारोहणमा भएको अर्धवार्षिकीको अवसरमा २०८० चैत्र महिनामा 'सावित्री स्मृति' नामक पुस्तक शब्दयात्रा प्रकाशन बनेपाबाट प्रकाशन गर्नुभएको रहेछ । डा. केसीकी श्रीमतीसँग साक्षात्कार नभए पनि पुस्तक पढेपछि उहाँको आनिबानी, चालचलन, शीलस्वभाव, बोलीवचन, रहनसहन, वैवाहिक सम्बन्ध, घरव्यवहार आदिका बारेमा बुझ्ने अवसर पाएँ ।

उहाँलाई शालीन व्यक्तित्वकी धनी, अत्यन्त मिलनसार, धार्मिक प्रवृत्ति, कुशल गृहणी, पतिपरायणता, पारिवारिक कर्तव्यपरायणता, नारीमा हुनुपर्ने सर्वगुणसम्पन्न व्यक्तिका रूपमा चिन्न सक्ने प्रशस्त आधारहरू पुस्तकबाट प्राप्त भयो ।

विभिन्न साहित्यिक व्यक्तित्व, पत्रकार, सङ्घसंस्था, आफन्तजन, शुभचिन्तक महानुभावहरूबाट सावित्री राणा केसीको देहावसानमा दिनुभएका समवेदना सन्देश उहाँको निधनसम्बन्धी समाचारहरूबाट केसीको धार्मिक चरित्र, सामाजिक सद्भाव, वैवाहिक सम्बन्ध, पारिवारिक पृष्ठभूमि बारेमा जान्ने-बुझ्ने अवसर पुस्तकले दिएको छ । त्यसै गरी पुस्तकमा समेटिएका तस्बीरहरू र सम्मानपत्र आदिबाट पनि केसीका बारेमा धेरै कुराहरू बुझ्न सकिन्छ । यस पुस्तकमा डा. इन्दुल केसीले सम्झना गर्नुभएको तथ्यले ५४-५५ वर्षअघि नेपालको स्वास्थ्य क्षेत्र अत्यन्त दयनीय अवस्थाबाट गुज्रिएको थियो भन्ने कुरा छर्लङ्ग हुन्छ ।

उपत्यकाका तीन सहरमध्ये भक्तपुरमा बसोवास भएका मानिसलाई पनि अस्पताल सेवा लिन अति कठिन थियो । बिरामी अस्पताल पुऱ्याउन एम्बुलेन्स सेवा नहुनु, भाडाको गाडीको भर पर्नुपर्ने, सञ्चारको सुविधा नुहुनु जस्ता यावत् कारणले कतिले त अकालमै ज्यान गुमाउनुपर्दथ्यो । रक्तसञ्चार सेवाको अभावमा रगत किनबेच हुने, जति भनियो त्यति पैसामा रगत किन्नुपर्ने, सायद बेरोजगारी र गरिबीका कारणले होला रगत बेच्ने मानिसहरू लाइन लाग्न अस्पताल छेउछाउ बस्ने गरेको वृत्तान्तले तत्कालीन अवस्थाले उजागर गरेको छ ।

यस घटनाले काठमाडौँ उपत्यकामा त यस्तो अवस्था थियो भने नेपालका दूरदराजमा कस्तो अवस्था थियो होला, कल्पना पनि गर्न सकिँदैन ।

आफ्नी जीवनसँगिनी सावित्री राणा केसीको स्मृतिमा अर्धवार्षिकीको अवसरमा आफ्नै सम्पादनमा पुस्तक तयार गरी शब्दयात्रा प्रकाशनबाट प्रकाशित गराउनुभई डा. इन्दुल केसीले आफ्नी श्रीमतीलाई अमर तुल्याउन गर्नुभएको प्रयासलाई धन्यवाद ज्ञापन गर्दछु । केसीको आत्माको चिर शान्तिको कामनाका साथै हार्दिक समवेदना प्रकट गर्दछु ।

●



# सावित्री स्मृति पुस्तक : विहङ्गम दृष्टि

**– बुद्धिनारायण श्रेष्ठ**
(ओखलढुङ्गा : सीमा विश्लेषक तथा
मदन पुरस्कार विजेता)

'सावित्री स्मृति' नामक पुस्तक अहिले मेरो हातमा छ । यसलाई मैले आद्योपान्त हेरें । अगाडि-पछाडि ओल्टाइ-पल्टाइ गरें । पुस्तक स्मृतिग्रन्थका रूपमा प्रकाशित गरिएको रहेछ भन्ने लाग्यो । यस पुस्तकबारे केही लेखौं कि भन्ने जस्तो लाग्यो । घोत्लिँदा-घोत्लिँदै मलाई के सुर चल्यो कुन्नि, लेख्नुपर्‍यो कि क्या हो त्यस पुस्तकबारे भनेर ऱ्याकमा गएर पुस्तक झिकें । अनि पुस्तकका पृष्ठहरूमा विहङ्गम दृष्टि फाल्दै मोटामोटी र सङ्क्षिप्त रूपमा पुनरवलोकन अथवा विवेचना गर्नका निम्ति ल्यापटपमा मेरा दुई हातका औंलाहरू नचाउन सुरु गरेको छु । के कस्तो लेख्ने हुँ भन्ने अहिल्यै भन्न सक्ने अवस्थामा पुगेको छुइन, तर मलाई लाग्छ सान्दर्भिक नै लेख्छु भन्ने मनसाय बोकेको छु ।

**विहङ्गम दृष्टि :**

पुस्तकमा विहङ्गम दृष्टि दिंदा यसमा ६४ पृष्ठ रहेछन् । यस पुस्तकको सम्पादक डा. इन्दुल केसी (सावित्री राणा केसीका खसम) रहेछन् । प्रकाशक रहेछ शब्दयात्रा प्रकाशन, अक्षरधाम, शब्दसाधक तीर्थ, बनेपा – ६, काभ्रेपलान्चोक । प्रकाशन मिति चैत २०८० लेखिएको छ । यो पुस्तक स्वर्गीय श्रीमती सावित्री राणा केसीको स्मृतिमा लेखिएको रहेछ, जुनचाहिँ पुस्तकको नामकरणबाटै थाहा हुन्छ । यसमा नौ थान लेखरचना तथा कविता संलग्न छन् । समाचारहरू तीनगोटा रहेछन् । विभिन्न लब्धप्रतिष्ठित व्यक्तिहरूका ४८ समवेदना सन्देशहरू राखिएका छन् । शुभचिन्तक तथा आफन्तहरू पशुपति आर्यघाटमा स्वयम् उपस्थित भएर सावित्री राणा

केसीप्रति श्रद्धाञ्जली व्यक्त गर्ने महानुभावहरूको नामावली १२६ जना उल्लेख गरिएका छन् । यसै गरी कृयापुत्री बसेको ठाउँमा उपस्थित भएर समवेदना प्रकट गर्ने शुभचिन्तकहरू करिब ५०० जनाजति थिए, तर कतिपयले रजिस्टरमा नाम नलेखेको भन्ने उल्लेख गर्दै ३२२ जनाको नामनामेसी फेहरिस्त क्रमबद्ध लेखिएका छन् ।

पुस्तकमा १४ थान फोटा समावेश गरेको पाइन्छ । यस्ता फोटाहरूमध्ये अधिकांश सावित्री राणा केसीसँग खिचिएका समावेश भएका छन् । राणा केसीले प्राप्त गरेका प्रशंसापत्र र सम्मानपत्रको फोटोकपी पनि संलग्न गरिएको पाइन्छ । विभिन्न सङ्घ-संस्थाहरूले विभिन्न सञ्चार-माध्यममा छापेका फोटासहितको हार्दिक समवेदना तथा भावपूर्ण श्रद्धाञ्जलीका श्यामश्वेत चार फोटोकपी पनि छापिएका छन् । कभर अग्रपृष्ठमा स्वर्गीय राणा केसीको सिङ्गो रङ्गीन फोटो हालिएको छ भने भित्री पृष्ठ र पछाडिको भित्री पृष्ठमा रङ्गीन फोटाहरू समाविष्ट छन् ।

**पुस्तिकाको विवेचना :**

यस पुस्तकमा समावेश भएका लेखहरूमध्येको विवेचना गर्नुपर्दा हरि मञ्जुश्रीले 'अनेकमध्येकी एक सावित्री' शीर्षकमा सातजना सावित्रीको नाम उल्लेख गरेका छन् । प्रथमतः एउटी सावित्री महाभारतकी पात्रा थिइन् । उनले यमराजले लगिसकेको आफ्ना पति सत्यवान्लाई यमराजबाट फिर्ता ल्याइन् । दोस्री सावित्री मञ्जुश्रीकै बुढीहजुरआमा हुनुहुन्थ्यो, जसले विपन्न अवस्थाको सामना गर्दै कुशलतापूर्वक घरव्यवहार सम्हालेर पारिवारिक स्तर उकास्न ठूलो भूमिका खलेकी थिइन् । तेस्री सावित्री डा. सुरेशराज शर्माकी आमा हुनुहुन्थ्यो । उहाँले दुई गुँडका केटाकेटी सम्हालेर दुई दर्जन सन्ततिलाई शिक्षाका लागि समान मौका प्रदान गर्दै सबैलाई शिक्षाप्राप्तिका लागि सघाउनुभएको थियो । चौथी सावित्री भोलामानसिंह थापाको श्रीमती समाजसेवी तथा लेखिका हुनुहुन्छ । उहाँले शब्दयात्रा प्रकाशनका लागि ट्रस-घर बनाइदिई विद्वतवृत्तिका लागि अक्षयकोष पनि खडा गरिदिनुभयो । पाँचौं सावित्री गायत्री परिवारमा आबद्ध भई सावित्री काफ्ले आमा र काफ्ले दिदीका रूपमा

चिनिदै आफैँ यज्ञकर्म गर्नुहुन्छ र गराउनुहुन्छ । छैटौँ सावित्री अर्थशास्त्रका विज्ञ र साहित्यकार हुनुहुन्छ । यसै गरी चिनेजानेका सावित्री नाम भएका धेरैजना हुनुहुन्छ । यिनैमध्येकी एउटी सावित्री राणा केसीले आफ्ना पतिलाई प्रतिभावान्का रूपमा समाजमा चिनाउन ठूलो त्याग गरिन् ।

हरि मञ्जुश्री लेख्छन् – डा. इन्दुल केसीलाई यो स्तरसम्म ल्याउन सावित्री राणा केसीको ठूलो देन छ । आफ्ना पतिदेव सरकारी जागिरमा भएको बेला घर सम्हाल्न, वैकल्पिक चिकित्सामा डाक्टर बनाउन, साहित्यिक समाजमा दौडाउन, साथीभाइ र बन्धुवान्धवसँग सत्सङ्ग गर्न दिन, भजन-कीर्तनमा लाग्न, भूकम्पले भत्काएका स्थानीय मन्दिरको जीर्णोद्धार गर्ने काममा लाग्न दिन परिवारजनको हेरविचार गर्ने र घरव्यवहार सम्हाल्ने काम उनै सावित्री राणा केसीले धानेकी हुन् भन्नु अत्युक्ति हुँदैन ।

पुस्तकभित्रको अर्का लेखक प्रा. डा. कृष्णप्रसाद दाहालले 'सावित्री केसी : शब्दश्रद्धाञ्जली' शीर्षकमा सावित्री राणा केसीको व्यक्तित्वबारे लेखेका छन् – सामाजिक तथा धार्मिक प्रवृत्तिकी केसीले इन्दुलको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेकी थिइन् । छोरा उज्वल र छोरीहरू रजनी र सजनीकी आमा सावित्रीले आफूलाई सधैँ मानवहितकै निम्ति समर्पित गराइरहिन् । धार्मिक प्रवृत्तिकी हुनाले तीर्थव्रत र दानदक्षिणादि कर्म गर्न कहिल्यै पछि परिनन् । आफ्ना ससुरा र श्रीमान्ले सञ्चालन गर्दै आएका श्यामसुन्दर भजनघरमा उनले पनि उल्लेख्य योगदान पुऱ्याएको पाइन्छ । असल पत्नी र असल आमा हुनुको छवि बनाएकी सावित्रीले श्रीमान् इन्दुल केसीको साहित्यिक यात्रामा सारथिको भूमिका निर्वाह गर्न कहिल्यै पनि पछि परिनन् । श्रीमान्का पुस्तकाकार कृतिहरूको प्रकाशनमा यिनको योगदान प्रशस्त पाइन्छ । 'अतिथि देवो भव' को महत्त्व बुझ्ेकी सावित्री राणा केसीले अतिथि सत्कारमा पनि आफूलाई त्यत्तिकै क्रियाशील राख्ने गरेकी थिइन् । पतिले गरेका हरेक क्रियाकलापमा उनले पत्नीका हैसियतले मात्र होइन, एउटा मार्गदर्शक साथीको भाँती कर्म गरेकी थिइन् । राणा कुलघरानकी

छोरी भएर पनि मध्यवित्त परिवारकी बुहारी र पत्नी हुनुमा गर्व गर्थिन् । यस्ता सुलक्षणा प्रतिमूर्तिको मुटुरोगका कारण निधन भएको थियो ।

यसै गरी टीका ढुङ्गेल 'रटन' ले आफ्नो लेख 'ठूलो योगदान' शीर्षकमा कोरेका छन् – डा. इन्दुल केसीको घरमा गएको समय सावित्री राणा केसीसँग भेट भएको थियो । उनले खाना बनाएर खुवाएको झलझली याद आइरहेको छ । त्रिफला अन्तर्राष्ट्रिय पुस्तकालयका अध्यक्ष प्रेमप्रकाश फलाहारी, उपाध्यक्ष रामप्रसाद दाहाल र यो कलमकार गएका थियौँ । त्यस समयमा उहाँसँग राम्रो परिचय भएको थियो । डा. इन्दुल केसीलाई यस स्थानसम्म पुऱ्याउन सावित्री राणा केसीको योगदान रहेको छ ।

पुस्तकमा छापिएको 'फूलको श्रद्धाञ्जली' भन्ने शीर्षकमा नवीना श्रेष्ठको अर्को आलेख छ । यसमा लेखिएको छ – सावित्री राणा केसीसँग स्वस्थानी व्रतकथा पुस्तक प्रकाशन गर्ने क्रममा पहिलोपटक भेट भएको थियो । दोस्रोपटक भने पुस्तकका विवरणहरूबारे छलफल गर्न उनकै निवासमा भेट भएको हो । त्यस समय उनको घरको कोठाचोटा, बुइगल हुँदै कौसीसम्म पुगेर हेर्दा घरको दैनिक आवश्यकतादेखि सांस्कृतिक सम्पदाका सरसामानहरू व्यवस्थित र आकर्षक ढङ्गले कुशलतापूर्वक व्यवस्थापन गरिएको मैले महसुस गरेकी थिएँ ।

पदम दाहालले 'इन्दुलजीकी सहधर्मिणी सावित्री दिदीलाई यसरी सम्झिन्छु म' भन्ने शीर्षकमा कोरेका छन् – मैले उहाँलाई दिदीको स्थानमा राखेर सम्बोधन गर्ने गर्थें । उहाँ असाध्यै भद्र, शालीन र विनम्र स्वभावकी लाग्थ्यो मलाई । सकी-नसकी जसरी भए पनि पुग्नेबित्तिकै चिया ल्याएर स्वागत-सत्कार गर्नुहुन्थ्यो हामीलाई । त्यस बेला उहाँलाई अलि स्वास्थ्य राम्रो नभएको कुरा सुनें । केही पछि उहाँको देहावसान भएकाले म मर्माहत भएको छु ।

प्रजापति तिमिल्सिनाले आफ्नो लेख 'बलियोले चाहेपछि' नामक शीर्षकको लेखमा उल्लेख गरेका छन् – आफ्नो जीवनको प्रेमपात्रलाई छाडेर, आफूले सिँगारपटार गरेर सजाएको घर छाडेर, नचाहँदा-

नचाहँदै छाडेर जानुभएकी श्रीमती सावित्री राणा केसीको आत्मालाई स्वर्गलोकमा उत्तम स्थान मिलोस्, सदा वैकुण्ठको बास होस्, हार्दिक श्रद्धाञ्जली ।

यसै गरी रजनी केसी मानन्धरले 'हाम्री जननी' भन्ने कवितामा श्लोकबद्ध गरी लेखेकी छन् – तिम्रो आत्माले सुखावती भुवनमा बास पाओस्, तिम्रो देहले ब्रह्माण्डमा विलीन हुन पाओस्, तिम्रो अटुट सम्झना हामीमाझ सदा रहने गरी आमा, तिमी जानू, तिमीलाई अलबिदा ।

पुस्तकमा समावेश भएका सबै लेखरचनाहरूमा स्वर्गीय सावित्री राणा केसीको स्मरण गरेको पाइन्छ ।

**अन्त्यमा** :

यस विवेचनाकारको सावित्री राणा केसीसँगको भेटका बारेमा सङ्क्षिप्त रूपले कोर्दै यो पुस्तकको पुनरवलोकनको बिट मार्दैछु ।

म र मेरा अनन्य मित्र चन्द्रमान प्रधान डा. इन्दुल केसीले आयोजना गरेका कार्यक्रम, छलफल तथा निम्तोमा काठमाडौंबाट भक्तपुर जाने गर्थ्यौं । किनकि डा. इन्दुल केसी हामी दुवैका पनि परम मित्र हुन् । उनका हामीजस्ता अन्य मित्रहरू पनि प्रशस्तै छन्, तापनि मलाई लाग्छ केसीजीले हामीलाई माथिल्लै कोटिको मित्रमा राखेका छन् । यस मानेमा कि डा. केसी भक्तपुरबाट काठमाडौं आएका बखत पुतलीसडकमा घर भएका मित्र चन्द्रमान प्रधानको घरमा नछिरी बिरलै भक्तपुर फर्कन्छन् । त्यहाँ चियाचमेना गर्दै कुराकानीको रफ्तार हाँक्ने गर्छन् । कतिपयपटक म पनि सामेल भएको छु । म संलग्न हुन नपाएको पटक डा. केसीले मेरो खल्ती-फोनको घण्टी बजाइहाल्छन् । अनि निकै लामै वार्ता चल्छ समसामयिक विषयवस्तुका समाचारबारे । सीमा साहित्य, कहिलेकाहीँ राजनीतिक पाटो, मनसुन वर्षादको बेला भए बाढी, पहिरो, डुबान, नदी कटान, सरान, डोजरे संस्कृतिले नेपालको पर्यावरण बिथोलिएका बारेमा छलफल नै हुन्छ । अनि चन्द्रमान प्रधानको घरमा फेरि भेट्ने बाचा गर्दै रामराम जयगोपाल भनेर फोनको घण्टी काट्छन् ।

डा. इन्दुल केसीको बोलाहटमा हामी दुई (कहिलेकाहीँ तीनजना, पर्यटनविद् प्रचण्ड श्रेष्ठ पनि) भक्तपुर जाँदा केसीको घरमा पसिन्थ्यो । पुस्तकमा उल्लेख गरिएका लेखकले भनेजस्तै हामी पस्नेबित्तिकै सावित्री राणा केसीले चिया ल्याइहाल्थिन् । अनि अलि पछि खाजा-नास्ता ख्वाएरै छाड्थिन् । एकपटक स्वादिलो भोजन पनि गरिएको थियो । पाहुनालाई स्वागतसत्कार गर्ने उनको चलन रहेछ । हामी पहिलोपटक जाँदा घरको तलमाथि, कोठाचोटा चहार्दै सबै सूक्ष्म अवलोकन गऱ्यौँ । घरभित्रका सरसामान जहाँ राखिनुपर्ने हो, त्यहीँ मिलाएर राखिएको मलाई लागेको थियो । पूजाकोठातिर अलि साँगुरो भए तापनि चिरिच्याँट्ट पारेर पूजाका सरसामान राखिएको रहेछ भन्ने मलाई महसुस भएको थियो ।

तर अब सावित्री राणा केसी यो पृथ्वीलोकमा रहिनन् । उनले धर्मकर्म, सद्विचार, सहयोग, सबैलाई सकेसम्म मदत गर्नुपर्छ भन्ने उक्ति छाडेर गएकी छन् । समाजले उनका यस्ता धारणा र भावना पछ्याएमा सबैको भलो हुन्छ । पुस्तकमा अन्य लेखकले लेखेजस्तै म पनि भन्छु – इन्दुललाई डा. इन्दुल बनाउने, सरकारी जागिरमा पदोन्नति गराउन भूमिका खेल्ने र समाजमा निकैले चिन्ने प्रतिष्ठित व्यक्ति बनाउने उनै सावित्री राणा केसी हुन् । इन्दुलको सुखदुःखमा सदा साथ दिने तिनै सावित्री हुन् । सावित्रीले घर थामिदिएर घरभित्रको सबै विधिव्यवहार सम्हालिदिएका हुनाले डा. केसीले बाहिरफेरको सम्मान-प्रतिष्ठा आर्जन गरेका हुन् भन्ने मलाई लाग्छ ।

म सावित्री राणा केसीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । उनको आत्माले शान्ति पाओस्, स्वर्गवास होस् भनी कामना गर्दछु । शोकसन्तप्त परिवारप्रति दिलैदेखि समवेदना प्रकट गर्दछु । हाम्रा परम मित्र डा. इन्दुल केसीलाई धैर्यधारण गर्दै आफ्नो लेखन, प्रवचन, भजन तथा समाजसेवामा सहभागिताको काम यथावत अगाडि बढाउन सदिच्छा अभिव्यक्त गर्न चाहन्छु । डा. इन्दुल केसीको अझ अरू उन्नति-प्रगति हुँदै जाओस् भन्ने सदिच्छा प्रकट गर्दछु ।

●

# सावित्री राणा केसी उपासिकाको स्मृतिमा

**– भिक्षु विपस्सी**

(मुनि विहार, इनाचो, भक्तपुर)

सत्यनिष्ठ, साध्वी, अतिथिसत्कारमा समर्पित, धार्मिक प्रवृत्तिकी, मायालु, मिलनसार, शालीन, मृदुभाषी, दानशीलपरायणा आदि विशेषणहरूद्वारा सजिएकी श्रीमती सावित्री राणा केसी उपासिकाको स्मृतिमा डा. इन्दुल केसीद्वारा सम्पादित तथा २०८० साल चैतमा प्रकाशित 'सावित्री स्मृति' (सावित्री राणा केसी स्मृतिपुष्प) को आधारमा दुई शब्द कोर्दैछु ।

सावित्री राणा केसी मेरा वरिष्ठ हितचिन्तक डा. इन्दुल केसीकी धर्मपत्नी हुनुहुन्थ्यो । हामी मुनिविहार (श्री धर्मोत्तम महाविहार) का भिक्षु श्रामणेरहरू भिक्षाटन गर्ने भक्तपुर नगरको मङ्गलाछें टोलका बासिन्दा भएकाले बारम्बार भिक्षादान तथा विहारमा नै पनि पुगेर दानपुण्य गर्नुभएको मात्र होइन, भगवान् बुद्धको जन्मस्थली लुम्बिनीसम्म पनि पुगेर दानपुण्य गर्नुभएकाले बुद्धधर्ममा पनि उहाँहरूको दानशीलपरायणता प्रस्टिन्छ । उहाँ दम्पतीले लुम्बिनीको बारम्बार तीर्थाटन गर्नुभएको छ । अझ २०७९ सालको मुनिविहारद्वारा आयोजित भिक्षु श्रामणेरको लुम्बिनी यात्राभर गर्नुभएको सेवाका लागि डा. इन्दुल केसीलाई नेपालका सङ्घनायक भिक्षु बोधिसेन महास्थविरले समेत सम्मानपत्र प्रदान गर्नुभएको छ । उक्त सम्मानपत्र पनि यसमा संलग्न छ । यसै यात्रामा लुम्बिनीमा नयाँ विहारको शिलान्यास गर्नुभई चन्दासमेत दिनुभएको थियो ।

उहाँहरूका पुत्रीहरूमा जेठी रजनी र कान्छी सजनीमध्ये रजनी यस मुनिविहारमा दान पुण्य गर्न आइरहने शिक्षिका उपासिका हुनुका साथै वर्ल्डभ्यू नेपालका सचिव हुनुहुन्छ । सुस्त मनस्थितिका

बालबालिकालाई सेवा गर्ने संस्था सत्प्रयासका अध्यक्षसमेत हुनुहुन्छ, जसमा ५० जनाभन्दा बढी सुस्त मनस्थितिका बालबालिकालाई यातायात तथा पालनपोषण सहितको दिवासेवा प्रदान गरिन्छ । कान्छी छोरी सजनी कार्कीले पनि आफ्नी स्वर्गीय माताको सेवाकार्य समुचित रूपले गर्नुभयो । एक पुत्र उज्वल केसी ब्लड डोनर्स एसोसिएसन नेपाल (ब्लोदान) को केन्द्रीय उपाध्यक्ष तथा एकीकृत उपभोक्ता सङ्घ सुविधानगर काठमाडौंका अध्यक्ष, त्यस्तै नेपाल बार एसोसिएसन भक्तपुर एकाइका सदस्य र अधिवक्ता हुनुहुन्छ । बुहारी सृजना त्यसै सङ्घकी महिला समिति उपसंयोजिका हुनुहुन्छ ।

पिता डा. इन्दुल केसी तथा दिवङ्गत माता सावित्रीले तिनै सन्तानलाई समुचित रूपले लालनपालन र शिक्षादीक्षा दिनुभएकाले सन्तानहरूले यसरी जीवनमा सफलता प्राप्त गर्न सकेका हुन् । विशेष गरेर मृतकका अर्धाङ्ग डा. इन्दुलको जीवनमा पाएका सफलताहरूका पछाडि पनि सावित्री राणा उपासिकाकै महत्त्वपूर्ण हात रहेको बुझ्न सकिन्छ । डा. इन्दुल केसी वरिष्ठ सञ्चारकर्मी, साहित्यकार, भजनगायक, सङ्गीतकार, सामाजिक अभियन्ता, प्राकृतिक चिकित्सक तथा व्यवसायको हिसाबले नेपाल सरकारको उपसचिव पदमा पुगेर सेवानिवृत्त भएका बहुप्रतिभाशाली व्यक्ति हुनुहुन्छ । डा. इन्दुल केसीका समाजसेवातिर हेर्ने हो भने उहाँ शब्दयात्रा प्रकाशनका आजीवन सदस्य र अन्य धेरै सङ्घसंस्थामा आबद्ध भई समाजसेवामा संलग्न हुनुहुन्छ । यसरी सफल हुन सक्नुमा उहाँकी अर्धाङ्गिनी सावित्रीकै प्रेरणा र सहयोग महत्त्वपूर्ण रहेको देखिन्छ ।

यति धेरै पुण्यकार्य गरिसकेर प्रकृतिको नियम अनुसार देहान्त हुनुभएकी सावित्री राणा केसी उपासिकालाई बुद्धवचन २ वटा गाथा (श्लोक) हरू समर्पित गर्दछु ।

चिरप्पवासि पुरिसं दूरतो सोत्थिमागतं ।<br>
ञातिमित्ता सुहज्जा च अभिनन्दन्ति आगतं ॥<br>
तथेव कतपुञ्ञम्पि, अस्मालोका परंगतं ।<br>
पुञ्ञानि पटिगण्हान्ति, पियं ञातीव आगतं ॥

(धम्मपद, गाथासङ्ख्या २१९ र २२०)

संस्कृतछाया –
चिरप्रवासिनं पुरुषं दूरतः स्वस्थमागतम् ।
ज्ञातिमित्राणि सुहदः चाभिनन्दन्त्यागतम् ॥
तथैव कृतपुण्यमपि अस्माल्लोकात् परंगतम् ।
पुण्यानि प्रतिगृहण्हान्ति प्रियं ज्ञातिरिवागतम् ॥
भावार्थ –

जसरी दीर्घकालसम्म परदेशमा बसेर स्वस्तिपूर्वक फर्केर आएका मानिसलाई आफन्त मित्रहरूले स्वागत अभिनन्दन गर्ने गरिन्छ, त्यसरी नै पुण्यकर्म गरेको व्यक्तिलाई इहलोक छोडेर परलोक जाँदा उसले गरिराखेका ती शुभकर्महरूले स्वागत अभिनन्दन गर्ने गरिन्छ ।

भगवान् बुद्धका उक्त वचन दिवङ्गत सावित्री राणा केसीलाई पनि सत्य होस् र दिवङ्गतद्वारा आर्जित तथा अहिले हामी आफन्त, हितैषीहरूले अर्पण गरेको पुण्यराशी सबै नै उहाँलाई सद्गति तथा निर्वाण लाभको हेतु बनोस् भनी भगवान् त्रिरत्नमा प्रार्थना गर्दछौं ।

अब उक्त सम्मानपत्रको प्रतिलिपि –

'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

**मुनि विहार व्यवस्थापन समिति**

मुनि विहार, भक्तपुर – ७

## सम्मानपत्र

डा. इन्दुल केसी, नासमना, भक्तपुर

यहाँले आफ्नो शैक्षिक, धार्मिक, वक्तृत्वकला, स्वास्थ्यसम्बन्धी उच्च ज्ञान तथा दक्षताद्वारा यस मुनि विहारमा विगत ६ वर्षदेखि सम्पर्कमा रहेर मुनि विहारद्वारा सञ्चालन गरिएका विभिन्न क्रियाकलापहरूमा उल्लेखनीय रूपमा सहयोग गर्दै आउनुभएको छ ।

हालै यस विहारद्वारा आयोजित लुम्बिनी बौद्ध तीर्थयात्रा भ्रमणमा सहभागी भई भ्रमणको प्रारम्भदेखि आजसम्म (२०७९ साल असार ६ गतेदेखि असार ११ गतेसम्म) भ्रमणको अवधिमा भएका सम्पूर्ण क्रियाकलापहरूमा सक्रिय सहभागिता जनाई यस मुनि विहारको तर्फबाट विभिन्न जिल्लाका विहारहरूका पदाधिकारीहरूसँग सरसल्लाह गरी घनिष्ठ सम्बन्ध स्थापित गर्न विशेष पहलकदमी गर्नुभएको सह्राहनीय कार्यका लागि यहाँलाई यो सम्मानपत्र प्रदान गरेका छौं ।

| | | |
|---|---|---|
| श्री रामकृष्ण वैद्य | भिक्षु विपस्सी महास्थविर | भिक्षु बोधिसेन महास्थविर |
| अध्यक्ष | प्रमुख | सङ्घनायक |
| मुनि विहार दायक सभा | मुनि विहार | अ. ने. भिक्षु महासङ्घ |

२१ असार २०७९
(मुनि विहारमा सामूहिक प्रव्रज्या तथा उपसम्पदा दिवस)

●



# शोकाकुल डा. इन्दुल

**– मच्छेश्वर सापकोटा**

(काभ्रेपलाञ्चोक : गीतिभास्कर उपाधि प्राप्त गायक, सङ्गीतकार तथा गायक)

पूर्वप्रशासक, वरिष्ठ सञ्चारकर्मी, कवि, लेखक, सम्पादक, अनुसन्धाता, वैकल्पिक चिकित्साविज्ञ एवं कर्णप्रिय भजनगायक, बहुमुखी प्रतिभाका धनी व्यक्तित्व आदरणीय दाजु डा. इन्दुल केसीले सम्पादन गर्नुभएको 'सावित्री स्मृति' (सावित्री राणा केसी स्मृतिपुष्प) पढ्ने मौका पाएँ ।

आदरणीय स्रष्टाहरूले लेख्नुभएका सावित्री राणा केसीप्रति श्रद्धाञ्जली अर्पण गरिएका लेखोटहरू उक्त पुस्तकमा पढेर स्तब्ध भएँ । साथै म आफूले चाहिँ उक्त सावित्री राणा केसी स्मृतिपुष्पमा श्रद्धाञ्जलीका दुई थुँगा फूल चढाउने मौका नपाएकोमा अत्यन्तै दुःखित भएँ ।

डा. इन्दुल केसीसँग नजिकबाट चिनापर्ची भएको ५-७ वर्ष मात्र भयो । आक्कलझुक्कलको भेटमा नै उहाँको र मेरो सम्बन्ध अत्यन्तै गाढा बनेको छ भन्ने विश्वास छ हामीलाई । हाल उहाँको जीवनमा ठूलो वज्रपात परेको छ । बुढेसकालको सहारा सावित्री भाउजूबाट सधैँ-सधैँका लागि बिछोडिनुपरेको पीडा सहन गर्न कतिसम्म कठिन हुन्छ भन्ने कुरा उहाँलाई मात्र थाहा होला । तथापि मनको पीडा मनभित्रै लुकाउने प्रयत्न गर्नुभएको छ ।

अत्यन्तै हँसिला, रसिला र मिजासिला स्वभावका डा. इन्दुल केसी अरूले देख्दा निस्फिक्री देखिनुहुन्छ । तर सावित्री भाउजूका विषयमा कुरा चल्दा आँखाभरि आँसु टलपलाएको देखिन्छ । आदरणीय दाजु डा. इन्दुल केसीप्रति शोकलाई शक्तिमा बदल्न सक्ने क्षमता प्राप्त होस् ! हार्दिक सहवेदना !

सबै लेखकहरूको अभिव्यक्ति पढेर सावित्री भाउजू साँच्चैकी सती सावित्री नै हुनुहुँदो रहेछ भन्ने कुरा थाहा पाएँ । उहाँहरूले लेख्नुभएका स्मृतिपुष्पका थुँगाहरू अत्यन्तै मर्मस्पर्शी छन् । यस धरतीमा जन्म लिएर आएपछि एक दिन अवश्य मर्नुपर्छ । यही नै हो संसारको अकाट्य सत्य कुरा भनेको । फरक यति मात्र हो कि कोहीले इतिहासको पानामा आफ्नो नाम लेखाएर केही छोडेर जान्छन्, कोहीले भने आफ्नै जिन्दगीको अर्थ थाहा नपाउँदै देहलीला समाप्त गर्छन् । सावित्री भाउजूले जिन्दगीको अर्थ बुझ्नुभयो, डा. इन्दुल केसीलाई राम्ररी नियाल्नुभयो । त्यसैले त डा. इन्दुल केसीलाई अनन्त कालसम्म बाँचिरहने इतिहासका असल पात्र बनाएर जानुभयो । सावित्री भाउजूको परमधाममा बास होस् ! उहाँको अमर आत्माका लागि चिरशान्तिको कामना ! हार्दिक श्रद्धाञ्जली !

डा. इन्दुल केसी हेर्न लायकका असल साहित्यकार बन्नुमा सावित्री भाउजूको निकै ठूलो त्याग र तपस्या रहेको कुरा सावित्री राणा केसी स्मृतिपुष्पका लेखकहरूको लेखाइबाट थाहा पाएँ । हुन पनि हो, एउटा असल स्रष्टा बन्नका लागि श्रीमान्लाई श्रीमतीको र श्रीमतीलाई श्रीमान्को अटुट साथ र सहयोग अपरिहार्य हुन्छ । त्यसै गरी परिवारका सबै सदस्यहरूबाट पनि सकारात्मक प्रेरणा, हौसला मिल्यो भने मात्र उच्चकोटिको स्रष्टा बन्न सफल हुन्छ, जसरी डा. इन्दुल केसी सफल बन्नुभएको छ ।

डा. इन्दुल सफल मात्र बन्नुभएन, असल पनि बन्नुभयो । जीवन सार्थक बनाउनुभयो । यस्ता जाँगरिला, फुर्तिला डा. इन्दुलप्रति सुस्वास्थ्यका साथ दीर्घजीवनका लागि हार्दिक शुभकामना !

●



# सावित्री केसी अब स्मृतिको पानामा

**– मोहन पौडेल**

(भक्तपुर : लेखक तथा सम्धी)

● २००३ सालमा पिता ब्रिगेडियर जनरल लक्ष्मीशमशेर राणा तथा माता विष्णुकुमारी राणाको परिवारमा जन्मनुभएकी सावित्री राणाको शुभविवाह डा. इन्दुल केसीसँग २०२४ सालमा भएको थियो ।

● उहाँ एक कुशल गृहिणीको भूमिका निर्वाह गर्न सफल हुनुभएको कुरा उहाँको पारिवारिक माहोलबाट पुष्टि भएको छ । यसरी ५७ वर्षसम्मको लामो अवधिमा एक छोरा, एक बुहारी, जेठी छोरी रजनी केसी, सजनी केसी नातिनातिनी रहेको सानो सुन्दर संसार भन्नुपर्छ ।

● एक कुशल र सफल गृहिणीको भूमिका निर्वाह गर्नुका साथै गृहस्थ जीवनमा आइपर्ने हाम्रो संस्कार, परम्परा र मान्यता अनुसार नेपालका एक दर्जन तीर्थस्थलहरूको दर्शन भ्रमण गरेर अध्यात्म शान्तिको लाभ लिन उहाँ सफल हुनुभएको पाइन्छ ।

● त्यसै गरी छिमेकी देश भारतमा रहेका धार्मिक दर्जनौं तीर्थस्थल समेतको दर्शन भ्रमण गर्न सफल हुनुले उहाँको आध्यात्मिक र धार्मिक यात्रा सफल भएको पाइन्छ । दैनिक जीवनमा आइपर्ने चाडपर्वहरूमा सत्यनारायणको पाठपूजा र सत्सङ्गमा सरिक भई आर्थिक सहयोग गर्न अग्रसर रहेर पुण्यलाभ गर्न सफल शालीन नारीको भूमिका निर्वाह गर्न तथा सुन्दर परिवार र सफल परिवार निर्माण गर्न उहाँको लगनशीलताको प्रशंसा जति गरे पनि कमै हुनेछ ।

● घरगृहस्थीमा रहेर ओराली-उकालो गर्दै गर्दा अचानक उहाँको स्वास्थ्यमा प्रतिकूल समस्या आइलाग्यो । अन्त्यमा

स्वास्थ्योपचारका सम्भावित सबै प्रयास असफल भएर विधिको विधान नै भन्नुपर्‍यो, हामी जन्मेपछि मृत्यु पनि एक शाश्वत सत्य भएकाले आफ्नो प्रारब्धको मिति सकिएको हुनुपर्छ, दैवले अचानक एक परिवारप्रति बज्र प्रहार गरी २०८० साल असोज २१ गते सावित्री केसीको जीवनलीला समाप्त भयो । घरपरिवारलाई टुहुरो भावविह्वल बनाई आफू अनन्त ब्रह्मलीन हुनुभयो, पञ्चतत्त्वमा समाहित हुनुभयो ।

● विधिको विधानसँग हाम्रो के लाग्छ र ? सावित्री केसीको दिवङ्गत आत्माको शान्तिको कामना गर्दै पुनः हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

●



# 'सावित्री स्मृति' भित्र रुमलिँदा

**– रवीन्द्र गिरी**
(काठमाडौं : लेखक तथा सामाजिक अभियन्ता)

'सावित्री स्मृति' पुस्तकका बारेमा केही लेख्नुपूर्व हामी हाम्री प्यारी मितिनी दिदी सावित्री राणा केसीको दुःखद निधनप्रति हृदयदेखिकै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ ।

● हाम्रा भिनाजु विद्वान् डा. इन्दुल केसीले सम्पादन तथा सङ्कलन गरी आफ्नी आदर्श धर्मपत्नीको स्मृतिमा प्रकाशनमा ल्याउनुभएको 'सावित्री स्मृति' पुस्तकभित्र दृष्टि दिँदै गर्दा सम्पादक महोदयले सङ्कलन गर्नुभएका र विभिन्न विद्वान्हरूले अभिव्यक्त गर्नुभएका सबै सामग्री गहकिला र मर्मस्पर्शी त छँदैछन्, साथै भावनात्मक रूपमा पनि साह्रै हृदय छुने छन् ।

'स्वर्गीय सावित्रीको सम्झनामा' शीर्षक लेखनीमा डा. इन्दुल केसीले मनका भावना र आफ्ना जीवनका तत्कालीन यथार्थताको जुन चित्रण गर्नुभएको छ, त्यसले उहाँहरूबीचको आत्मीय सम्बन्ध कति प्रगाढ रहेछ भन्ने कुरा छर्लङ्ग हुन्छ ।

प्रा. डा. कृष्णप्रसाद दाहालको 'कवितामा सावित्री' काव्यात्मक सृजनाका हरेक हरफ गहकिला लागे । विशेषतः 'मलाई सावित्री भएको इन्दुल मन पर्छ, मलाई इन्दुल भएको सावित्री मन पर्छ' ले मेरो मन छोयो । सावित्रीको व्यक्तित्व वर्णन गर्ने अन्य भावनाहरू पनि साह्रै ओजिला लागे ।

हरि मञ्जुश्रीको 'अनेकमध्येकी एक सावित्री' संस्मरणले डा. इन्दुल केसीमा विद्यमान बहुआयामिक व्यक्तित्व प्रस्फुटनका लागि दिदी सावित्रीको कस्तो योगदान रहेछ भन्ने कुराको यथार्थ चित्रण गरेको छ ।

छोरी रजनीको 'हाम्री जननी' शीर्षक कवितामा आमाप्रतिको जुन गहिरो माया, स्नेहभाव व्यक्त गरिएको छ, त्यो साह्रै मर्मस्पर्शी लाग्यो । यस कविताको अन्तिम पङ्क्ति यहाँ सम्झन मन लाग्यो –

'तिम्रो आत्माले सुखावती भुवनमा बास पाओस्
तिम्रो देहले ब्रह्माण्डमा विलीन हुन पाओस्
तिम्रो अटूट सम्झना हामीमाझ सदा रहने गरी
आमा तिमी जानू तिमीलाई अलबिदा
आमा तिमी जानू तिमीलाई अलबिदा !'

● स्मृतिपुष्पमा ५० भन्दा बढी धार्मिक, सामाजिक एवम् विभिन्न पेसागत सङ्घ-संस्थाहरूको समवेदना सन्देश, ३२५ भन्दा बढी व्यक्तिगत सन्देश, सावित्री राणा केसीलाई विभिन्न सङ्घ-संस्थाहरूले प्रदान गरेका सम्मानपत्र, पारिवारिक, धार्मिक एवम् तीर्थयात्रा सम्बन्धी करिब १५ सुन्दर फोटाहरू समावेश गरिएका छन् । साथै आधा दर्जनजति विभिन्न सञ्चार माध्यमका शोक समाचारहरू, पुस्तकको भित्री गातामा कृष्ण, राधा, रुक्मिणीको सुन्दर प्रतिमासहित छापिएको १९८३ मा स्थापना भई २०७२ सालको भूकम्पपछि पुनः निर्माण भएको 'श्री श्यामसुन्दर रास भजन' को रङ्गीन फोटो र सगुन भजनले पनि पुस्तकको स्तरीयता वृद्धिमा निकै बल पुऱ्याएको छ ।

पुस्तकको अन्तिम गातामा रङ्गीन कलेवरयुक्त 'वंशावली तालिका' पनि उहाँहरूको पारिवारिक पुर्ख्यौली चिनाउने ऐतिहासिक दस्तावेज बनेको छ ।

● सरल, भद्र, मिलनसार आदर्श नारी सावित्री दिदी सहनशीलताकी प्रतिमूर्ति हुनुहुन्थ्यो । पतिव्रता आफ्नी पत्नीको सम्झनामा पति साहित्यकार, प्राकृतिक चिकित्सक, शैक्षिक अभियन्ता, सदा सबैको प्रिय पात्र हुन सफल रहनुभएका आदरणीय डा. इन्दुल केसीले जुन सम्पादकीय कौशल एवम् सीप पुस्तक प्रकाशनमा देखाउनुभएको छ, त्यो ज्यादै उच्च कोटिको छ ।

हुन त विधिको विधान यस्तै छ, यो धरामा आएपछि एक दिन सबैले जानु नै छ, तर पनि एक आदर्श पत्नीलाई गुमाउनुपर्दा पति

डा. इन्दुलमाथि असह्य पीडाको बज्रपात परेकै हुनुपर्छ । मनभित्र परेको यस्तो असहनीय पीडाबाट कत्ति विचलित नभई शोकलाई शक्तिमा रूपान्तरित गर्न सक्ने सामर्थ्य उहाँमा भरपुर देखिन्छ । यो उहाँभित्र लुकेर बसेको विशाल धैर्यको परिचायक हो भन्ने म ठान्दछु ।

जे होस्, 'सावित्री स्मृति' पुस्तकमा समावेश भएका सम्पूर्ण सामग्री पठनीय त छँदैछन्, उदाहरणीय पनि छन् भन्ने मेरो निर्क्योल छ ।सावित्री दिदीको जीवनवृत्त, स्वास्थ्य समस्याको विवरण, उहाँसँगका संस्मरणहरू, उहाँको निधनसम्बन्धी समाचारहरू, निधनपछि प्राप्त सन्देशहरू समावेश गरेर प्रकाशित गरिएको यो पुस्तक प्रकाशकीयमा भनिएझैँ एउटा सिङ्गो जीवनी हो भन्न हिच्किचाउनुपर्दैन ।

अतः यस्ता बहुमूल्य प्रकाशनलाई जनसमक्ष ल्याई हामी सबैलाई बिर्सनै नसकिने गुण लगाइदिने प्रकाशन संस्था 'शब्दयात्रा प्रकाशन' प्रति पनि हृदयदेखिकै साधुभाव ज्ञापन गर्दछौँ ।

●

# 'सावित्री स्मृति' हातमा परेपछि

**– राधेश्याम न्यौपाने**
(भक्तपुर : आध्यात्मिक चिन्तक तथा लेखक)

डा. इन्दुल केसीसँग मेरो चिनजान भएको धेरै भएको छैन । त्यसो भए पनि सधैँ प्रफुल्ल रहने, अरूको मनोभावना बुझ्ने, अरूलाई कसरी सहयोग गर्न सकिन्छ भनेर चिन्तित भइरहने, यस्ता व्यक्ति मैले आफ्नो उमेर ६ दशक पार गरेपछि मात्र भेट्न पाएँ ।

कुरैकुरामा एक दिन थाहा लाग्न आयो उहाँको जन्मदिन । उहाँको र मेरा पिताजीको जन्मदिन एकै दिन परेको रहेछ । मैले मेरा पिता गुमाएको ३ दशकभन्दा बढी भयो । यस्तो अवस्थामा आफ्ना पितातुल्य व्यक्तिसँगको मेरो भेटघाट दैवले नै जुराइदिएको हुनुपर्छ ।

भक्तपुरको ध्यानमण्डलमा होस् या यहाँका विभिन्न टोल र गल्लीहरूमा बेलाबखत डा. इन्दुल केसीसँग भेट भइरहन्छ । केही दिन उहाँसँग भेट हुन सकेन भने कहाँ जानुभयो होला भन्ने लाग्न थाल्छ । एकपटक धेरै दिनसम्म उहाँसँग भेट हुन सकेन । सोधीखोजी गर्दा थाहा लाग्यो उहाँ धर्मपत्नीको शोकमा पर्नुभएको रहेछ । त्यसको केही दिनपछि उहाँसँग भेट गर्ने मौका मिल्यो । उहाँलाई धर्मपत्नीको शोकमा समवेदना व्यक्त गर्दै गर्दा उहाँले एउटा पुस्तक हातमा थमाइदिनुभयो । पुस्तकको नाउँ थियो 'सावित्री स्मृति' । उक्त पुस्तक मैले छोटो समयमै सर्सर्ती हेर्दा मलाई केही कुरा शब्दमा उतार्न मन लाग्यो र मनमा उठेका भावनाहरू शब्दमा उतार्दैछु ।

'सावित्री स्मृति' सावित्री राणा केसीको देहावसानपछि स्मृतिपुष्पका रूपमा डा. इन्दुल केसीको सम्पादनमा प्रकाशित छ । सो पुस्तकको आवरण पृष्ठमा सावित्री केसीका जीवनका अनुभवहरूले पोसिलो भएको नेपाली महिलाको जीवनभर श्रीमान् र घरपरिवारप्रति समर्पित हुँदै आर्जन गरेको हँसिलो मुहारसहित कुनै

कार्यक्रम वा चाडपर्वको अवसर पारेर खिचिएको छवि रहेको छ । पुस्तकको सुरुवात एउटा भजनबाट गरिएको छ भने सावित्री केसीको धराधामप्रवेश २००३ मार्ग ३ मा भएको र धराधाम छाडेर भगवदधाम प्रवेश गरेको २०८० असोज २१ भनेर जनाइएको छ । पुस्तकमा सम्पादकको कला पुस्तकमा राखिएका सूचनाहरूको क्रमबद्धताले नै झल्काउँछ । डा. इन्दुल केसीको बौद्धिकता, विषयवस्तुलाई ग्रहण गर्ने कला, विषयवस्तुलाई कुन क्रममा मिलाएर राखेमा पाठकवर्गको जिज्ञासा सजिलोसँग समाधान हुन सक्छ भन्ने सीप आदि प्रस्ट हुन आउँछ ।

हार्दिक श्रद्धाञ्जलीको डिजाइन जुन ढङ्गले गरिएको छ, सके अरूले पनि यस्तै खालको श्रद्धाञ्जली प्रकाशित गर्दा यही डिजाइन उपयुक्त हुने हो कि भन्ने सोच्न बाध्य गराइदिने खालको छ । यसले डा. इन्दुल केसीको संयोजन क्षमता प्रदर्शित गरिरहेछ । पुस्तकमा सावित्री राणा केसीको जीवनवृत्तमा उहाँको जन्मकुण्डली राखिएको छ । उहाँहरू विवाह मागीविवाहको प्रक्रियाबाट गरिएको पनि स्पष्ट हुन आउँछ । सावित्री केसी ललितपुरको उच्च कुलघरानाकी छोरी रहेको र महिला शिक्षा हुँदै नभएको जमानामा समेत उहाँले एसएलसी उत्तीर्ण गरेको स्पष्टिन आउँछ । सो भनेको हालको अवस्थामा पीएचडी बराबर हो ।

जीवनमा गृहिणीको जिम्मेवारीमा रहँदै गर्दा उहाँले दुई छोरी र एक छोरालाई हुकाउँदै सबल र सुशील नागरिक बनाउन सफल हुनुभएको छ । यस्तो परिस्थितिको निर्माण डा. इन्दुल केसीजस्ता प्रेरक पिता र श्रीमती सावित्री केसीजस्ती ममतामयी माताको माया पाएर मात्र सम्भव हुन आउँछ ।

नेपालका मुख्य-मुख्य सबै भगवतधाम र भारतका चारधाम लगायत सबैजसो भगवतधाम र पीठहरूको दर्शन गर्नुभएकी सावित्री केसीको भगवानप्रतिको समर्पण भावना समेत सो स्मृतिपुष्पले सम्झाउँछ र स्मृतिपुस्तक उहाँको जन्मबाट आरम्भ नगरिएर उहाँको भगवतधाम प्रस्थानको क्रमबाट उपस्थित गरिएको छ । शरीरको अवसानपछि हिन्दू विधि अनुसार पशुपति आर्यघाटमा गरिएको

अनुष्ठान जुन ढङ्गले देखाइएको छ, सो हेर्दा आम मानिसलाई पनि हिन्दू विधि के हो भन्ने जानकारी गराउँछ । यस्तो विषयलाई स्मृतिपुस्तकमा स्थान दिएर डा. इन्दुल केसीको हिन्दू धर्म, संस्कृति र परम्पराको जानकारी, सो विषयलाई प्रस्तुत गर्ने तरिका आदिलाई सह्राहना नगरी रहन सकिँदैन । हाम्रो शासन व्यवस्थामा केही कानुनी प्रक्रियाहरू पूरा गर्नुपर्ने हुँदा व्यक्तिले धराधाम छोडेपछि मृत्यु दर्ता प्रमाणपत्र पनि चाहिने भएकाले सो पनि पुस्तकमा राखिएको छ ।

डा. इन्दुल केसीले आफ्नी श्रीमतीको सम्झनामा केही शब्दहरू राख्नुभएको छ । परिवारमा रहँदा परिवारभित्र घट्ने घटना र सो घटनामा धैर्यपूर्वक, जिम्मेवारीबोधसहित उहाँले व्यक्त गर्नुभएका शब्दहरूले उहाँको स्वभावभित्र रहेको धैर्य, जिम्मेवारीबोध, घटनाको गुरुत्व अनुभव गर्ने क्षमता, अवस्था अनुसारको व्यवस्था गर्ने व्यवस्थापकीय क्षमता आदिको बोध हुन आउँछ । लामो समयसम्म सरकारी सेवामा रहेर राष्ट्रसेवकको जिम्मेवारी सम्पादन गर्दै उपसचिव तहबाट अवकाश लिनुभएका डा. इन्दुल केसीको तीसौँ वर्षको अनुभव अवकाशपछि अरू क्षेत्रमा रसाइरहने नै भयो ।

कुरोको बिट मार्नुपर्ने अवस्थामा म के भन्न चाहन्छु भने एक सुयोग्य श्रीमान्‌को पतिव्रता श्रीमतीसँगको युग्म जीवनकथा यस प्रकारका स्मृतिपुष्प नमुनाका रूपमा रहोस्, सबैका लागि प्रेरणाको कारण बनोस् ।

●



# ‘सावित्री स्मृति’ को अवलोकन

**– रामप्रसाद गिरी ‘विनोद’**
(ललितपुर : सामाजिक अभियन्ता तथा लेखक)

‘सावित्री स्मृति’ पुस्तक पढ्दा मलाई पुरानो एवं बाल्यकालको स्मरण गरायो । लक्ष्मी शमशेर राणा र आमा विष्णुकुमारी राणा (नानी दिदी) बाट जन्मनुभएकी एक मात्र छोरी हुनुहुन्थ्यो सावित्री राणा । विष्णुकुमारी राणालाई मेरा पिता बलराम गिरीले बहिनी बनाई भाइटीका गरी ल. पु. न. पा. – ११ घरमा बस्दै रहनुभई यसै घरबाट २०२४ साल आषाढमा भ. पु. न. पा. – ४ मङ्गलाछें घर हुनुभएका इन्दुल केसीसँग विधिवत सनातन हिन्दू संस्कार अनुसार घरपरिवारबाट कन्यादान गरी बिदाइ गरियो ।

यो साँच्चै एक स्मरणीय क्षण रह्यो किनकि संसारमा एकै कोखबाट जन्मेको एकै नाता परिवारबाट मात्र हुन्छ भन्ने रहेनछ, जहाँ श्रद्धा र व्यवहारले पनि आफ्नै परिवार हुँदो रहेछ भन्ने एक यो ज्वलन्त उदाहरण हो । राम्ररी याद अनि सम्झना छ, बाल्यकालमा सावित्री दिदी दाजु बेनी गिरी, दिदी विद्या गिरी, म विनोद गिरी र भाइ वंशी गिरी एकै घर साथमा खेलाइ, पढाइ गर्दै हुर्किएँ म । उमेर बढ्दै गयो र उहाँ सावित्री दिदी ठूली भई विवाह बन्धनपछि उहाँको हामी माइतीघर नै आजका दिनसम्म रहिआएका छौँ ।

उहाँ शान्त स्वभाव, सरल, सफल गृहिणी, सबैसँग घुलमिल हुन सक्ने, कसैको मन नदुखाउने प्रवृत्तिकी हुनुहुन्थ्यो । उहाँलाई हामीबीच दैवले लगिछाड्यो सम्झना मात्र राखेर । त्यसपछि ‘सावित्री स्मृति’ निस्कियो । यसमा उल्लेख भएका प्रायः सम्पूर्ण घटना मैले प्रत्यक्ष देखेको थिएँ । कतिपय कार्यमा म पनि संलग्न थिएँ । कसैको देहावसान भएपछि त्यस्ता व्यक्तिका बारेमा लेखिएका पुस्तकहरूमा यो पनि उल्लेखनीय रूपमा पाएँ । सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।



# डा. इन्दुल केसीको पीडाको घेराबन्दीमा 'सावित्री स्मृति' को संयोजन

– राममणि ढुङ्गेल
(भक्तपुर : चक्रपाणि चालिसे प्रतिष्ठानका अध्यक्ष)

मानिस जसरी खाली हात जन्मिन्छ, त्यसरी नै खाली हात मृत्युवरण गर्दछ । मानिसले जे आर्जन गर्दछ, यसै धरतीबाट आर्जन गर्दछ र अन्त्यमा धरतीको नासो यही धरतीलाई सुम्पिँदै आफू पनि यसै धरतीमा समाहित हुन पुग्दछ खाली हात । यो क्रम हिजो थियो, आज छ र भोलि पनि रहनेछ । यसैले यसलाई शाश्वत सत्य मानिन्छ । यसलाई हटाउने, दबाउने या परिवर्तन गर्न यन्त्र आधुनिक विज्ञानले अहिलेसम्म आविष्कार गर्न सकेको छैन । चाहे जतिसुकै बलवान् किन नहोस्, यसबाट उन्मुक्ति पाउन कोही सक्तैन र त्यो मिल्दैन पनि । जन्म जीवनयात्राको शुरुवात हो भने मृत्यु त्यसको अन्त्य । जन्म र मृत्युबीचको अवधिलाई नै जीवन भनिन्छ ।

'सावित्री स्मृति' (सावित्री राणा केसी स्मृतिपुष्प) एउटा यस्तै दस्तावेज हो, जसमा डा. इन्दुल केसीकी सहधर्मिणी सावित्री राणा केसीको जीवनकथा समेट्ने प्रयास गरिएको छ । साथै यसभित्र सावित्री राणा केसीको जीवनको अवसानपछि डा. इन्दुल केसीको पीडामय अवस्थितिको प्रतिबिम्ब पनि यसमा नियाल्न सकिन्छ ।

सावित्री राणा केसी डा. इन्दुल केसीकी विवाहिता धर्मपत्नी हुन् । २००३ साल मङ्सिर ३० गते यस धरतीमा अवतीर्ण भएकी सावित्री राणाको २०२४ साल असार २४ गते डा. इन्दुल केसीसित विवाह भएको थियो र उनी सावित्री राणाबाट सावित्री राणा केसी बन्न पुगेकी थिइन् । डा. इन्दुल केसी र सावित्री राणा केसीको दाम्पत्य जीवन सुमधुर चल्दै थियो । सुख-दुःख उकाली-ओराली आउँथे-जान्थे । सहज-असहज जीवनयात्रा डा. इन्दुल केसी र सावित्री

राणा केसीको सहयात्राको नाउ चल्दै थियो, अनायास आएको तुफानी छालले सावित्री राणा केसीको इहलीला समाप्त गरिदियो २०८० असोज २१ गतेको अँध्यारो कालखण्डले । यसपछि नचाहँदा-नचाहँदै डा. इन्दुल केसीको जीवनमा दुःखको पहाड पल्टियो । त्यसपछि शुरु भयो इन्दुल केसीमा पीडामय छट्पटी ।

डा. इन्दुल केसी १९९८ मार्ग २७ गते यस धरतीमा पदार्पण गर्नुभएको हो । यस हिसाबले उहाँ ८४ वर्षमा यस धरतीमा विचरण गर्दै हुनुहुन्छ । नेपालको सबभन्दा सानो जिल्ला भक्तपुरमा जन्मिनुभएका केसी विशाल छाती समेट्नुहुन्छ । उहाँ सदैव विभिन्न भूमिकामा समाजसेवामा सक्रिय रहिरहनुहुन्छ । कहिले सरकारी सेवामा रहेर देश र जनताको सेवामा सक्रिय हुनुहुन्छ । कहिले शिक्षक प्रशिक्षकको भूमिकामा रहेर ज्ञानसञ्चारका माध्यमबाट सेवामा देखिनुहुन्छ । कहिले कानुनी तथा परामर्श सेवाका माध्यमबाट योगदानरत हुनुहुन्छ । कहिले योग तथा प्राकृतिक चिकित्साका माध्यमबाट मानवसेवामा तल्लीन देखिनुहुन्छ । कहिले विभिन्न पाटीपौवा र भजनगृह निर्माणको नेतृत्वदायी भूमिकामा देखिनुहुन्छ । साहित्यसेवामार्फत मानव मात्रमा ज्ञानसञ्चारमा तल्लीन रहनुहुन्छ । यसरी डा. इन्दुल केसी विभिन्न माध्यमबाट मानव मात्र नभई सम्पूर्ण प्राणी मात्रको राष्ट्रको धरतीका र प्रकृतिको संरक्षण सम्वर्धन तथा विकासमा लागिरहनुहुन्छ । उहाँमा किञ्चित् थकाइ देखिँदैन । निरन्तर लागिरहनुहुन्छ ।

२०८० असोज २१ गते एउट असह्य बज्रपातको क्षण बन्यो उहाँका लागि । छपन्न वर्षदेखि दुःखसुखमा साथ दिँदै आएकी अर्धाङ्गिनीको अनायास हुन गएको देहावसानले उहाँमा रहेको धैर्यधारण क्षमतामा खलबली मच्चायो, अतिशय वेदना र पीडाले गाँज्यो । तर उहाँले त्यस्तो दुःखदायी र पीडादायी अवस्थामा पनि आफूलाई सचेततापूर्वक संयममा राख्नुभयो । बज्रपातयुक्त पीडालाई भित्रभित्रै दबाउनुभयो, यो उहाँमाथि परिस्थितिजनित बाध्यता पनि थियो । माथि भनिएजस्तै जन्म मृत्युकै लागि हो । हामी सबैले जाने बाटो त्यही हो, मात्र ढिलो र चाँडो । यो डा. इन्दुल केसीले राम्ररी

बुझ्नुहुन्थ्यो । तसर्थ समयले दिएको असह्य पीडालाई शक्तिमा बदल्नुभो । आफ्नी जीवनसङ्गिनी सावित्री राणा केसीको मृत्युलाई सहज रूपमा स्वीकार्दै आफ्नी सहधर्मिणीको नामका सम्झनलायक ठोस कार्य गर्ने योजना बनाउनुभयो, जसको प्रतिफल उहाँले सावित्री राणा केसीको चीरस्थायी सम्झनाका लागि फूलगुच्छा सजाउने कार्य प्रारम्भ गर्नुभयो र एउटा मालाको निर्माण गर्नुभयो । त्यही माला 'सावित्री स्मृति' (सावित्री राणा केसी स्मृतिपुष्प) का नाममा पाठकका सामु पस्किनुभयो, जसको सम्पादन डा. इन्दुल केसी आफैँले गर्नुभयो । त्यसको प्रकाशन शब्दयात्रा प्रकाशन अक्षरधाम शब्दासाधक तीर्थ बनेपा काभ्रेले २०८० चैत्रमा गऱ्यो । यसरी डा. इन्दुल केसीले पाठकसामु पुस्तकका रूपमा पस्किएर आफ्नी धर्मपत्नी सावित्री राणा केसीको स्मरण गर्दै अमरत्व प्रदान गर्ने अति महान् एवम् स्तुत्य कार्य गर्नुभयो ।

यस पुस्तकबाट सावित्री राणा केसीको जीवनवृत्तको समग्र जानकारी प्राप्त गर्न सकिन्छ भने उहाँको स्वास्थ्य अवस्थामा आएको उतारचढाव, स्वास्थ्य परीक्षण, उपचार अवस्थितिको समेत जानकारी प्राप्त गर्न सकिन्छ ।

यस पुस्तकभित्रको अन्त्य नियाल्दै गर्दा डा. इन्दुल केसी स्वयम्को लेख भेटिन्छ, जसमा डा. इन्दुल केसीले २०२६ सालतिर आफ्नी धर्मपत्नी बिरामी पर्दाको स्मरण प्रस्तुत गर्नुभएको छ, जुन अति मर्मस्पर्सी र हृदयविदारक रहेको छ ।

प्रा. डा. कृष्णप्रसाद दाहालको श्रद्धाञ्जली लेखबाट सावित्री राणाको शिक्षादीक्षाको अवस्था जानकारी प्राप्त हुनुका साथै उहाँको सामाजिक एवम् धार्मिक प्रवृत्ति मानवहितमा आफ्नो जीवन समर्पण गर्न रुचाउने सचेतना विद्यमान रहेको, तीर्थव्रत र दानदक्षिणामा रमाउने मनस्थिति रहेको जानकारी प्राप्त गर्न सकिन्छ । साथै उहाँ असल गृहिणी, असल पत्नी, असल बुहारी, असल आमा हुनुहुन्थ्यो भन्ने पनि जानकारी मिल्दछ । सावित्री राणा केसी अति आत्मीयताका साथ अतिथिसत्कारमा रमाउने मनोवृत्तिकी हुनुहुन्थ्यो भने यस कार्यमा अत्यन्त निपूणसमेत हुनुहुन्थ्यो भन्ने पनि जानकारी मिल्दछ ।

डा. इन्दुल केसीको साहित्य साधनाको लक्ष्य एवम् साहित्ययात्राको मार्गमा सावित्री राणा केसी आफ्ना पतिको सहयोगका खातिर सदैव सकारात्मकताका साथ प्रदान गर्नुहुन्थ्यो भने पतिको साथ हातमा हात मिलाएर पथप्रदर्शकसमेत बन्नुहुन्थ्यो भन्ने पनि जानकारी प्राप्त गर्न सकिन्छ ।

पुस्तकभित्र नियाल्दै गर्दा जीवनाथ अधिकारी, टीका ढुङ्गेल 'रटन', नवीना श्रेष्ठ, पदम दाहाल, प्रजापति तिमिल्सिना, हरि मञ्जुश्री जस्ता अग्रणी वरिष्ठ साधकहरूका समवेदना तथा श्रद्धाञ्जली समर्पणका गहन लेखरचनाहरू रहेका छन् भने छोरी रजनी केसी मानन्धरको आमाको स्मरणमा कोरिएको कविता समाविष्ट रहेको छ । साथै पुस्तकभित्र सावित्री राणा केसीको देहावसानपछि विभिन्न पत्रपत्रिकामा, विभिन्न संस्थाहरू, व्यक्तिहरूबाट प्रदान गरिएको समवेदना र श्रद्धाञ्जलीहरूसमेत समावेश गरिएका छन् । साथै उहाँको स्वर्गारोहणमा समवेदना प्रकट गर्न र श्रद्धाञ्जली अर्पण गर्न घाटमा आउने मलामी तथा किरियाकर्म गर्ने स्थलमा समवेदना र श्रद्धाञ्जली अर्पण गर्न पुग्नुभएका शुभचिन्चक तथा आफन्तजनको नामावलीसमेत यस पुस्तकमा समेटिएको छ । साथै सावित्री राणा केसीसित सम्बन्धित केही तस्बीरहरू समाविष्ट गरेर पुस्तकलाई स्मरणयोग्य बनाउने प्रयास पनि गरिएको छ ।

अन्त्यमा डा. इन्दुल केसीले छपन्न वर्ष दुई महिना सत्ताइस दिन साथसाथ जीवनको यात्रा गरेकी आफ्नी सहधर्मिणी सावित्री राणा केसीको देहावसानको दुःखद अवस्थालाई शक्तिमा बदल्दै 'सावित्री स्मृति' (सावित्री राणा केसी स्मृतिपुष्प) पुस्तक तयार गरी पाठकसामु प्रस्तुत गरी उहाँको स्मरणलाई चीरस्थायी बनाउनेजस्तो अति स्तुत्य कार्य गर्नुभयो । डा. इन्दुल केसीलाई हार्दिक धन्यवाद भन्न चाहन्छु ।

●



# 'सावित्री स्मृति' कृतिसँगालो

– **लालबहादुर भुजेल**
(भक्तपुर : चाँगुनारायण साहित्य समाजका अध्यक्ष)

**प्रारम्भ :**

केही दिनअगाडि 'सावित्री स्मृति' नामक पुस्तक मेरो हातमा परेको छ । उक्त पुस्तक शब्दयात्रा प्रकाशन काभ्रेद्वारा वैशाख २०८१ मा प्रकाशित भएको रहेछ । साहित्यकार एवम् लेखक, उमेरले ८ दशक पार गरिसक्नुभएका, अत्यन्त सक्रिय, ज्यूँदोजाग्दो, उत्प्रेरक डा. इन्दुल केसीकी सहधर्मिणी सावित्री राणा केसीको ७७ वर्षको उमेरमा दुःखद निधनको घडीमा स्मरणपुञ्जको रूपमा परिवारजनकै लगानीमा पुस्तक सर्मपण गरिएको रहेछ । उहाँको २०८० असोज २१ गते आइतबार स्वर्गवास भएको रहेछ ।

एउटा विवाहित पुरुष र महिलाका लागि जन्म दिने बाबुआमापछिको नजिकको प्रगाढ नाता भनेको श्रीमान्-श्रीमती हो । एउटा त बुढ्यौली उमेर आफैँमा विकराल र घोर पट्यारलाग्दो पश्चात्तापपूर्ण निरस अवस्था हो । विवाहिता छोरी परघरमा जानु हाम्रो प्रचलन हो । छोराहरू छन् भने आ-आफ्नो गुँड र नितान्त पारिवारिक खरखाँचो, बन्दव्यापार, जागिरे जीवनमा सदा अभ्यस्त हुन्छन् । आआफ्नै बचेराको स्याहारसुसार र व्यवस्थापनमा लिप्त हुन्छन् र प्रातःकालदेखि राति अबेरसम्म परिवारका समस्या निपटारा गर्न र चुनौतीको सामना गर्ने कुराले पिरोलिरहेको हुन्छ । 'बाबुआमाको मन छोराछोरीमाथि र छोराछोरीको मन ढुङ्गामुढामाथि' भनेझैँ राति अबेरसम्म बाहिरै रहेको छोरालाई आँखा तन्काइतन्काई अधैर्यसाथ बसेका ती डाँडामाथिका घामलाई लत्याएर आफ्नो गुँडभित्र पस्छ र बल्ल थाकिसकेका नजर ओभ्रेलमा पर्छन् । यो देशमा जतिसुकै विगतमा ज्येष्ठ नागरिकका कानुन बने पनि स्थानीय

निकायले ढाडस दिए पनि एकल ज्येष्ठ नागरिकलाई घर-पर कहीँ पनि सम्मानित र पुरस्कृतको अलावा तिरस्कृत हुन्छ । यही नै सत्य, तथ्य र यथार्थ पनि हो ।

अङ्ग्रेजीमा एउटा उखान छ 'The wearer knows where the shoe pinches' अर्थात् जुत्ता लगाउनेलाई मात्र जुत्ताले कहाँ दुखाउँछ भन्ने थाहा हुन्छ । आफन्तजन, साथीभाइ, छिमेकी त जुठो, काजक्रिया छउन्जेल सम्झाउने, ढाडस दिने न हुन्, त्यसपछि त कोहीकसैलाई फुर्सदै हुँदैन, सबैलाई आआफ्नै चटारो र हतारो हुन्छ । कृष्णपक्षका कालरात्री बेचैन दिन-रात त, आफैँले सम्हालिएर जिउँने जमर्को गर्नुपर्ने हुन्छ । कति ढुकुरका वा परेवाका जस्ता जोडीहरू सदाका लागि छुट्टिएपछि बिस्तारै हतोत्साही, निरुत्साहित हुन्छन् र डिप्रेसनमा पर्छन्, केही गरौँ भन्ने उमेर छँदैमा मानवचोला सेलाउँछन् र बिलाउँछन् ।

तर ८४ वर्षमा पनि डा. इन्दुल केसीमा प्रेरणादायी स्फूर्ति, जोश र अनुकरणीय लगन पाइन्छ । उहाँको दौडधूप, मृदुभाषी बोली-व्यवहार अनुकरणीय छ । उहाँले सधैँका निम्ति बिछोड हुनुभएकी धर्मपत्नीप्रतिको गहिरो संवेदना उक्त पुस्तकमार्फत अर्पण गर्नुभएको छ, जुन कमै मान्छेको सुझबुझमा पर्दछ ।

**पुस्तकमा मेरो दृष्टि :**

सर्वप्रथम त डा. केसीले मृतकको जीवनयात्रा उतार्नुभएको छ जसमा उहाँको जन्म, मृत्यु, माइती, शिक्षा, विवाह, सन्तान, पेसा, भ्रमण, धार्मिक सहभागिता र सरसहयोगको झलक देखिन्छ । त्यस्तै उहाँले अर्धाङ्गिनीलाई विगतमा आइपरेका बखतमा स्वास्थ्यसम्बन्धी झमेलादेखि लिएर दाहसंस्कारसम्मको फेहरिस्त प्रस्तुत गरेको देखिन्छ । उहाँको स्मरणमा ताजै श्रीमतीसँगको रहेको सहयात्रा मार्मिक छ । यस पुस्तकमा सावित्री राणा केसी टिचिङ अस्पतालमा रहँदा तथा निधन हुँदा आर्यघाटमा वा क्रियापुत्री भवनमा उपस्थित भई मानवीय सद्भाव र मतैक्य जनाउने इष्टमित्र, साथीसँगी, शुभचिन्तक, सङ्घ-संस्थाका हितैषी मित्र, शुभचिन्तकहरूको

नामनामेसीलगायत जीवनका दुर्लभ पलहरू र स्मरणहरू समाहित छन्, यादहरू ज्वलन्त रूपमा विपनीजस्तै छर्लङ्ग छन् । सावित्रीको कुनै कुरा छुटेको छैन । छुटेको छ त कहिल्यै नफर्कने बाचा गरी बिरानो मार्ग सदा-सदाका लागि पछ्याएको मान्छे । आश्चर्य लाग्छ, हामी घरव्यवहार, सन्चो-बिसन्चोका कुरा एक हप्ता हुँदै महिना दिन हुँदा प्रायः बिर्सदै जान्छौँ तर यसमा डा. केसीको मानसपटलमा ती अस्पतालका होस् वा अन्य घटनाहरू पुस्तकारका रूपमा जाज्यल्यमान भई झझल्काहरू जीवन्त रूपमा ताजा छन् ।

**आ-आफ्ना श्रद्धाञ्जली अर्पण गर्ने केही निम्नानुसार छन् :**

१. अन्तस्करणका शब्दद्वारा कवितामा मर्मश्पर्शी भावद्वारा स्वर्गवासीलाई श्रद्धासुमन व्यक्त गर्नुभएको छ प्रा. डा. कृष्णप्रसाद दाहालले । डा. इन्दुललाई उहाँ भन्नुहुन्छ -

*सावित्रीको स्मरणमा दिनहुँ*
*उसले आफ्नो श्रद्धा र आस्थाको*
*नओइलने फूल चढाउने गरेको छ ।*

प्रा. डा. दाहाल भन्नुहुन्छ - “स्व. श्रीमती सावित्री, इन्दुल केसीको हरक्षेत्रमा, हरपल सारथिको भूमिका निर्वाह गर्दै अतिथि देवो भवलाई अङ्गिकार गरेकीले इन्दुलको साहित्य साधनामा सक्रिय रूपमा लाग्ने चाहना देखिन्छ ।”

२. कवि जीवनाथ अधिकारी सावित्री राणा केसीलाई श्रद्धाञ्जलीस्वरूप श्रद्धाका दुई थुन्गा फूल समर्पण गर्नुहुन्छ । आखिर नश्वर देह त्याग गर्ने अन्तिम सत्य आर्यघाटै हो । एउटा कविका प्रेरणापद दुई पद्य हरफहरू स्मरण गर्न चाहन्छु :

*आए जो पहिले गए सबजना हामी सबैको पनि*
*यौटै मार्ग छ जानुपर्छ सबले बस्दैन कोही पनि ।*

३. सिक्किम डेभलपमेन्ट एरिया पी. ओ. गान्तोकका लेखक टीका ढुङ्गेल ‘रटन’ ले सावित्री राणा केसीको मिलनसार र अतिथिप्रिय स्वभावको मुक्तकण्ठले प्रशंसा गरेको पाइन्छ । इन्दुल केसीको साहित्यिक र सामाजिक क्षेत्रको योगदानको ठूलो श्रेय सावित्री हो ।

४. साहित्यकार नवीना श्रेष्ठको डा. इन्दुल केसीसँग चिनचान हुने सुअवसर शब्दयात्रा प्रकाशन बनेपामा भएको रहेछ । उहाँ सावित्री बिरामी भई सिद्धिस्मृति अस्पताल भक्तपुरमा स्वास्थ्यलाभको कामना गर्ने सिलसिलामा जाँदा स्वयम् सावित्री र उहाँका भद्र एवम् सहृदयी परिवारजनसँग चिनचान भई नवीना श्रेष्ठ ज्यादै प्रभावित हुनुभएको देखिन्छ । डा. इन्दुल केसीको भक्तपुर नासमना टोल ब्रह्मपुर चोकस्थित थातथलोमा स्वादिलो खाना, आत्मीय बातचित, कोठाचोटाको सरसफाइका साथै इन्दुल केसीलाई समाजमा चिनाउन उहाँले खम्बाको रूपमा भूमिका खेलेको कुरा चरितार्थ देखिन्छ । परिवार मृत्युमा सहज बन्नु उत्प्रेरणायुक्त कुरा हो ।

५. कवि पदम दाहाल सावित्री राणा केसीको अतिथिपूजक आनीबानी, व्यवहार, शिष्टता, शीलस्वभाव, भद्र, शालीन, विनम्रता र मुस्कानसहितको बोलीले अत्यन्त प्रभावित हुनुभएको पाइन्छ । जीवनको अन्तरालमा मुटु रोगले पीडित जटिल अवस्थामा पनि घरमा साहित्यिक माहोल हुँदा वा अन्य साथीभाइ, नातागोताको आगमनमा उहाँ एक्लैले गरेको आतिथ्य र स्वागत अलौकिक छ । एक्कासि अर्धाङ्गिनीले छोडेर चितामा जलिरहँदा पनि डा. इन्दुलको धैर्यको बाँध नटुट्नु सबैका निम्ति अविस्मरणीय पाठ मान्नुहुन्छ उहाँ ।

६. साथीसँगाती हुन उमेरले रोक्दैन, कोही असाध्यै गरिब कोही अत्यन्त धनी भए पनि छेकबार लगाउन कसैको तागत हुँदैन । कृष्ण र सुधामा पनि साथी थिए । सहयात्री सावित्रीको बिछोडमा स्तब्ध भएका डा. इन्दुललाई ढाडस दिँदै मृतकको स्वर्गलोकमा सुनिश्चितताका लागि प्रजापति तिमिल्सिना सहर्ष कामना गर्नुहुन्छ ।

७. छोरी रजनी केसी मानन्धरकी आफ्नी आमा सावित्रीप्रतिको स्नेह, वात्सल्यका साथै आफ्ना सन्ततिप्रतिको उहाँको अनन्य र असीमित मायाममता कवितात्मक शैलीमा छताछुल्ल भई ९ महिना कोखमा पीडा सहेर दसधारा दूध चुसाउने महतारीप्रति अन्ततः अलबिदा भन्नुहुन्छ ।

८. शब्दयात्रा प्रकाशनका अध्यक्ष हरि मञ्जुश्रीको शब्दमा सावित्री राणा केसी बिहे गरी भित्रिएपछि सती-सावित्री हुनुहुन्थ्यो । उहाँ इन्दुल केसीकी पथप्रदर्शक, सासूससुराकी सेविका, सन्ततिका लागि मायाकी खानी, समाज, धार्मिक सङ्घसंस्था र नाताकुटुम्ब र साथीसँगीको मुटु उहाँ हुनुहुन्थ्यो ।

**अन्त्यमा**

विभिन्न समाचार माध्यमहरू, धार्मिक-सामाजिक-साहित्यिक सङ्घसंस्थाहरू एवम् पशुपति आर्यघाटमा तथा कृयापुत्री भवन कोटेश्वर महादेवस्थानमा उपस्थित भई भावपूर्ण श्रद्धासुमन व्यक्त गर्नेहरू मसमेतको भावना गह्रुङ्गो ढङ्गले मुखरित भएको छ । भारतमा तीर्थाटन गरेकी सावित्री केसी राणाले जीवनमा प्राप्त गरेको सम्मानपत्र तथा अन्य विविध कुरा यस पुस्तकमा संलग्न छन् । यो पुस्तक नेपाली भाषाको पुस्तक संसारमा नौलो, विविध विशेषताहरूले भरिएको, पठनीय, सङ्ग्रहणीय रूपमा आएको कृति हो भन्ने मलाई लागेको छ ।

●



# स्मृति पुस्तकको पुनरवलोकन

– इ. लेखरत्न शाक्य
(काठमाडौं : सोसाइटी अफ इलेक्ट्रिकल इन्जिनियर्स नेपालसँग आबद्ध)

*अप्पमादो अमतपदं - पमादो मच्चुनो पद ।*
*अप्पमत्ता न मीयन्ति - ये पमत्ता यथा मता ॥*

अप्रमाद निर्वाणको बाटो हो, प्रमाद मृत्युको बाटो हो । प्रमादीहरू मर्नेझैं अप्रमादीहरू मर्दैनन् ।

मैले 'सावित्री स्मृति' (सावित्री राणा केसी स्मृतिपुष्प) पुस्तक अभिरुचिपूर्वक पढैं । यो मेरो लेख त्यही पुस्तकको पुनरवलोकन हो । ७६ वर्षको उमेरमा आफ्नो कालगतिले देह त्याग गर्नुभएकी सावित्रीप्रति विभिन्न सङ्घसंस्था, व्यक्तिहरूले दिनुभएको श्रद्धाञ्जली र उहाँका परिवारजनलाई दिइएका समवेदनाहरूको सँगालोको पुस्तक हो । शब्दयात्रा प्रकाशन बनेपा, काभ्रेबाट २०८० साल चैत्र महिनामा प्रकाशित यो पुस्तक डा. इन्दुल केसीले सम्पादन गर्नुभएको हो ।

यो पुस्तक पढ्दा मेरो मन दोहोरो रूपमा डोलिएको छ । पुस्तक पढ्ने अवसरले मानिसको अनित्य संसारले कसैलाई पनि अमरत्व हुने अवसर दिँदैन भने उहाँका परिवारजन, आफन्त, नातेदार, साथीभाइ र मित्रहरूका लागि बाँचुन्जेल उहाँले गर्नुभएको घरपरिवार सम्हाल्ने, हेरचाह र रेखदेख गर्नुभएको धेरै विवरण यसमा छ । एउटी नारीको कर्तव्य, उहाँले गर्नुभएको कर्तव्य, अनुशासन र धर्मपरायण कार्यहरूले आउँदा सन्ततिलाई मानिस भएर निर्वाह गर्नुपर्ने ज्ञानको बोध गराउँदछ । सावित्रीज्यू जन्मले भन्दा पनि कर्मले एक सक्रिय नारी हुनुहुन्छ भन्ने मैले ठानें । पुस्तकमा दिइएका उहाँको स्वास्थ्य समस्याको विवरण, धार्मिक क्रियाकलापका विवरणले पाठकवर्गलाई अति रोचक कुराको जानकारी दिन्छ ।

*सीलदस्सनसम्पन्नं धम्मट्ठं सच्चवादिनं ।*
*अत्तनो कम्म कुब्बानं तं जनो कुरुते पियं ॥*

जो शील र विद्याले सम्पन्न छ, धर्ममा स्थित छ, सत्यवादी र आफ्नो कर्ममा तत्पर छ, त्यस्ता व्यक्तिलाई सबैले प्रेम गर्दछन् ।

सावित्री केसीको जीवनवृत्त पढ्दै जाँदा जीवनकालमा उहाँले गर्नुभएको यात्रा र धार्मिक क्रियाकलापहरू पढ्दा मैले पढेको एउटा अन्तर्राष्ट्रिय जगत्मा बिक्री भइरहेको Norman Vincent Peale को पुस्तक The Power of Positive Thinking मा उल्लिखित केही प्रभावकारी धार्मिक तथा धर्मका नियमहरू सावित्रीज्यूको क्रियाकलापमा निकै सामञ्जस्यता भएको मलाई अनुभव भयो ।

- प्रत्येक दिन केही समय भजनकीर्तन र प्रार्थनाका लागि छुट्याउनु र त्यस बेला अन्य विषयमा मन नडुलाउनु । सामान्य रूपमा भगवान्लाई मनमा स्थान दिनु । यसबाट आध्यात्मिक रूपमा भगवान्लाई ग्रहण गर्ने भावना बढाउने कार्य हुन्छ ।
- प्रार्थना गर्दा कुनै पनि धर्ममा आस्था राख्ने मानिसले अप्राकृतिक शब्द उच्चारण गर्नुपर्दैन, सामान्य बोलीचालीका शब्दहरू नै भगवान्का प्रिय हुन्छन् । तपाईको सामान्य र दृढ आस्था र भावनाले भगवान् स्वयम् तपाईको साथमा रहनुहुन्छ ।
- कुनै कार्य थाल्नुअघि, आफूले खाना खानुअघि, भगवान्लाई मनले सम्झनु, प्रार्थना गर्नु एउटा उत्तम कार्य हो । त्यस बेला भगवान् आफैँमा पाउनुहुनेछ ।

सबै मानिसहरूका बीच समान दृष्टिकोण बनाउँदै धर्मलाई उच्च स्थान दिई सबैको प्यारो नारी भएर बस्नु सावित्रीज्यूको महानता हो भन्ने मलाई लाग्यो । काठमाडौं उपत्यकाको भक्तपुर नगरमा जीवन बिताउनुभएकी सावित्री राणा केसीको जीवनकालमा बौद्धजन तथा हिन्दूधर्मका भजन मण्डललाई धर्म र कर्ममा आस्थापूर्ण सक्दो सहयोग गरी परलोक गमन हुनुभएकी सावित्रीको आत्मा सुखावती भुवनमा बास मिलोस् भन्ने कामनाका साथ श्रद्धासुमन अर्पण गर्दछु ।

आखिरमा –

*"यो चे वस्ससतं जीवे - दुप्पञ्ञो असमाहितो ।*
*एकोहं जीवितं सेय्यों - पञ्चवन्तस्स झायिनो ॥"*

बुद्धिहीन र असमाहित पुरुषको सय वर्षको जीवनभन्दा ध्यानी र प्रज्ञावान्को एकै दिनको जीवन वेश छ ।

डा. इन्दुल केसीले सम्पादन गर्नुभएको यो पुस्तक विविध विशेषताले युक्त छ । कुनै व्यक्ति परमधाम भएपछि उसका आफन्तजनले स्मृतिपुस्तक, स्मृतिग्रन्थ तथा शोककाव्य प्रकाशित गर्ने प्रचलन छ । यस प्रसङ्गमा यो पुस्तक एउटा नमुनाका रूपमा रहेको मैले पाएँ ।

भवतु सब्ब मङ्गलम् ।

●



# श्रद्धासुमन समर्पण

**– पं. विनोदराज शर्मा**

(भक्तपुर : अनुसन्धाता तथा लेखक)

भक्तपुर नगरमा डा. इन्दुल केसी कुनै नौलो नाम होइन । बेलामौकामा हाम्रो भेटघाट भइरहन्थ्यो । उहाँ उमेरमा मभन्दा १२ वर्षले जेठो हुनुहुन्छ । मेरा पिताजीलाई उपचार गर्नका लागि मेरो घरमा पनि उहाँ आउने गर्नुहुन्थ्यो ।

ख्यालठट्टा, सरसल्लाह एवम् विचार आदानप्रदानयुक्त हाम्रो सम्बन्ध घनिष्ठ थियो र छ ।

२०८० साल असोज २१ गते आइतबारको दिन उहाँकी धर्मपत्नी सावित्री राणा केसीको निधनको खबर सुन्नुपर्दा मलाई धेरै दुःख लाग्यो । सावित्री भाउजूको देहावसानबाट इन्दुल दाइको परिवारलाई परेको बज्रपातलाई सहने शक्ति ईश्वरले प्रदान गरून् भनी हार्दिक कामना व्यक्त गर्दछु ।

संसारमा जन्म भएपछि एक दिन मानव मात्रले धर्तीबाट बिदा लिनुपर्छ, यो शाश्वत सत्य हो ।

कसैको मृत्यु हुँदा असह्य वेदना हुने रहेछ । यो ध्रुवसत्य हो । तर डा. इन्दुल केसी शोकलाई शक्तिमा बदल्ने क्षमतावान् व्यक्ति हुनुहुन्छ । उहाँ शताब्दी पुरुष सत्यमोहन जोशीबाट उद्घाटित कला-संस्कृति भजन महागुठी भक्तपुरका संस्थापक अध्यक्ष, शब्दयात्रा प्रकाशन, नेपाल स्रष्टा समाजलगायत विभिन्न साहित्यिक, सामाजिक, धार्मिक सङ्घ-संस्थाहरूको आजीवन सदस्य, सल्लाहकार, संरक्षक भई सक्रिय कार्य गरी आउनुभएको मैले देखिरहेको छु ।

यस्तो बहुप्रतिभाका धनीलाई परेको दुःखको बेला समवेदना प्रकट गर्दछु । इन्दुलजीकी दिवङ्गत पत्नीको सद्गुणलाई अक्षुण्ण राख्न सकून् भनी कामना व्यक्त गर्दछु ।

यो समवेदना र श्रद्धाञ्जलीका साथ सावित्रीको जीवनीयुक्त पुस्तकको सम्पादन डा. इन्दुल केसी स्वयम्ले गर्नुभएको छ । यस पुस्तकमा समावेश भएका विभिन्न विषयहरू मैले मेरो दैनिकीसँग जोडेर हेरेँ । म एक राजोपाध्याय ब्राह्मण हुँ । मेरा पुर्खाका पालादेखि हाम्रा यजमानहरूको अनुरोध अनुसार मैले पनि विभिन्न धार्मिक कार्यहरू, पूजापाठ, पुराणवाचन, श्राद्ध आदि पण्डित पुरोहितको कार्यमा लागिरहेको छु । साथै म एक लेखक पनि हुँ । मैले विभिन्न लेखरचना लेख्ने, आफ्ना पुस्तक प्रकाशन गर्ने गरिआएको छु ।

मैले 'सावित्री स्मृति' पुस्तक सरसर्ती पढ्दा यसमा विभिन्न विशेषताहरू भएको पाएँ । आ-आफ्नो कुलधर्म, रीतिरिवाज अनुसार मृतकको काजक्रियाकर्म गर्नुका साथै सम्बन्धित कामकुराको सँगालो स्मृतिपुस्तक प्रकाशन गर्नु पनि एउटा महत्त्वपूर्ण एवम् स्तुत्य कार्य भएको पाएँ ।

नेपाली भाषामा विभिन्न व्यक्तिहरूको शोककाव्य, शोकग्रन्थ आदि पुस्तकहरू मैले पढेको छु । तर यो प्रस्तुत पुस्तकको रूपरेखा भिन्नै पारा तथा एउटा नौलो रूपमा देखापरेको छ । आफन्तजनको देहावसानपछि यस प्रकारको पुस्तक प्रकाशन गर्नु अनुकरण गर्न लायकको कार्यका रूपमा रहेको पाएँ ।

●



# ‘सावित्री स्मृति’ पुस्तकबारे मेरो विचार

**– विष्णु ओली**
(झापा : साहित्यकार)

डा. इन्दुल केसीद्वारा सम्पादित ‘सावित्री स्मृति’ (सावित्री राणा केसी स्मृतिपुष्प) नामक सुगन्धित पुष्पको आद्योपान्त अध्ययन गर्ने अवसर प्राप्त भयो । धेरै विद्वान् लेखकहरूको विचार समेटिएको उक्त पुस्तक अत्यन्त उच्चकोटिको रहेको छ ।

२००८।३।३० गते यस पावन धर्तीमा जन्मनुभएकी सावित्री केसीले २०८०।६।२१ मा यस लोकबाट बिदा लिनुभयो ।

मैले उहाँलाई दुईचारपल्ट मात्र भेट्ने अवसर पाएँ, तर जहिल्यै उहाँलाई भेट्दा अत्यन्त हँसिली, सुशील र अपनत्वको भाव पाएँ । डा. इन्दुल केसीसँग मेरो साहित्यिक यात्राको दौरानमा जानपहिचान भएको थियो । उहाँ पनि अत्यन्त शालीन व्यक्तित्वका धनी हुनुहुन्छ । बहुमुखी प्रतिभाका धनी डा. केसी अत्यन्त सहयोगी र मिलनसार हुनुहुन्छ । उहाँको सक्रियता तारिफयोग्य छ ।

आफ्नी सहधर्मिणीको अवसानपछि दुःखी बन्नुभएका डा. केसीले आफ्नी पत्नीको सम्झनामा प्रस्तुत पुस्तकको अवधारणा ल्याउनुभएको थियो र पुस्तक प्रकाशित गर्ने मनसाय यो लेखकसामु पनि राख्नुभएको थियो । यसरी आफ्नी अर्धाङ्गिनीको वियोगमा पुस्तक प्रकाशित गरेर समाजले जानकारी नपाएको उहाँको व्यक्तित्वलाई समाजका अघि ल्याइदिनुभएको छ ।

डा. केसी लेख्नुहुन्छ सावित्री केसी एक पत्नी मात्र नभएर कुशल गृहिणी र सामाजिक अभियन्ता पनि थिइन् भन्नुहुन्छ । घरव्यवहार र बालबच्चा सम्हालेर आफ्ना जागिरे श्रीमान्लाई जागिर खाँदै देशदेशावरमा जान स्वतन्त्रता प्रदान गरेकी थिइन् भन्नुहुन्छ ।

प्रस्तुत पुस्तकमा डा. इन्दुल केसी, डा. कृष्णप्रसाद दाहाल, जीवनाथ अधिकारी, टीका ढुङ्गेल 'रटन', नवीना श्रेष्ठ, पदम दाहाल, प्रजापति तिमिल्सिना, रजनी केसी मानन्धर र हरि मञ्जुश्रीका लेखहरू समेटिएका छन् । सबै लेखहरू अत्यन्त उत्कृष्ट रहेका र भावनाले ओतप्रोत भएका छन् ।

शब्दयात्रा प्रकाशनद्वारा प्रकाशित प्रस्तुत पुस्तक अत्यन्त आकर्षक रहेको छ । बाह्य आवरणमा सावित्री केसीको मुस्कानयुक्त तस्बीर रहेको छ ।

पुस्तक अध्ययनका क्रममा मलाई डा. कृष्णप्रसाद दाहालले व्यक्त गर्नुभएको 'कवितामा सावित्री' भन्ने कवितात्मक आलेखमा उल्लेख गरेजस्तै 'मलाई सावित्री भएको इन्दुल मन पर्छ, मलाई इन्दुल भएकी सावित्री मन पर्छ' भन्दै सावित्री र इन्दुल केसीको उत्कृष्ट प्रेमव्यवहारको उल्लेख गर्नुभएको छ ।

मनुष्य चोला जेजति गरे पनि ढिलो-चाँडो सबैले इहलोक छोड्नैपर्ने हुन्छ । कसैले केही गर्न सक्दैन । अत्यन्त धार्मिक प्रवृत्ति भएकी सावित्री केसी तीर्थव्रत र दानधर्ममा पनि उत्तिकै आस्था राख्नुहुन्थ्यो । पतिसँग सहकार्य गर्दै जीवनको लामो गोरेटो पार गरेर उहाँ हामीलाई छोडेर जानुभए पनि उहाँका यादहरू हामी माझमा हामी रहुन्जेल रहिरहनेछन् ।

पुस्तकमा अन्य लेखकज्यूहरूले व्यक्त गर्नुभएका भावनाहरू पनि अत्यन्त उत्कृष्ट रहेका छन् भन्दै उहाँलाई शतशत नमन गर्दै मेरो छोटो विचार यहीँ बिट मार्दछु । धन्यवाद ।

●



# मेरो दृष्टिमा 'सावित्री स्मृति' पुस्तक

– **विष्णुबहादुर मानन्धर**
(पूर्व वडाअध्यक्ष, भक्तपुर नगरपालिका)

सर्वप्रथम सावित्री केसीको असामयिक र दुःखद निधनप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दछु ।

सदाझैँ साँझतिर साथीभाइहरूको नियमित भेटघाट गर्ने सिलसिलामा म भक्तपुरको दत्तात्रय मन्दिर परिसरमा गएँ । त्यहाँ डा. इन्दुल केसी सर पुजारी मठको पेटीमा बसी चिया पिइरहनुभएको मैले देखेँ । 'सर नमस्कार' भनी म उहाँको अगाडि गएँ । 'के छ सन्चो-बिसन्चो ?' भनी सोध्नुभयो उहाँले । मैले आदरपूर्वक 'ठिकै छ सर' भनेँ । त्यत्तिकैमा उहाँले मलाई 'म यहाँ प्रायः आइरहने तर तपाईंलाई भेट्न पाइनँ, आज भेट भयो खुसी भएँ' भनी उहाँ आफैँले सम्पादन गर्नुभएको आफ्नी धर्मपत्नी सावित्री राणा केसीको निधनपछि विभिन्न सामग्रीहरू सङ्कलन गरी तयार पार्नुभएको 'सावित्री स्मृति' एक कपी पुस्तक झोलाबाट झिकी सप्रेम उपहार दिनुभयो । मैले 'धन्यवाद सर !' भनी स्वीकारेँ ।

सँगै बसेर केही बेर समसामयिक छलफल गरी म पुस्तक लिएर घर फर्केँ । पुस्तक अध्ययनको क्रममा मैले धेरै कुराको जानकारी पाएँ । साथसाथै समाजसेवी डा. इन्दुल केसीले श्रीमती गुमाउनु तथा सन्ततिले माता गुमाउनुको पीडाका दुःखद वाक्यहरू पढ्नुपर्दा कस्तो दुःखद कुरा पढ्नुपरेको भनी मलाई पनि धेरै दुःख लाग्यो ।

उज्यालो व्यक्तित्वका धनी, कला संस्कृति भजन महागुठी भक्तपुरका संस्थापक अध्यक्ष एवं साहित्यकार, शैक्षिक अभियन्ता तथा

समाजसेवी डा. इन्दुल केसीकी धर्मपत्नी सावित्री केसीले २०८० साल असोज २१ गते यस संसारबाट सदाका लागि गाह्रोसाह्रो गरी बाँचेको उनको जीवन मृत्युमा रूपान्तरण भयो । उहाँलाई अब देख्न र भेट्न पाइँदन । नैतिकवान् एवं शीलवान् व्यक्तिले अरूलाई दुःख-पीडा दिँदैन, स्वयम् आफू पनि सुखपूर्वक जीवनयापन गर्दछ र अरूलाई पनि सुखपूर्वक जीवन जिउनमा मद्दत गर्दछ । अरूलाई दुःख नदिनु राम्रो र असल संस्कार हो । यस्तो आचरण धर्मको जग हो ।

राम्रो र असल आचरण भएकी सावित्री केसीले धर्मको जगमा टेकेर डा. इन्दुल केसीको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो । भनिन्छ घरपरिवारमा इमानदारी मिसियो भने त्यो घर देवघरजस्तै निकै सुन्दर हुन्छ ।

डा. इन्दुल केसीको घरमा २०२४ साल असारमा एक इमानदारी, गुणवान् र क्षमतावान् गौरवमय परिवारकी छोरी नै केसी परिवारकी बुहारी बनी आफ्नो धार्मिक परम्परा अनुसार भित्रिनुभएको थियो सावित्री राणा । साहित्यकार डा. इन्दुल केसीकी धर्मपत्नी हुन पाउनु सावित्री राणाका निम्ति धेरै खुसीको कुरा हो । जतिसुकै खुसी र सुखमा रमाउन पाए पनि परिवर्तनशील संसारमा जन्मेपछि मृत्यु अवश्यम्भावी छ । घरपरिवारमा उज्यालो फैलाइरहने उज्ज्वल चिराग अचानक सदाका लागि झ्यापै निभ्यो । त्यो समुज्ज्वल, कहिल्यै दाग नलाग्ने चिराग हुनुहुन्थ्यो प्रज्ञा र करुणाकी धनी सावित्री केसी ।

मान्छेले जस्तोसुकै पीडालाई धैर्यका साथ सहेर बस्नुपर्ने विवशता छँदैछ । घरपरिवारदेखि लिएर सबैको सहानुभूतिलाई आत्मसात गर्दै डा. इन्दुल केसीले पनि असहजतालाई सहजतामा बदलिरहनुभएको उहाँको मुखाकृतिले झल्काउँछ ।

जसले अरूलाई चिन्छ, त्यो शिक्षित हो । जसले स्वयंलाई चिन्छ, त्यो विद्वान् हो । यस्तै शिक्षित र विद्वान् डा. इन्दुल केसीलाई हरेक क्रियाकलापमा पतिको इच्छालाई नै आफ्नो इच्छा ठानेर घरव्यवहार सम्हाल्नेदेखि लिएर परिवारको हेरचाह र शिक्षादीक्षाका लागि आफ्नो सम्पूर्ण जीवन खर्चेर यस संसारलाई त्याग्नुभयो सावित्री केसीले ।

डा. इन्दुल केसीसँग विवाह गरेर सावित्री राणाबाट सावित्री केसी हुन आएकी, एक स्वस्थ र लगनशील व्यक्ति बन्नका लागि चाहिने शील, आचरण र प्रज्ञाको अभ्यास गरी भौतिक सुख र आध्यात्मिक सुख दुवैको आवश्यकता महसुस गर्दै जीवनभरि सामाजिक समस्याहरू सुल्झाउन, भौतिक सुखविना आध्यात्मिक सुख प्राप्त गर्न असमर्थ हुन्छ भने आध्यात्मिक सुखविना भौतिक सुखको महत्त्व नहुने भएकाले दुवैलाई उत्तिकै महत्त्व दिँदै आएकी सावित्री केसीको निधनपछि मेरो नजरमा 'सावित्री स्मृति' पुस्तक अध्ययनको सिलसिलामा त्यसभित्र अनेकन् आफन्त, इष्टमित्रहरू र परिवारजनले शोकलाई शक्तिमा बदल्न सक्नुहोस् भनेर उत्प्रेरणादायक समवेदना सन्देशहरू दिएको पाएँ । जीवनको प्रारम्भिक यात्रादेखि अन्तिम यात्रासम्म सबैतिर धाएर सबैलाई चित्तबुभ्दो किसिमको आफ्नो संलग्नता देखाइरहनुभएको पनि पाएँ । उहाँहरूले गर्नुभएको कष्टपूर्ण जीवनयात्रा पनि पढेँ ।

यसरी मृतकको नामबाट स्मृतिपुस्तक प्रकाशन गरी निःशुल्क वितरण गर्नु पनि ठूलो पुण्यको काम हो । दिवङ्गत भएपछि आत्माले सुखावती भुवनमा बास पाउन सकून् भनी सागर-महासागरमा स्नान गरी अनेक तीर्थस्थल र देवस्थलको दर्शन गरी कर्मवीर भई लागिरहनुभएकी उहाँप्रति आत्मादेखि नै उहाँको आत्माको चिरशान्तिको कामना गर्दछु । साथै, म त उहाँप्रति शब्दश्रद्धा मात्रै व्यक्त गर्न सक्छु ।

उहाँको जीवनका सकारात्मक पक्षलाई अनुसरण गर्नु नै उहाँप्रति सच्चा श्रद्धाञ्जली हुनेछ । ईश्वरले उहाँको सुखावती भवनमा पनि मनोकाङ्क्षा पूरा गरिदिऊन् भनी कामना गर्दछु ।

●



# सामाजिक अभियन्ता सावित्री राणा केसी

– शङ्कर पौडेल
(योगी नरहरिनाथ ट्रष्ट आध्यात्मिक परिषद्का अध्यक्ष)

**प्रारम्भ :**

ब्रिगेडियर जनरल लक्ष्मी शमशेर जङ्गबहादुर राणा तथा समाजसेवी श्रीमती विष्णुकुमारी राणाकी सुपुत्री सावित्री राणाको शुभविवाह २०२४ सालमा साहित्यकार डा. इन्दुल केसीसँग सुसम्पन्न भएको थियो । भक्तपुरमा आफ्नो छुट्टै पहिचान बोकेको डा. इन्दुल केसीकी धर्मपत्नी सावित्रीको गृह प्रवेश भएपश्चात् ५७ वर्षसम्म अर्थात् २०८० सालसम्म सुख र दुःख घाम र छायाजस्तो भएर बित्यो । २०८० साल असोज महिना २१ गते सावित्रीजी यो धराधाम त्यागेर परमधाममा जानुभयो ।

समाजमा केही सकारात्मक काम गरौँ, आफूले जानेका कुरा अरूलाई पनि बाँडौँ भन्ने भावनाले ओतप्रोत भएका डा. इन्दुल केसीको जीवनमा धर्मपत्नी सावित्रीबाट सधैँ आपसमा सहयोग मिलिरह्यो । मेरो अध्यक्षतामा सञ्चालित विभिन्न सङ्घसंस्थाहरूको कामको सिलसिलामा आवश्यक सरसल्लाह गर्न म उहाँहरूको निवास भक्तपुरमा पुग्ने गर्थें । सावित्रीजीको अतिथि सत्कार र मृदुभाषी स्वभाव मैले देखेको थिएँ, भोगेको थिएँ ।

एकपटक भक्तपुर शहरको विश्वप्रसिद्ध पाँचतले मन्दिर, भैरवनाथ मन्दिरको मैले अवलोकन भ्रमण गर्दा डा. इन्दुल केसी स्वयं पथप्रदर्शक भई त्यहाँका ऐतिहासिक र धार्मिक देवदेवीका मन्दिरको निर्माण बारे तथ्यगत प्रमाणहरू देखाई वर्णन गरेको कुराले मलाई ठूलो प्रभाव पारेको छ ।

बिहान घरबाट निस्केको श्रीमान् प्रायः बेलुका घर फर्कदा कुनै प्रश्न नगर्ने, आवश्यक सत्कार र मुस्कानमा कमी आउन नदिने,

दिनभरि आफ्ना छोराछोरीको हेरचाह गर्ने, घर सम्हालेर रहने सावित्रीजीको आदतलाई सह्राहनीय मान्नुपर्छ । तत्कालीन श्री ५ को सरकारका उपसचिव डा. इन्दुल केसीले आफ्नो कार्यालयबाट प्राप्त मासिक तलब रकम श्रीमतीलाई बुझाउने अनि त्यस रकमबाट घरको सम्पूर्ण व्यवस्थापन श्रीमती सावित्रीले गर्ने कार्य त्यति सजिलो थिएन । घरगृहस्थी, घरधन्दा, बन्दोवस्तको कामको सफलताको मूल्याङ्कन गर्दा आफ्ना छोरा उज्वल केसी, छोरीहरू रजनी केसी र सजनी केसीलाई आवश्यक शिक्षादीक्षा दिलाई सक्षम नागरिक बनाउने काममा सावित्रीजीको अहम् भूमिका रहेको थियो ।

**'सावित्री स्मृति' पुस्तक :**

'सावित्री स्मृति' (सावित्री राणा केसी स्मृतिपुष्प) नामको पुस्तक डा. इन्दुल केसीले सम्पादन गरी शब्दयात्रा प्रकाशनबाट प्रकाशित पुस्तक हो । यस पुस्तकलाई मैले अभिरुचिपूर्वक पढेँ । जम्मा ६४ पृष्ठ रहेको यस पुस्तकमा सावित्री केसी राणाको जीवनमा आधारित अनेकौँ कुराहरू लिपिबद्ध गरी विवरणात्मक श्रद्धासुमन तथा विभिन्न व्यक्तिहरूका भावपूर्ण श्रद्धाञ्जलीहरूका साथै समवेदनाहरू रहेका छन् ।

**तीर्थयात्रा र धार्मिक क्रियाकलाप :**

सभ्य र सुसंस्कृत परिवारमा जन्म भएका डा. इन्दुल र सावित्री राणामा स्वधर्म, संस्कृति र सभ्यताको अगाध अपार प्रेम रहेको देखिन्छ । नेपाल तथा छिमेकी देश भारतका अनेकौँ धाम, मन्दिर, कुण्ड, गुफा, चैत्य-गुम्बा साथै विभिन्न पवित्र धार्मिक स्थलहरूको भ्रमण भएको देखियो । आफ्नो गच्छे अनुसार दान, सहयोग गर्दै आउनुभएको पनि रहेछ । यसै सन्दर्भमा आफ्नो घरमा सत्यनारायण पूजा, सार्वजनिक ठाउँमा आयोजित श्रीमद्भागवत महापुराण कार्यहरूलाई सहयोग पनि प्रदान गर्नुभएको रहेछ । श्री वाराहीपीठ भक्तपुरमा डा. इन्दुल केसीकै अध्यक्षतामा स्थापित बाद्य सङ्ग्रहालयमा आफ्नो नामबाट बाद्यवादनका सामग्रीहरू पनि प्रदान गर्नुभएको रहेछ ।

भक्तपुर नगरपालिका वडा नं. ४ नासमना टोलमा स्थापित श्यामसुन्दर रास भजन मण्डलको घर २०७२ सालको महाभूकम्पले नोक्सान भएकोले उक्त भजनघर पुनर्निर्माण गर्न डा. इन्दुल केसीकै अध्यक्षतामा गठित पुनर्निर्माण समितिको सक्रियतामा रु. १,५०,००,०००।- को इस्टिमेटमा भवनको पुनर्निर्माण कार्य सम्पन्न भएको व्यहोरा उक्त पुस्तकमा उल्लेख भएको छ । त्यस भजनघरमा हुने नित्य पूजा, आरती आदि कार्यका लागि आवश्यक सामानहरू समेत सावित्रीजीबाट व्यवस्था गरिएको रहेछ ।

आफन्तको स्वर्गारोहणपछि शोककाव्य, शोकग्रन्थ तयार गरी प्रकाशित गर्ने प्रचलन छ । यसै क्रममा यो पुस्तक तयार भएको देखिन्छ तर यो पुस्तक एक प्रकारको नौलो र मौलिक ढङ्गले तयार पारिएको नमुनाका रूपमा रहेको देखियो ।

देशका विभिन्न स्थानमा सञ्चालन हुने धार्मिक, सामाजिक, साहित्यिक कार्यक्रमहरूमा सकेसम्म उपस्थित भई सहभागिता जनाउने, त्यस्ता काममा आफूले सक्दो योगदान गर्ने उहाँका परिवारजनको स्वभाव रहेको देखिन्छ । उदाहरणका लागि उहाँहरूका छोरा उज्वल केसी अध्यक्ष रहेको काठमाडौं कोटेश्वर तीनकुने सुविधानगर उपभोक्ता सङ्घको सक्रियतामा हालै रु २०,००,०००।- को लागतमा तयार भएको कलात्मक प्रवेशद्वारलाई लिन सकिन्छ ।

**अन्तमा :**

सावित्री केसीको निधनले डा. केसी परिवार तथा समाजलाई अपूरणीय क्षति भएको हाम्रो संस्थाका सदस्यहरूलाई लागेको छ । योगी नरहरिनाथ ट्रष्ट आध्यात्मिक परिषद्, नेपाल विश्व हिन्दू महासङ्घ र हनुमान आराधना मण्डल नेपालका तर्फबाट त्यस बेला श्रद्धाञ्जली तथा समवेदना व्यक्त गरेको थिएँ । पत्नीको वियोगलाई एकातिर पन्छाएर सावित्री राणा केसी स्मृतिपुष्प आफैँले सङ्कलन र सम्पादन गरी पुस्तक तयार गर्ने काममा डा. इन्दुल केसीले गर्नुभएको कामको हाम्रो संस्थाले उच्च मूल्याङ्कन गरेको छ ।

●



# पत्नीप्रेमको प्रतीक हेर्दा

**– शारदाप्रसाद शर्मा**
(काभ्रेपलाञ्चोक : साहित्यकार
शब्दयात्रा प्रकाशनका आजीवन सदस्य, )

सौभाग्यले शहीद बन्न नपाएका समाजसेवी सर्जक एवं बहुआयामिक व्यक्तित्व डा. इन्दुल केसीको सम्पादनमा शब्दयात्रा प्रकाशनबाट प्रकाशित 'सावित्री स्मृति' पुस्तक सर्सर्ति हेर्दा मलाई लाग्यो श्रीमती सावित्री राणा केसीप्रति समर्पित सम्पादकीयदेखि सम्पादकको वंशलतासमेत समेटिएको यो पुस्तकको नाम 'सावित्री स्मृति-स्मारक' भइदिए हुन्थ्यो ।

पति र पत्नीका रूपमा जिन्दगी जिउन्जेलका डा. केसी र सावित्रीका बीचको दाम्पत्य प्रेम, विश्वास र सम्मान अनि सावित्रीको देह समाप्तिपछि सावित्रीका प्रति डा. केसीको मनमस्तिष्कमा छचल्किएको प्रेम, विश्वास र सम्मानको छहरा हो यो पुस्तक । सङ्क्षिप्तमा भन्नुपर्दा पत्नीप्रेमको प्रतीक हो यो पुस्तक ।

मूल्य अङ्कित नभएको अमूल्य यो पुस्तकले सावित्रीलाई सम्झनेले के कारणले सम्झिँदा रहेछन् भन्ने पाठकको जिज्ञासा पूरा गर्नेछ ।

पारिवारिक सदस्य गुमेको पीडा, जीवनसाथी गुमेको पीडा, जिन्दगीको सहयात्री गुमेको पीडा, सवार भइरहेको एउटा रथको दुइटामध्ये एउटा चक्का अनकन्टार ठाउँमा हराउँदाको पीडा, कुनै मानिसको शरीरको आधा भाग चोइटिएर वा चिरिएर छुट्टिँदाको पीडा भोग्नुपरेको असहनीय अवस्थामा कोही इष्ट, आफन्त वा जोसुकैले भेट्दा, बोल्दा, लेख्दा, देख्दा, सम्झँदा वा भन्दिँदा मात्रै पनि कति ठूलो राहत हुँदो रहेछ भन्ने चुरो कुरो यो पुस्तकले पाठकलाई दिन्छ ।

आफ्नै मुटुको टुक्राजस्ता आफन्त बिरामी हुँदा उपचारार्थ आफूसँग पैसा नहुँदा र छरछिमेकी, इष्ट, आफन्त वा साथीभाइले

पनि खरखाँचो सरसापट पत्याइदिएनन् भने कुन हालत हुँदो रहेछ भनेर सम्भावित सङ्कट समाधानका लागि बचत पनि चाहिने र आफ्नो व्यवहारले मान्छे राख्न पनि सक्नुपर्ने गहिरो ज्ञान दिएको छ यस पुस्तकले ।

यो पुस्तकले हाम्रो सनातन परम्परामा मलाम जाने, क्रियापुत्री (स्त्री, पुरुष वा तेस्रो लिङ्गी जोसुकै भए पनि कोरामा बस्नेलाई क्रियापुत्री नै भनिन्छ) र मृतकको नजिकको नाता पर्ने पारिवारिक सदस्य एवं इष्ट, आफन्तलाई भेट्ने, शोक, समवेदना व्यक्त गर्ने, धैर्य धारण गर्न ढाडस दिने, परमात्मामा एकाकार हुन गएको मृतकको आत्माको चीर शान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्ने जुन संस्कार छ; त्यसले समाजमा सद्भाव, सहयोग, सामीप्य र शान्तिको सन्देश सञ्चार गर्दो रहेछ भन्ने स्पष्ट पार्नेछ ।

आफन्तसँग भौतिक रूपमा सदाका लागि छुट्टिनुपर्दाको पीडा भोगिरहेका व्यक्तिले त्यो पीडा भोगाइको कष्टकर अवस्थामा आएर, भेटेर, हेरेर, बोलेर, लेखेर वा अरू कुनै तवरले पीडितसमक्ष सहवेदना, समवेदना, सहानुभूति व्यक्त गर्नेहरूप्रति अभिव्यक्त कृतज्ञताको प्रकटीकरणको परिणाम हो यो पुस्तक ।

कर्तव्य ठान्दाठान्दै जसले चाहेर पनि मलाम जान पाएनन् वा सकेनन्; त्यस्तालाई र जसले मलाम जानै चाहेनन् वा वास्ता गरेनन्, त्यस्तालाई अनि जुनकुनै तरिकाले सहवेदना, सहानुभूति व्यक्त गर्न नपाउने, नसक्नेहरू र बेवास्ता गर्नेहरूलाई पनि चस्का दिएर कर्तव्यबोध गराउने, नैतिक पाठ पढाउने र सही समयमा सही कामलाई प्राथमिकता दिन सतर्क गराउने पठनीय सामग्री हो यो पुस्तक ।

कसैप्रति श्रद्धा र आत्मीयता प्रकट गर्ने विभिन्न तरिका, माध्यम र प्रक्रियाहरू हुन्छन्, तीमध्ये पुस्तक प्रकाशन पनि एक हो भन्ने प्रमाणित गरेको छ यस पुस्तकले । भौतिक रूपमा अब भेट्न सम्भव नभएकाहरूको विचार, मूल्य-मान्यता, क्षमता आदि विविध कुराको अध्ययन गर्ने सामग्री बन्न सक्छन् यस किसिमका पुस्तकहरू ।

सावित्री राणा को थिइन् र कस्ती थिइन् भन्ने छोटो जानकारी दिन सफल बनेको छ यो पुस्तक ।

जसलाई मृतक भनियो अर्थात् जसले भौतिक रूपमा आफूलाई यस धराधाममा राख्न सकेन, उसले यस धर्तीमा रहुन्जेल गरेका र गर्न चाहेका कामकुराको, समाजले राखेको मृतकप्रतिको धारणाको र सम्मानको सार समेट्ने सम्झौटो बनेर जीवित मानवका लागि प्रेरक बन्न सक्छन् यस किसिमका पुस्तकहरू ।

मृत्यु अनिवार्य छ, त्यसैले नहुँदासम्म टार्न प्रयास गर्नु तर भइसकेपछि डाको छोडेर रुनुको अर्थ छैन, बरू मृत्युवरण गर्नेको गुणगान गाउँदै र तिनीहरूको इतिहासबाट प्रेरणा लिँदै धैर्यपूर्वक सधैँभैँ आफ्नो कर्तव्यपथमा लाग्नुपर्दछ भन्ने निर्णय दिन सफल छ यो पुस्तक ।

त्यसैले मूल्य अङ्कित नभएर पनि अमूल्य यस्ता पुस्तकहरू बहुमूल्य हुन्छन् । 'पुस्तक सानो, महत्त्व ठूलो हुन्छ र हुन सक्छ' भन्ने स्पष्ट देखाएको छ यस पुस्तकले । यस्तो ज्ञान मजस्तो मूढलाई पनि दिन सक्ने यस पुस्तकका सम्पादक, प्रकाशक, वितरक सबैलाई साधुवाद !

अन्तमा सावित्रीजीका शोकसन्तप्त परिवार, इष्ट, आफन्त सबैमा हार्दिक सहानुभूति प्रकट गर्दै गतात्माको चीरशान्तिको कामनाका साथ श्रद्धाञ्जली अर्पण गर्दछु ।

अनि एउटा पाठकीय सुझाव पनि – कुनै पनि कुराको अन्तिम भन्ने कुरा एकपटक मात्रै हुन्छ । आदि पनि एकपटक मात्रै हुन्छ । यसर्थ एक व्यक्तिका प्रति पटकपटक अन्तिम श्रद्धाञ्जली भनिनु र लेखिनु उचित नहोला । यसतर्फ हामी लेखकहरूले विचार गर्नुपर्छ जस्तो लाग्यो । किनकि लेखकहरूको सिको गर्ने धेरै हुन्छन् ।

•



# ‘सावित्री स्मृति’ माथि मेरो दृष्टि

**– शिव बन्जारा**
(काभ्रेपलाञ्चोक : रेडियोकर्मी
शब्दयात्रा प्रकाशनका आजीवन सदस्य)

एउटा मानव जन्मनु, हुर्कनु, बढ्नु अनि एक दिन मृत्यु हुनु स्वाभाविक प्रक्रिया हो । मान्छेहरू यस धर्तीमा जन्मन्छन् र मर्छन् । ती मृत्युहरूमा अनेकौँ अवस्थाहरू देखिएको हुन्छ । कोही सडकमै आफ्ना जीवन निर्वाह गरी सडकमै अस्ताएका हुन्छन्, जसको मृत्यु एउटा भुस्याहा कुकुरझैँ रहेको हुन्छ । कसैको मृत्युले परिवार, समाज अनि देशलाई ठूलो नोक्सानी पुऱ्याएको हुन्छ, देश रोएको हुन्छ । यस प्रकारको मृत्यु थोरै देशप्रेमी समाजसेवीहरूले मात्र पाएका हुन्छन् । यस किसिमको गरुङ्गो मृत्युका लागि देशका एकथरि नागरिक आफ्नो जीवनयात्रामा कुनै उतारचढाव होला कि भनी होसियारीमा रहन्छन् ।

कसैको पनि मृत्यु आफूले कल्पना गरेको समय र स्थानमा हुँदैन । कसैले कमजोर निर्णयका साथ विभिन्न ढङ्गले स्वेच्छिक मृत्यु वरण (आत्महत्या) गरिरहेका हुन्छन् । जे-जस्तो मृत्यु भए तापनि मृत्यु दुःखद नै हुन्छ । जीवनसँगै जिउने, सुखदुःखमा सँगै साथ रहने वाचाका साथ बनेको जीवनयात्रारूपी रथबाट छुट्टिनुपर्ने हुन्छ ।

यस्तै सुन्दर रथ भनौँ वा सुन्दर जोडीको बिछोड हुन गयो २०८०।६।२१ मा सावित्री राणा केसीको । मेरा प्रिय मित्र डा. इन्दुल केसी शब्दयात्रा प्रकाशनका आजीवन सदस्य अनि थुप्रै सङ्घ-संस्थाको विभिन्न जिम्मेवारीमा रहनुभएका । डा. इन्दुल केसीको त्यो सुन्दर जोडीलाई फुटाएर शोकाकुल बनायो डा. इन्दुलको परिवार, समाज र देशलाई । २०८० असोज २१ गते जब मेरा मित्र डा. इन्दुल केसीको जीवन सहयात्रीको दुःखद निधन भएको खबर थाहा पाएँ, धेरै दुःख लाग्यो । मित्र डा. इन्दुललाई सहवेदना दिनुबाहेक

केही थिएन । उक्त दिन फोन गर्न आँटै गर्न सकिनँ । मेरो पनि व्यस्तताले उहाँको निवास भक्तपुरमा भेट्न जान सकिनँ । भोलिपल्ट मात्र फोन गरेर सान्त्वना प्रकट गरेँ । हाम्रो फोन वार्तामा दुवैका गला रोकिए । मैले पनि डा. इन्दुललाई परेको पत्नीशोकको पीडामा धैर्य धारण गर्न सक्नुहोस् भनी भगवान्सँग प्रार्थना गरेँ ।

जे होस्, जे नहुनुपर्थ्यो भयो, टार्न सक्ने कुरा थिएन । डा. इन्दुलकी जीवनसँगिनी सावित्री राणा केसी बिरामी पर्दादेखि उहाँको अन्तिम साससम्म उहाँको उपचारका लागि कुनै पनि कसर बाँकी नरहेको हाम्रो भेटमा डा. इन्दुलले बताउने गर्नुहुन्थ्यो । एक असल श्रीमान्को दायित्व पनि यही हो ।

मित्र डा. इन्दुल केसीले आफ्नी जीवनसँगिनी सावित्री राणा केसी जीवित रहँदासम्म उहाँहरूको जीवनयात्रा सुखद थियो । जीवनयात्रा एक्लो भएपछि पनि डा. इन्दुलले आफ्नी जीवनसँगिनी सावित्रीको देहावसानपछि पनि आफ्नी श्रीमतीप्रतिको एउटा ठूलो जिम्मेवारीसाथ उहाँको अनुभव, अन्तिम अवस्था र निधनपछि श्रीमती सावित्रीले समाजमा पुऱ्याएको योगदान, छिमेकी, इष्टमित्र साथीहरूले दिनुभएको सहानुभूति समेटेर 'सावित्री स्मृति' (सावित्री राणा केसी स्मृतिपुष्प) का रूपमा आफैँले सम्पादन गरेर पाठकसामु एउटा पुस्तक समर्पण गर्नुभयो । यस कार्यबाट गतात्माले शान्ति पाउने कुरामा दुई मत नहोला ।

२०८० चैत्रमा शब्दयात्रा प्रकाशनले प्रकाशित गरी पाठकका हातमा पुऱ्याएको उक्त पुस्तक मेरो हातमा परी पुस्तकका विवरणहरू पढ्दा मलाई पुनः भावुक बनायो र आज उक्त पुस्तकका बारेमा मेरो दृष्टि कोर्ने प्रयास गरेको छु । कभर पेजबाहेक ६४ पृष्ठमा रहेको उक्त पुस्तकमा सावित्री राणा केसीको जीवनवृत्तदेखि उहाँको स्वास्थ्य समस्या विवरण, उहाँको सम्झनामा उहाँकै श्रीमान् डा. इन्दुल केसीदेखि हरि मञ्जुश्री, प्रजापति तिमल्सिना, पदम दाहाल, नवीना श्रेष्ठ, जीवनाथ अधिकारी लगायतका लेखकहरूका लेखरचना रहेका छन् ।

पुस्तकमा सावित्री राणा केसीको निधन सम्बन्धमा विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचारहरू, विभिन्न संस्था, व्यक्तिहरूले प्रकट गरेका पठाएका समवेदना सन्देशहरू, शवयात्रामा सरिक हुनेहरू, घरमै उपस्थित भएर समवेदना दिनेहरूको नामावलीसमेत समेट्न भ्याउनुभएका सम्पादक डा. इन्दुलले श्रीमती सावित्री राणा केसीलाई प्रदान गरेका सम्मानपत्रसमेत समेट्न भ्याउनुभएको छ । पुस्तकको आकार सानै भए पनि पुस्तकको सम्पादित सामग्रीका हिसाबले पुस्तक साह्रै गरुङ्गो भएको महसुस गरेको छु । विशेष धन्यवाद एक श्रीमतीको असल एवं सच्चा श्रीमान्‌को नाताले डा. इन्दुल केसीलाई ।

निजामती सेवा क्षेत्रमा एउटा उच्च पदको जिम्मेवारीबाट अवकाश लिएपछि परेको यस पीडामा पुस्तक प्रकाशनले थोरै मात्र भए पनि मलम लगाउन सकेको मैले महसुस गरेको छु ।

थोरै मात्र श्रीमान होलान् आफ्नी श्रीमतीको निधनपछि श्रीमतीको सपना साकार पार्ने । श्रीमतीको सपना साकार पार्ने व्यक्तित्वका रूपमा हुनुहुन्छ डा. इन्दुल । भौतिक रूपमा त अब उहाँकी श्रीमती सावित्री राणा केसी साथ हुनुहुन्न, उहाँको अभाव त डा. इन्दुललाई छँदैछ, तर डा. इन्दुल र उहाँको यो व्यक्तित्व निर्माणका लागि श्रीमती सावित्रीको साथ-सहयोग माया र अविस्मरणीय रहेको छ ।

यस्तो जोडीलाई भगवान्‌ले अहिले छुटायो, अर्को जुनीमा पनि यो जोडीको अमर मिलन होस् ।

●



# अनेकमध्येकी एक सावित्री

**– हरि मञ्जुश्री**
(काभ्रेपलाञ्चोक : शब्दसारथि
शब्दयात्रा प्रकाशनका संस्थापक अध्यक्ष)

सावित्री राणा केसीलाई मैले चार-पाँचपटक मात्रै भेटेँ । जतिपटक भेटेँ, उतिपटक मैले उहाँलाई शालीन, शिष्ट, भद्र र मर्यादित भेटेँ । उहाँलाई भेट्ता मेरो मनमा अरू सावित्रीहरूका चित्र र चरित्र पनि आए ।

- एउटी सावित्री महाभारतकी पात्रा थिइन् । उनले यमराजले लगिसकेका आफ्ना पति सत्यवान्लाई यमराजबाट फिर्ता ल्याइन् । साथसाथै अरू चार-पाँचवटा वरदान यमराजबाट लिएर घर र माइती दुवैतिरको समाजलाई खुसी बनाइन् ।
- अर्की सावित्री मेरै बुढीहजुरआमा हुनुहुन्थ्यो । उहाँले विपन्न अवस्थाको सामना गर्दै कुशलतापूर्वक घरव्यवहार सम्हालेर पारिवारिक स्तर उकास्न ठूलो भूमिका खेल्नुभएको थियो ।
- अर्की सावित्री डा. सुरेशराज शर्माकी आमा हुनुहुन्थ्यो । उहाँलाई म कहिले फुपू दिदी भन्थेँ, कहिले दिदी मात्रै भन्थेँ । ठूलो परिवारलाई सम्हालेर, दुई गुँडका केटाकेटीमा अलिकति पनि भेदभाव नगरेर, सौता-सौताका बीचमा झगडा र लुछाचुँडी हुन्छ भन्ने मान्यतालाई गलत सावित गरेर उहाँले झन्डै दुई दर्जन सन्ततिलाई शिक्षाका लागि समान मौका दिनुभएको थियो र अरूलाई पनि शिक्षाप्राप्तिका लागि सघाउनुभएको थियो ।
- अर्की सावित्री भोलामानसिंह थापाकी श्रीमती हुनुहुन्छ । उहाँ समाजसेवी तथा लेखिका हुनुहुन्छ । उहाँले शब्दयात्रा प्रकाशनका लागि ट्रस-घर बनाइदिनुभएको छ र विद्वतवृत्तिका लागि अक्षयकोष पनि राखिदिनुभएको छ । यस लेखकी मूल पात्रा

सावित्री राणा केसीका श्रीमान् डा. इन्दुल केसीका मित्र तथा सहपाठी हुनुहुन्छ ।

- अर्की सावित्री गायत्री परिवारमा आबद्ध हुनुहुन्छ । उहाँ सावित्री काफ्ले आमा र सावित्री काफ्ले दिदीका रूपमा चिनिनुहुन्छ, आफैँ यज्ञकर्म गर्नुहुन्छ र गराउनुहुन्छ ।
- अर्की सावित्री अर्थशास्त्रविज्ञ र साहित्यकार हुनुहुन्छ । सावित्री श्रेष्ठ भन्नासाथ म 'अक्षलोक' साहित्यिक पत्रिका सम्झन पुग्छु ।

भन्दै जाने हो भने मैले थाहा पाएका र चिनेका सावित्रीहरू धेरैजना हुनुहुन्छ । जतिजना हुनुहुन्छ, सबैजनामा कुनै न कुनै विशेषता मैले पाएको छु ।

यिनै सावित्रीमध्येकी एउटी सावित्री राणा केसीले आफ्ना श्रीमान्लाई राष्ट्रिय प्रतिभाका रूपमा सुपरिचित गराउन ठूलो त्याग गर्नुभयो । ललितपुरको मानभवनबाट भक्तपुरको मङ्गलाछेंमा विवाह गरेर भित्रिएपछि राणाबाट झा (केसी) भएकी उहाँलाई भेट्ता मलाई यस्तो लाग्थ्यो –

- उहाँले आफ्ना पति इन्दुल केसीलाई उपसचिवसम्म पुऱ्याउन सहयोग गर्नुभयो ।
- उहाँले पतिलाई अचेल भनिने वैकल्पिक चिकित्सा पद्धति (मचाहिँ एलोपेथिक चिकित्सा पद्धतिलाई वैकल्पिक मान्छु) तिर लागेर 'डाक्टर' बनाउन सहयोग गर्नुभयो ।
- उहाँले सामाजिक कार्य र साहित्यिक कार्यक्रममा जहिलेसुकै र जतासुकै दौडिरहने पतिलाई दौडिन दिएर व्यक्तित्व विकास गराउने मौका दिनुभयो ।
- उहाँले पतिको इच्छालाई नै आफ्नो इच्छा ठान्नुभयो र घरव्यवहार सम्हाल्नुभयो ।
- उहाँले भावनामा बगेर बहकिन लागेका भावुक पतिलाई व्यवहारका कुरा सम्झाएर व्यावहारिक बनाउनुभयो ।

- उहाँले पति आबद्ध भएका संस्थालाई आफ्ना तर्फबाट पनि आर्थिक सहयोग लगायत यथाशक्य योगदान दिनुभयो ।
- उहाँले पतिमा साहित्यिक अभिरुचि पाएर आफ्नो व्यवहारले त्यसलाई मलजल दिनुभयो ।
- उहाँले सन्ततिको हेरचाह र शिक्षादीक्षाका लागि पर्याप्त समय दिनुभयो ।
- उहाँले पतिका पुस्तकहरूको प्रकाशक बनेर पतिलाई प्रेरणा दिनुभयो ।
- उहाँले आफूभित्र धार्मिक भावना भएका कारण नेपाल र इन्डियाका तीर्थहरूको यात्रा गर्नुभयो ।

त्यसैले हो कि डा. इन्दुल केसीलाई देखेको, भेटेको र उहाँसँग कुराकानी गरेको बेला उहाँभित्र कतै न कतै उहाँकी अर्धाङ्गिनी सावित्री राणालाई देखेजस्तो, भेटेजस्तो र कुराकानी गरेजस्तो मलाई लाग्छ ।

सरल महिला, सोझी महिला, इमानदार महिला, गृहिणी महिला लाग्ने सावित्री राणा केसीलाई अब म देख्न र भेट्न पाउँदिनँ । उहाँप्रति त म शब्दश्रद्धा मात्रै व्यक्त गर्न सक्छु ।

भाउजू ! तपाईं हाम्रो सम्झनामा मात्रै आउनोस्, यस्तो असार संसारमा पुनर्जन्म लिएर नआउनोस् । तपाईंलाई शिवसायुज्य प्राप्त होस् । तपाईंको स्मृतिमा तपाईंका श्रीमान्ले सम्पादन गर्नुभएको पुस्तक 'सावित्री स्मृति (सावित्री राणा केसी स्मृतिपुष्प)' ले तपाईंलाई चिरञ्जीवी बनाएको छ । तपाईंको नश्वर शरीर यस लोकमा नभए पनि त्यही पुस्तकका माध्यमबाट तपाईंको कीर्तिशरीर यस लोकमा बाँचिरहेको छ र बाँचिरहनेछ । तपाईं र तपाईंका श्रीमान् धेरैजनाका लागि प्रेरक र अनुकरणीय बन्नुभएको छ । सच्चिदानन्दको कृपाले तपाईंलाई उता आनन्द भइरहोस्, तपाईंका श्रीमान्लाई यता आनन्द भइरहोस् ।

●

**पछि प्राप्त भएको लेख –**

# डा. इन्दुल केसीद्वारा सम्पादित 'सावित्री स्मृति' (सावित्री राणा केसी स्मृतिपुष्प) को विवेचनात्मक समीक्षा

**– चन्द्रमान प्रधान**

श्रीमती सावित्री राणा केसीको जन्म २००३ साल मङ्सिर ३० गते शुक्रबार भई इहलोकमा ७७ वर्षको जीवनलीला भोगी २०८० असोज २१ गते आइतबार जीवनलीला त्यागी परमधाम जानुभयो ।

सावित्री राणा केसी बुबा बिग्रेडियर जनरल लक्ष्मी शमशेर जङ्गबहादुर राणा र आमा विष्णुकुमारीको कोखबाट जन्मनुभएको थियो । राणा परिवारमा जन्म भएकी सावित्रीको मागी विवाहका रूपमा डा. इन्दुल केसी (भक्तपुर) सँग २०२४ साल असार २४ गते भएको थियो । उहाँको सन्तानका रूपमा छोरा उज्वल केसी र छोरीहरू रजनी केसी र सजनी केसी र नातिनातिनाहरूसहित घरगृहस्थीमा जीवन बिताउनुभएको थियो । उहाँको आफ्नो जीवनकालमा धार्मिक कार्यतर्फ घरगृहस्थी तथा स्थानीय रूपमा मनाइने चाडपर्व मनाउने साथै नेपाल र भारतस्थित विभिन्न धार्मिक स्थलहरूको भ्रमण गरी आफ्नो धार्मिक आस्था पाल्नुभएको थियो । आफूले पारिवारिक रूपमा गर्ने अनेक पूजाआजा तथा धार्मिक कार्यक्रममा सहभागी हुनुका साथै सहयोगका रूपमा नगद रकम प्रदान गर्ने गर्नुभएको थियो । उहाँ राणा परिवारमा जन्म भई मध्यमरूपी परिवारमा जीवनलीला बिताउँदा सहिष्णुता र संयमपूर्वक गर्ने गर्नुहुन्थ्यो । उहाँका बारेमा यस पुस्तकमा शोक व्यक्त गर्ने साथीभाइ, छरछिमेकी र आफन्तहरूले उहाँको सामाजिक सहिष्णुताको विवेचना गर्दै सम्झनुभएको छ ।

सावित्रीको जीवनको उत्तरार्ध समय २०७३ देखि स्वास्थ्यको समस्याले पिरोल्यो । रोग निदानका लागि नेपालमा उपलब्ध विशेषज्ञ

उपलब्ध गराई प्रयास गर्दा पनि बचाउन असम्भव भई २०८० साल असोज २१ गते उहाँले देहलीला त्यागनुभयो ।

स्वर्गीय सावित्री राणाको देहावसानमा श्रद्धाञ्जली अर्पण गर्नेहरूको सङ्ख्या ५०० भन्दा बढी छ । धेरैले उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेका छन् । त्यसमध्ये करिब ५०-६० जनाले लिखित रूपमा नै उहाँको आत्माको चिरशान्तिका लागि श्रद्धाञ्जली व्यक्त गरेका थिए । यसरी उहाँहरू समवेदना र श्रद्धाञ्जली व्यक्त गर्नेहरूले स्वर्गीय सावित्री राणाको सरल स्वभाव र सम्यकतापूर्वक व्यवहार गर्ने गरेको कुरा प्राय: सबैले नै भावपूर्ण रूपमा व्यक्त गरेका थिए ।

हाम्रो जीवनलीलाको प्रारम्भअघि र अन्त्यपछिका बारेमा तथ्यपूर्ण रूपमा प्रमाणिनत हुन सकेको छैन । हाम्रो जीवनकालमा बिताएको यस इहलीलाका बारेमा मात्रै यथार्थ रूपमा सम्झना र अनुभव गरेका हुन्छौँ । मानव जीवनको पूर्व र मृत्युपर्यन्त हाम्रो अवस्था के हुन्छ, हामीलाई थाहा छैन । तर यो जीवनको मृत्युपर्यन्त सुखशान्ति होस्, आत्माले शान्ति पाओस् भनी कामना गर्ने प्रचलन छ ।

अन्त्यमा उहाँको आत्माले शान्ति पाओस भनी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । हाम्रो सामाजिक परम्परा अनुसार, मरणोपरान्त गरिने विभिन्न पुराण अनुसार गरिने रीतिथितिहरू दानपुण्य गर्ने प्रचलन भइराखेको छ । यसरी गरिने रीतिरिवाजका आफ्नै मान्यता र संस्कार छन् । तर श्रीमती सावित्री राणाको देहावसानपर्यन्त यी मान्यताका साथै डा. इन्दुल केसीले त्यस किसिमका रीतिथितिको अलावा समीक्षा गरेको पुस्तकमा उल्लेख भएका श्रद्धाञ्जली र भावपूर्ण सद्भावहरूलाई लेखाङ्कन गरेकाले यसबाट स्वर्गीय आत्माको दिगो रूपमा शान्ति प्राप्त हुनेछ भन्ने आशा गरेको छु । यस किसिमको नयाँ प्रयास डा. इन्दुल केसीले गर्नुभएको छ । उहाँ धन्यवादको पात्र हुनुहुन्छ । परम्परामा सुधार ल्याउने सिलसिलामा उत्कृष्ट काम गर्नुभएकोमा उहाँलाई धन्यवाद व्यक्त गर्दछु ।

**पछि प्राप्त भएको लेख –**

# 'सावित्री स्मृति' पुस्तक : एक विवेचना

**– रत्नकुमार श्रेष्ठ**

'सावित्री स्मृति' पुस्तकको विवेचनामा प्रवेश गर्नुअघि डा. इन्दुल केसीसँगको भेटघाटको प्रसङ्ग राख्नु जरुरी ठानेँ । उहाँसँग मेरो पुरानो चिनजान पक्कै होइन । प्रायः सबै घटना र परिघटनाहरू समय र परिस्थितिको खेल हो भन्छन् । शायद होला पनि, किनकि २०८० साल मङ्सिरको अन्तिम साता कोटेश्वर महादेवस्थानको परिसरमा हामी प्रातःकालीन, सन्ध्याकालीन मैत्री समूहको बिहानको नियमित चियापान कार्यक्रममा उहाँसँग भेटघाट र चिनजान हुने अवसर मिल्न गयो । तर थोरै समयको चिनजानमा नै उहाँसँगको सामीप्य र घनिष्टता निकै बढ्न गयो । यही घनिष्टताको उपजस्वरूप हाम्रो समूहले आग्रह गरेकाले उहाँले सरस्वती माध्यमिक विद्यालय कोटेश्वरमा एक दिनको वैकल्पिक उपचार विधि विषयको कार्यक्रममा प्रवचन दिनुभयो । अन्तर्क्रियात्मक भएकाले उक्त कार्यक्रम हामी सबैले धेरै उपयोगी र व्यावहारिक भएको पायौँ ।

बहुआयामिक प्रतिभाका धनी डा. इन्दुल केसी उमेरको हिसाबले ८३ वर्षको खुड्किला पार गरी ८४ वर्षको खुड्किलामा हिँडिरहनुभएको छ । तर अहिले पनि हेर्दा उहाँ साहित्य, कला, दर्शन, अध्यात्म, योगसाधना, गीत-सङ्गीत, भजन जस्ता विभिन्न विधामा उत्तिकै जोस-जाँगर, उत्साह-उमङ्ग, लगनशीलता र दत्तचित्तका साथ कार्य गरिरहनुभएको देखिन्छ । यो उमेरमा आएर यति ऊर्जाशील भएर कार्य गर्न सक्नु अत्यन्त प्रशंसनीय र सह्राहनीय कार्य हो ।

उहाँले पहिलो भेटमा नै मलाई उहाँको 'शब्दसागरका मोती' समीक्षासङ्ग्रह र 'भजन सृष्टि विविध दृष्टि' उपलब्ध गराउनुभएको थियो । यी कृतिहरूबाट नै उहाँ बहुप्रतिभाका धनी हुनुहुन्छ भन्ने कुराको मलाई अनुभूति भयो । त्यसपछि अर्को चरणमा उहाँले मलाई 'एक-अर्काको दृष्टिमाथि समीक्षकका पुनर्दृष्टि' उपलब्ध गराउनुभयो । यो नेपाली साहित्यमा नै नयाँ प्रयोगजस्तो लाग्यो । किनकि एक-

अर्काका दृष्टिमाथि समीक्षकको पुनर्दृष्टि गरेर लेखेको पुस्तक मैले अझसम्म देखेको छैन । त्यो साँच्चै नै प्रशंसायोग्य कृति लाग्यो ।

अब मैले चर्चा गर्न लागिरहेको पुस्तक हो यही २०८० साल चैत्रमा प्रकाशित 'सावित्री स्मृति', जुन उहाँले मलाई केही दिन अगाडि मात्र उपलब्ध गराउनुभएको थियो । उक्त पुस्तकको आवरणमा दिवङ्गत हुनुभएकी उहाँकी धर्मपत्नी श्रीमती सावित्री राणा केसीको हँसिलो मुहारसहित खादा र पुष्पमाला पहिरिएको रङ्गीन तस्बिर राखिएको छ । अन्तिम पृष्ठमा वंशावली तालिका छ, जहाँ चतुर्भुज झादेखि श्रीजल केसीसम्म नवौं पुस्ताको शृङ्खला देखाइएको छ । यो पनि नयाँ प्रयोग नै हो ।

अहिले पनि मलाई सम्झँदा आचर्य लाग्दछ – डा. इन्दुल केसीसँग भेट हुँदा धर्मपत्नीको देहावसान भएको करिब तीन महिना मात्र भएको थियो, तर उहाँको मुहारमा पत्नीवियोगको दुःखद अवस्थाको झझल्को रत्तिभर पनि देखिएको थिएन । शायद उहाँले ती पीडाहरूलाई बाह्य रूपमा प्रकट नगरी शब्दहरूमा मनोदशा र पीडालाई माला बनाउँदा फूलको थुँगालाई जसरी उनिन्छ, त्यसरी नै उनी-उनी राख्नुभएको रहेछ । यो कृतिबाट उक्त कुरा स्पष्ट रूपमा झल्किन्छ । जीवनको यति लामो भोगाइले उहाँलाई कठोर र जीवन र मृत्युको दोसाँधमा ल्याएर खडा गरेको हुन सक्छ । यसो हेर्दा उहाँले मनुष्य जीवनलाई पूर्ण रूपले बुझेको, जीवन र मृत्युलाई सहर्ष आत्मसात गरेको देखिन्छ ।

मानिसले आफ्नो पीडा र दुःख देखाएर हुने केही होइन । किनकि एक दिन हामी सबैले यो नश्वर देहलाई त्यागेर जानैपर्दछ । ढिलो र चाँडोको मात्र कुरो हो । यो अकाट्य सत्यलाई कसैले नकार्न पनि सक्दैन । हुन त यसो पनि भन्ने गरिएको छ – 'बच्चाकी आमा र बुढाकी स्वास्नी छिटै मर्नु राम्रो होइन ।' जति बेला शारीरिक र मानसिक रूपले सहारा चाहिएको हुन्छ, त्यति बेला नै श्रीमती सदाका लागि बिछोड भएर जान्छे भने आफूमाथि बज्रपात नै परेको ठान्नुपर्छ । तर विधिको विधान कसले टार्न सक्दछ र ? त्यसैले हामी मनुष्य जातिले यो जीवनचक्रलाई बुझ्नैपर्दछ र संयमितसमेत हुनुपर्दछ । किनकि यो जीवन दुई दिनको घामछाया मात्र हो ।

श्रीमान्‌को देहावसानपश्चात् श्रीमती र परिवारले श्रीमान्‌को नाममा स्मृतिग्रन्थहरू धेरै निकालेको देखेको छु र पढेको छु । तर यसरी दिवङ्गत श्रीमतीको नाममा श्रीमान्‌ले स्मृतिपुष्प निकालेको मेरो नजरमा यो पहिलो अवसर हो । शायद अरूहरूले निकालेका होलान्, तर मेरो जानकारीमा छैन । त्यसैले यो नेपाली साहित्यमा नौलो प्रयोग हो कि जस्तो लागेको छ । भनिन्छ श्रीमान् र श्रीमती एक-अर्काका परिपूरक हुन् भनेर । श्रीमतीलाई अर्धाङ्गिनी पनि भनिन्छ । तर अर्धाङ्गिनी भनिएकी श्रीमतीको नाममा यसरी स्मृतिग्रन्थ लेखिएको बिरलै पाइन्छ ।

यो स्मृतिपुष्प ६४ पेजको सानो आकारको भए पनि दिवङ्गत सावित्री राणा केसीको सबै पक्षलाई समेट्न सफल भएको देखिन्छ । सम्पादकीयमा लेखक डा. इन्दुल केसीले उनी अर्धाङ्गिनी मात्र नभएर सामाजिक अभियन्ता पनि थिइन् साथै प्रचारलाई भन्दा बढी कामलाई महत्त्व दिन्थिन् भनेर थोरै शब्दमा धेरै कुराहरू अभिव्यक्त गर्न सफल हुनुभएको देखिन्छ । त्यसै गरी प्रकाशकीय मन्तव्यमा शब्दयात्रा प्रकाशनका अध्यक्ष हरि मञ्जुश्रीले 'आधा अङ्ग गएर आधा अङ्ग रहेको त्यस्तो दुःखद अवस्थामा पनि डा. इन्दुल केसीले आफ्नो मनोव्यथालाई मुखले प्रकट नगरी अक्षरहरूमा लेख्न चाहनुभयो र यो पुस्तक तयार पार्नुभयो' भनेर मुग्ध कण्ठले प्रशंसा गर्नुभएको छ ।

साँच्चै भन्नुपर्दा आफ्नी अर्धाङ्गिनीको देहावसान भएको ६ महिनाभित्र निजको जन्मदेखि मरणसम्मको गाथालाई लिएर निजको सम्झनामा 'सावित्री स्मृतिपुष्प' पुस्तक प्रकाशन गर्नु नारी जातिमाथिको नै ठूलो आदरभाव र सम्मान हो जस्तो मैले अनुभूत गरेको छु । नारी जातिको सम्मानको कति महत्त्व छ भन्ने कुरा तलको प्रचलित श्लोकबाट पनि प्रस्ट हुन्छ –

'यत्र नार्यस्त पुज्यन्ते रमन्ते तत्र देवताः ।

अर्थात् जहाँ नारीहरूको पूजा हुन्छ, त्यहाँ देवताको बास हुन्छ र जहाँ नारीहरूको पूजा हुँदैन वा सम्मान हुँदैन, त्यहाँ गरिने सम्पूर्ण राम्रा कार्यहरू निष्फल हुन्छन् । जुन घरमा कुशल गृहणीको बास हुन्छ, त्यो घर स्वर्गतुल्य हुन्छ, त्यहाँ ठूलाहरूले मान, मर्यादा, सम्मान र सानाहरूले माया, ममता, स्नह पाउँछन् । नत्रभने घर नरकमा

परिणत हुन कत्ति पनि बेर लाग्दैन । यो हाम्रो वर्तमान सामाजिक संरचनाले समेत स्पष्ट देखाएको छ ।

उक्त पुस्तकमा सम्पादकीय र प्रकाशकीय मन्तव्यका अतिरिक्त सावित्री राणा केसीको जीवनवृत्त, स्वास्थ्य समस्याको विवरण, उहाँको सम्झनामा रचिएका रचनाहरू, निधनका समाचारहरू, निधनपछिका समवेदनाहरू र केही महत्त्वपूर्ण अवसरहरूका तस्बिरहरू राखिएका छन् । सावित्री केसीको जीवनवृत्त शीर्षकमा उहाँको तस्बिरसहित जन्मकुण्डली र मृत्युको प्रमाणपत्र राखी जन्म र मृत्यु, मातापिताको नाम, शिक्षा, विवाह, पति, सन्तान, पेस र यात्रासहित धार्मिक क्रियाकलापहरूको २ पृष्ठमा चुस्त र दुरुस्त रूपमा वर्णन गरिएको छ ।

दोस्रो पाठमा 'सावित्री राणा केसीको स्वास्थ्यसमस्या विवरण' भनी वि. सं. २०७३ सालमा डा. भगवान कोइरालाबाट काठमाडौँको त्रि. वि. शिक्षण अस्पताल महाराजगञ्जमा मुटुको शल्यक्रिया भएको अवस्थादेखि लिएर वि. सं. २०७५ देखि २०८० सम्मको विभिन्न चरणमा रोगको उपचार हुँदाको जीवन्त वर्णन गरिएको छ । यसरी उपचार गर्दागर्दै २०८० असोज २१ गते राति ११ बजे स्वर्गारोहण भएको कुरा शुरुदेखि नै क्रमागत रूपमा उल्लेख गरिएको छ । त्यसपछि पनि भोलिपल्ट बिहान ८ बजे पशुपति आर्यघाटमा पुऱ्याएको, आँखा दान गरेको, ब्रह्मनालमा राखेको, चितामा राखी अन्तिम श्रद्धाञ्जली दिएको र पुत्र उज्वल केसीबाट दागबत्ती दिइएको समेत क्रमागत रूपले मितिसमेत उल्लेख गरी वर्णन गरिएको छ । यसका साथसाथै कोटेश्वर महादेवस्थानस्थित पितृमुक्ति सदनमा १३ औँ दिनको क्रियाकर्मलाई समेत सविस्तार वर्णन गरिएको पाएँ ।

पत्नीशोकमा परेको बेला यी सबै घटनाक्रमलाई मितिसमेत टिपोट राखी स्मृतिग्रन्थमा प्रकाशन गर्न सक्नु पनि सानो कुरा होइन, त्यो पनि ८३ वर्षको ढल्दो उमेरमा । यसरी नै उहाँले 'स्वर्गीय सावित्रीको सम्झना' भनेर वि. सं. २०२४ सालमा सावित्री राणासँग विवाह भएको सन्दर्भदेखि लिएर वि. सं. २०२६ सालमा श्रीमती सिकिस्त बिरामी भएको अवस्था अनि निजको उपचारका लागि विभिन्न ठाउँमा धाउँदाको अवस्था, आर्थिक सङ्कटलाई टारेको अवस्था

र उपचारका लागि भक्तपुरबाट वीर अस्पताल काठमाडौँमा लगेको अवस्थालाई बडो मार्मिक ढङ्गले प्रस्तुत गर्न सक्षम हुनुभएको छ । तर कस्तो बिमारीका कारणले उपर्युक्त परिस्थिति झेल्नुपऱ्यो भन्ने कुराचाहिँ कतै खुलाउनुभएको छैन, पाठकवर्गलाई कौतूहलता र उत्सुकतामा नै राख्नुभएको छ । यो कुरालाई छर्लङ्ग पारेको भए अझ राम्रो हुन्थ्यो कि ?

त्यसै गरी प्रा. डा. कृष्णप्रसाद दाहालले 'सावित्री केसी शब्दश्रद्धाञ्जली' मा भाग १ मा 'कवितामा सावित्री' भनी भाग २ मा सावित्रीको व्यक्तित्वका बारेमा वर्णन गर्नुभएको छ । अनि 'श्रद्धाका दुई थुँगा फूल' जीवनाथ अधिकारीबाट र 'ठूलो योगदान' टीका ढुङ्गेल 'रटन' बाट प्रस्तुत गरिएको छ । यही क्रममा नवीना श्रेष्ठले 'फूलको श्रद्धाञ्जली' नामक शीर्षकबाट डा. केसीजस्तै उहाँको परिवारका सदस्यहरू पनि सहृदयी र मिलनसार पाएँ, मृत्यु एक तीतो सत्य हो, सबैले सामना गर्नुपर्छ, मर्नु भनेको ठाउँ फेर्नु मात्र हो भनी उल्लेख गर्नुभएको छ । यसमा सान्त्वनासहित यथार्थ चित्रण गर्नुभएको पाएँ ।

'इन्दुलजीकी सहधर्मिणी सावित्री दिदीलाई यसरी सम्झन्छु म' भनेर पदम दाहालले उहाँको निवासमा जाँदाको आतिथ्यलाई लिएर 'हामीलाई प्रदान गर्नुभएको खाजानास्ताका साथमा सद्भाव, मीठो बोली र सावित्री दिदीले थप्नुभएको मन्द मुस्कानले उहाँमा एक असल गृहणीको सुपरिचय सहजै झल्किन्थ्यो' भनेर वर्णन गर्नुभएको छ । साथै डा. केसीको विषयलाई लिएर उहाँ लेख्नुहुन्छ – 'अन्तरदिलमा जतिसुकै पीडा र दर्द परेको भए पनि विचलित देखिनुहुन्नथ्यो । शोकलाई शक्तिमा बदल्न सक्ने सामर्थ्य भरपूर अटाएको लाग्थ्यो उहाँमा ।'

यसरी नै 'बलियोले चाहेपछि' भनेर प्रजापति तिमिल्सिनाले र 'हाम्री जननी' शीर्षकमा उहाँकी छोरी रजनी केसी मानन्धरले मातृवियोग, सावित्री आमाको प्रशंसा, सिर्जना र श्रद्धाञ्जली उजागर गर्नुभएको छ ।

यही क्रममा हरि मञ्जुश्रीले 'अनेकमध्येकी एक सावित्री' भनेर विभिन्न सावित्रीहरूको क्रमागत रूपमा वर्णन गरेर अन्तमा सावित्री राणा केसीलाई भेट्दा आफूलाई लागेका कुराहरू शृङ्खलाबद्ध रूपमा

उल्लेख गर्नुभएको छ । हरेक पुरुषको प्रगतिका पछाडि महिला हुन्छन् भन्ने भनाइलाई सार्थकता दिँदै डा. केसीले हरेक विधामा गरेका प्रगतिको पछाडि उहाँको हात थियो भन्ने कुरासमेत उल्लेख गर्नुभएको छ ।

उक्त स्मृतिपुष्पमा विभिन्न लेखकहरूद्वारा लेखिएका नौवटै लेखमा सावित्री केसीका बारेमा उल्लेख गरिएको छ । त्यसपछि समाचारहरूमा शब्दयात्रा प्रकाशन परिवारबाट हार्दिक समवेदना, स्वर्गीय राणाको श्रद्धाञ्जलीस्वरूप भक्तपुरमा भजन-कीर्तन, भक्तपुरमा नै स्वर्गीय सावित्रीको सम्झनामा सिद्धिस्मृति शान्तिग्रामका बृद्धबृद्धालाई भोजन आदि उल्लेख छ ।

समवेदना सन्देशहरू भन्ने शीर्षक अन्तर्गत विभिन्न सङ्घ-संस्थाहरू र व्यक्तिहरूबाट व्यक्त गरिएका समवेदना सन्देशहरू उल्लेख गरिएको छ । पुस्तकको अन्तमा विभिन्न अवसरमा लिएका तस्बिरहरू राखिएका छन् ।

यो लेखलाई बिट मार्नुअगाडि म र मेरो परिवार डा. इन्दुल केसीकी अर्धाङ्गिनी, दिवङ्गत हुनुभएकी सावित्री राणा केसीको आत्माको चिरशान्तिको कामनासहित परिवारजनमा सदैव ईश्वरको कृपा रहोस् भनी कामना गर्दछौँ । अन्तमा डा. इन्दुल केसीलाई 'सावित्री स्मृति' जस्तो स्मृतिपुष्प सिर्जना गर्न सक्नुभएकोमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको दुई हरफ समर्पण गर्न चाहन्छु – 'सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन गर्नु नै कला हो ।'

●

# मेरो मानसपटलमा डा. सत्यमोहन जोशी

**- डा. इन्दुल केसी**

**प्रारम्भ**

श्री रत्न पुस्तकालय बानेश्वर काठमाडौंका अध्यक्ष शशीविक्रम राणाज्यूले एउटा संस्मरण लेख लेखिदिन मलाई अनुरोध गर्नुभयो । उक्त पुस्तकालयले डा. सत्यमोहन जोशीको स्मृति स्मारिका प्रकाशन गर्न लागेको रहेछ । यसै सन्दर्भमा मेरो यो लेखको शुभारम्भ भयो । शताब्दीपुरुष जोशीको १०३ वर्षे दीर्घायु जीवन पछि उहाँको आत्मा यो धर्तीबाट बिदा भैसकेको छ । तर उहाँको पार्थिव शरीरलाई उहाँकै इच्छाअनुरूप चिकित्सा अनुसन्धानका लागि हाल किष्ट अस्पतालमा सुरक्षित राखिएको छ । उहाँ नेपालका एक होनहार बहुप्रतिभाशाली व्यक्ति हुनुहुन्छ भन्ने कुरा जगजाहेर छ । उहाँको व्यक्तित्व र कृतित्वको साथै उहाँसँगको मेरो घनिष्ठ सम्बन्धबारे मेरो मानस पटलमा सधैँ रहिनै रहेको छ, रहिरहने छ । मेरो मनमा सधैँ बज्रलेपजस्तो छाप परिरहेका घटनाहरू छन् । उहाँले लेख्नुभएका धेरै पुस्तकहरू मैले पढेको छु । त्यसमध्ये एउटा पुस्तकमा केन्द्रित भएर यो लेख तयार गरेको छु । यसभन्दा पहिले उहाँले लेख्नुभएको 'महर्षि याज्ञवल्क्य नाटक' बारे मेरो एउटा लेखलाई मेरो पुस्तक शब्दसागरका मोती' समीक्षा सङ्ग्रहमा समावेश गरी नेपाली पाठकहरू माझ प्रस्तुत गरिसकेको छु । यो लेखलाई दुई पक्षमा विभक्त गरेको छु ।

पहिलो पक्ष उहाँ र मेरो घनिष्ठ सम्बन्ध तथा दोस्रो पक्ष उहाँले लेख्नुभएको 'माओत्सेतुङका कविताः टिप्पणी र विवेचना' हो ।

**पहिलो पक्ष**

उहाँसँगका मेरो सम्बन्धका केही कुराहरू बुँदागत रूपमा निम्न अनुसार प्रस्तुत छन् ।

- म स्वयम् संस्थापक अध्यक्ष भई भक्तपुरमा स्थापना गरिएको कला संस्कृति भजन महागुठी भक्तपुरको महाकाली स्थानमा भएको एक भव्य समारोहमा प्रमुख अतिथि भई डा. सत्यमोहन जोशीले समुद्घाटन

गर्नुभएको थियो । उक्त महागुठीमा भक्तपुरका विभिन्न ४७ वटा भजन मण्डलहरू संस्थागत रूपमा आवद्ध छन् ।

- केशव सुषमा भजन ज्ञानगुठी नेपालले उक्त गुठीको २३ सौं वार्षिक उत्सवको उपलक्ष्यमा २०७८ साल आश्विन १६ गते सोही गुठीका अध्यक्ष श्री केशवराज राजभण्डारीज्यूले डा. सत्यमोहन जोशीको निवास ललितपुरमा आयोजना गर्नुभएको एक भव्य समारोहमा डा. सत्यमोहन जोशीले मलाई दोसल्ला ओढाइ उहाँको हस्ताक्षर भएको सम्मान पत्र उहाँले नै मलाई प्रदान गर्नुभएको थियो ।
- पाटन बखुँबहालस्थित उहाँको घरलाई सङ्ग्रहालयको रूपमा परिणत गरिसकेपछि उहाँ स्वयंले मलाई उक्त संग्रहालय अवलोकन गराउनुभएको थियो ।
- डा. सत्यमोहन जोशीको भीम रथारोहण गरी गाडीमा राखी ललितपुर नगरमा शोभा यात्रा गराउँदा भक्तपुरका विभिन्न भजन टोलीहरूलाई मेरो अगुवाइमा ललितपुर नगर परिक्रमा कार्यक्रममा सहभागी भएका थियौँ ।
- उहाँ विरामी भई ललितपुर ग्वार्कोस्थित किष्ट मेडिकल हस्पिटलमा उपचारको क्रममा रहनुभएको बेला उहाँको स्वास्थ्य लाभको मङ्गलमय शुभकामना दिन म पुगेको थिएँ । त्यो बेला उहाँलाई सघन कक्षमा राखी उपचार भई रहेको थियो । त्यहाँ रहेका स्वास्थ्यकर्मी नर्सहरूले मलाई भन्नुभयो, "उँहालाई अहिले भेटन् सकिन्न, तपाईंको नाम र ठेगाना आगन्तुक पुस्तकमा लेखेर फर्कनु होला । मेलरै हवस् भनी त्यहाँबाट फर्कर ढोकासम्म आइपुग्दा ती उपचारक दौडेर मलाई बोलाउन आई भन्नुभयो । डा. सत्यमोहनलाई तपाई आएको जानकारी दिँदा उहाँलाई बोलाएर मलाई भेट्न दिनु भन्नुभएको रहेछ । म फर्केर भेटन गएँ अभिवादन गरेँ, स्वास्थ्य लाभको कामना व्यक्त गरेँ । त्यो बेला डा. सत्यमोहनले भन्नुभयो, "इन्दुल तिमीलाई धन्यवाद छ, यो संसार यस्तै रहेछ । म अहित हस्पिटलको बेडमा छु । यहाँबाट म घर फर्केपछि मलाई भेट्न आउनु है ।" म भाव विभोर भई त्यहाँबाट आफ्नो निवासस्थान भक्तपुर फर्किएँ ।

**दुई थुङ्गा फूल**

राष्ट्रसंरक्षण साप्ताहिक, वर्ष ९ अंक २६ मा छापिएको डा. सत्यमोहन जोशीले रच्नुभएको दुई थुँगा फूल शीर्षकको एउटा कविता यहाँ प्रस्तुत गर्न चाहेँ ।

**दुई थुङ्गा फूल**

| | |
|---|---|
| विविध भाषाका ज्ञाता | भजन-कीर्तनका गायक |
| मातृभाषाका पुजारी | कविता आदिका लेखक |
| विविध उपचारका ज्ञाता | कलाकृति र संस्कृतिका अनन्य भक्त साधक |
| विकल्पका प्रयोगवादी | स्वभावका मृदुभाषी |
| सच्चा समाजसेवी | सरल क्रियाकर्ममा परोपकारी |
| बहुमुखी प्रतिभाका धनी | व्यक्ति एक प्रतिभा अनेक |
| डाक्टर इन्दुल केसी ।1। | डाक्टर इन्दुल केसी ।2। |

मेरो व्यक्तित्वको बारे स्व. डा. सत्यमोहन जोशीले कविता प्रस्तुत गर्नुभएको थियो । म उहाँप्रति भावपूर्ण श्रद्धाञ्जलीसहित हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु । यो कविता मेरो हालै प्रकाशित समीक्षा सङ्ग्रह 'शब्दसागरका मोती' नामको पुस्तकमा पनि समावेश गरेको छु ।

**दोस्रो पक्ष**

- डा. सत्यमोहन जोशीले विभिन्न विषय र विधामा धेरै किताबहरू लेख्नुभएको छ । उहाँले लेख्नुभएका दुईवटा किताबहरू बारे यहाँ चर्चा गर्दछु । उहाँले लेख्नुभएको महर्षि याज्ञवल्क्य नाटकलाई मैले "महर्षि याज्ञवल्क्य, नाटकका दृश्य शीर्षक दिई त्यस किताबमा रहेको नाटकको ७ वटा दृश्यहरूलाई मैले गरेको टिप्पणी मेरो पुस्तकमा प्रकाशित गरिसकेको छु । उहाँले लेख्नुभएको अर्को पुस्तक 'माओत्सेतुङका कविताः टिप्पणी र विवेचना'लाई मैले गरेको केही टिप्पणी निम्नअनुसार बुँदागत प्रस्तुत गर्न चाहेँ ।
- काठमाडौं विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युटले २०७८ सालमा प्रकाशित १२३ पृष्ठको 'माओत्सेतुङका कविताः टिप्पणी र विवेचना' डा. सत्यमोहन जोशीद्वारा अनुवादित पुस्तक हो । यस पुस्तकमा काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा. डा. भोला थापाज्यूले आफ्नो शुभकामना मन्तव्यमा लेख्नुहुन्छ, "नेपाली भाषी पाठकलाई

चिनियाँ साहित्यको रसास्वादन गराउन तथा नेपाली र चिनियाँ साहित्यकाबीच रहेको समानता र असमानता विषयमा जानकारी दिन यस पुस्तकले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

- उक्त विश्वविद्यालयका रजिष्टार प्राडा. सुबोध शर्मा भन्नुहुन्छ, "यस पुस्तकले चिनियाँ साहित्य बुझ्न चाहने नेपाली पाठकलाई राम्रो खुराक प्रदान गरेको छ । डा. सत्यमोहन जोशीले माओत्सेतुङका कविताहरू चिनियाँ भाषाबाट नेपाली भाषामा अनुवाद गरी तिनको टिप्पणी र विवेचनासमेत गरेर तयार पार्नुभएको हो ।
- पुस्तकका अनुवादक लेखक स्वयम् डा. सत्यमोहन जोशीले यो पुस्तकको भूमिकामा लेख्नुहुन्छ, "नेपाल र चीनको सम्बन्ध विश्वको सर्वोच्च हिमाल जतिकै पुरानो छ । नेपाल र चीनको मित्रता प्रागैतिहासिक कालदेखि सुरू हुन्छ । अनि नेपाल र चीनको सांस्कृतिक आदनप्रदानको जानकारी यस पुस्तकले पनि दिनेछ भन्ने मेरो धारणा छ । साथै यस पुस्तकले नेपाली पाठकहरूलाई चिनियाँ काव्यको रसास्वादन गराउनेछ भन्ने दृढ विश्वास पनि छ ।"

**अनुवाद साहित्य**

त्यो पुस्तक चिनियाँ भाषाको नेपाली भाषामा अनुवाद भएकोले अनुवाद साहित्यको बारे पनि सङ्क्षिप्त चर्चा गर्नु सान्दर्भिक नै होला भन्ने ठानें । खास गरी अनुवादले एउटा पूलको काम गर्दछ, जसको माध्यमले हामी विश्वका विभिन्न स्थानमा रहेका मानवहरूको बीच जोड्दछ । संसार भाषिक, साहित्यिक, सांस्कृतिक एकता र समृद्धि गर्न अनुवाद साहित्यको महत्वपूर्ण स्थान छ । कुनै पनि भाषाको साहित्यलाई विश्वव्यापी बनाउने काम अनुवाद कार्यले नै गर्दछ । अनुवाद एक कठिन र चुनौतिपूर्ण कार्य हो । नेपालको विभिन्न भाषाहरूको साहित्यका विभिन्न विधाका काव्य, कविता, गीत, गजल, मुक्तकहरू, कथा, लघुकथा, संस्मरण, यात्रा नियात्रा, निबन्ध, उपन्यास समालोचना आदिलाई विश्वका अनेकौं भाषामा अनुवाद भएको पाइन्छ । यसरी नै विश्वका अनेकौं भाषाका साहित्यका पुस्तकहरू पनि नेपाली भाषामा अनुवाद भएको पाइन्छ । यसै प्रसङ्गमा स्व. डा. सत्यमोहन जोशीको पुस्तक पनि नेपाली पाठकमाझ आइपुगेको छ ।

उक्त किताबमा रहेको विषय सूची अनुसार - चिनियाँ कविता र छन्द, चिनियाँ कविताको आकृति, माओत्से तुङका लेखन शैली, कविताहरूको रचनाकाल र चिनियाँ इतिहासको कालक्रमको चर्चा गरिएको पाइन्छ । यसमा चिनियाँ भाषामा लेखिएका २७ वटा कविताहरूलाई नेपाली भाषामा अनुवाद गरिएका छन् ।

**शीर्षक**

कुनै पनि व्यक्तिको वस्तुको स्थानको नामले त्यसको बारे पूर्व अनुमान गर्ने आधार तयार हुन्छ । यसमा रहेका २७ वटा कविताहरूको शीर्षकले कविताको बारे प्रारम्भिक जानकारी प्रदान गर्दछ । ती २७ वटा कविताहरूको शीर्षकहरू (१) छाङशा नगर (२) याङसी नदीमा पौडी (३) सुनौले सारसको धरहरा (४) खुनलूब पहाड (५) पैताइखको समुद्री किनार (६) मिलिशिया आइमाई (७) लूशान पहाड चढ्दा (९) शाउनशानमा फेरि फर्कदा (१०) हिउँका बादल (११) उत्तरीय प्रदेशको हिउँ (१२) चिङकाङ पहाड (१३) तापोती जिल्ला (१४) लामो हिँडाइ (१५( हवैछाङ अञ्चल (१६) नयाँ सालको दिन (१७) लौशान भञ्ज्याङको किल्ला (१८) तीन लघु कविता (१९) ल्यूफान पर्वत (२०) पहिलो जवाफी हमला (२१) जानचिङ कब्जा (२२) मयफूलको प्रशंसा (२३) ल्यू याचप्रति (२४) ल्यू या चलाई जवाफ (२५) साथीलाई जवाफ (२६) कोमोरोलाई जवाफ १ (२७) कोमोरोलाई जवाफ २ ।

कविताहरूका उक्त शीर्षकहरूले नै कवितामा रहेका विभिन्न कुराहरू- जिल्ला, अञ्चल, शहर, नदी, पहाड, पर्वत, समुद्र, हिउँ, हमला, कब्जा आदिले कविताको विषयका विविधता झल्काउँछ ।

**चिनियाँ भाषामा अलङ्कार**

शब्दहरूको प्रयोगका शिन खान, पूसा मान ई नामका छन्द प्रयोग भएका छन् । अनुवादक डा. जोशीले चिनियाँ कविताका छन्दहरूको नामकारण बारे एउटा नमूनाको रूपमा यसरी प्रस्तुत गर्नुभएको छ । शी च्याङ यवे छन्द, यसको अर्थ हो “पश्चिमतिर नदीको उँभो जून ।“ यो छन्दको नाम ली यो कविद्वारा रचित तलको कविताबाट उद्धृत गरिएको हो ।

“आज पनि चन्द्रमा छ उँभोतिर पश्चिमी नदीको
चम्कन्थ्यो जुन एकताक महलभित्र ’उ’राजको ।’

यसरी जोशीले १७ वटा छन्दहरूको नाम, छन्दको अर्थ, छन्दमा प्रयोग हुने अक्षरहरूको सङ्ख्या विवरण दिनुभएको छ ।

### चिनियाँ कविताको आकृति

चिनियाँ कविताको आकृति विषयमा दुई वटा कुरामाथि विशेष ध्यान दिनु आवश्यक छ । चिनियाँ अक्षरको उच्चारणको प्रयोगमा आउने ४ किसिमका ध्वनि संकेतहरूको पनि अभाव हुनेगर्छ । चिनियाँ कविताको खास आकृति बोध गर्नको निम्ति चिनियाँ अक्षरको कविता हेर्नु अथवा ध्वनी संकेत गरिएको रोमन लिपिबद्ध कविता पल्टाउनु आवश्यक हुन्छ । अन्य कुरा अध्यक्ष माओत्सेतुङको लेखनशैली, उक्त २७ वटा कविताहरूको रचनाकाल, इतिहासको कालक्रम, ईशा पूर्व २१ औं शताब्दी श्यावंश, राजतन्त्र अन्त, प्रजातान्त्रिक क्रान्तिको सुरू, कम्युनिष्ट पार्टीको स्थापना, मजदुर वर्गको नेतृत्व, क्रान्तिकारी गृहयुद्ध, जापानी साम्राज्यवादको विरूद्ध प्रतिरोधको युद्ध, जनमूक्ति युद्ध र यसको विजय, जनगणतन्त्र चीनको स्थापना, महान् सर्वहारा सांस्कृतिक क्रान्तिसमेतको विवरण यस पुस्तकमा पाइन्छ । कवि माओत्सेतुङको जन्मः १८९३ डिसेम्बर २६, मृत्युः १९७६ सेप्टेम्बर ९ भएको थियो ।

### टिप्पणी र विवेचना

यस पुस्तकमा रहेका सबै २७ वटा कविताहरूका टिप्पणीहरू र विवेचना गरिएका छन् । नमूनाको रूपमा : पहिलो कविता छाङशा नगर यसको टिप्पणीमा विभिन्न ६ वटा कुराहरूको टिप्पणी छन् । यसरी यस कविताको विवेचना दिएका छन्, कविता छाङ्शा नगरमा फेरि आइपुग्छन् । शरद ऋतुमा छाङ्शा नगरको दृश्य ज्यादै आकर्षक र रमणीय हुन्छन् ।

### आखिरमा

२०७८ साल पौष १८ गते कलाशिरोमणि केशव दवाडी ग्रन्थ सार्वजनीकरण कार्यक्रमको प्रमुख अतिथि वाङ्मय शताब्दीपुरुष डा. सत्यमोहन जोशीले आफ्नो शुभकामना मन्तव्यमा नेपाल र विश्वका विभिन्न लुकहरूमा भएका कला क्षेत्रको विवरणहरूमा प्रकाश पार्नुभयो । उहाँले भन्नुभयो “कलाको विभिन्न विधाहरू मुहार चित्र, दृश्य चित्र र रेखा चित्र तयार गर्न कलाकारहरूको योगदान र साहित्यका विभिन्न विधाहरूमा ठूलो योगदान पुऱ्याउनुभएका साहित्यिक व्यक्तिहरूको सम्मोचित सम्मान नेपालको सरकारी स्तरबाट हुन सकेको छैन ।’ डा. सत्यमोहन जोशीको सम्झनास्वरूप यो मेरो श्रद्धासुमन अर्पण गर्दछु । अस्तु ।

●

# सावित्री स्मृति ग्रन्थभित्र रुमलिँदा

- तारा सुवेदी
नेपाल स्रष्टा समाज

काठमाडौं । 'सावित्री स्मृति' पुस्तकका बारेमा केही लेख्नुपूर्व नेपाल स्रष्टा समाजका आजीवन विशिष्टि सदस्य डा. इन्दुल के सीज्यूकी धर्मपत्नी स्व सावित्री राणा केसीको दुःखद निधनप्रति हृदयदेखिकै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। समाजसेवी / लेखक तथा योगविज्ञ डा. इन्दुल केसीले सम्पादन तथा संकलन गरी आफ्नी धर्मपत्नीको स्मृति ग्रन्थ प्रकाशनमा ल्याउनुभएको छ। स्मृतिपुष्पका पराग टिप्पणीसंग्रह - २०८१ पुस्तकभित्र हेर्दैजाँदा सम्पादकले सम्पादन गर्नुभएका र विभिन्न लेखकहरुले लेख्नुभएका सबै मर्मस्पर्शीसाथै भावनात्मक रुपमा पनि हृदय छुने लेखहरु रहेका छन् । सुरुमा नै डा. सुरेशराज शर्माको शुभकामना रहेको छ । ग्रन्थमा डा. इन्दुल केसीको सम्पादकी छ भने प्रकाशन शब्दयात्रा प्रकाशनले गरेको छ । प्रा. डा. कृष्णप्रसाद दाहालको 'कवितामा सावित्री' काव्यात्मक सृजनाका हरेक हरफले मन छुने खालका छन्। 'मलाई सावित्री भएको इन्दुल मन पर्छ, मलाई इन्दुल भएको सावित्री मन पर्छ' भन्ने हरफले मन छुन्छ । । सावित्रीको व्यक्तित्व वर्णन गर्ने अन्य भावनाहरु पनि साह्रै ओजिला छन । हरि मञ्जुश्रीको 'अनेकमध्येकी एक सावित्री' संस्मरणले डा. इन्दुल केसीमा विद्यमान बहुआयामिक व्यक्तित्व प्रस्फुटनका लागि दिदी सावित्रीको कस्तो योगदान रहेछ भन्ने कुराको यथार्थ चित्रण गरेको पाइन्छ । त्यस्तै छोरी रजनीको 'हाम्री जननी' शीर्षक कवितामा आमाप्रतिको जुन गहिरो माया, स्नेहभाव व्यक्त गरिएको छ, त्योआमा आफैमा प्रिय शब्द हो। यस संसारमा सदापण भएका र हुने समस्तमानवजातिकी जननी आमाप्रति सद्‌भाव जनाइरहेकै हुन्छन । स्मृतिपुष्पमा ५० भन्दा बढी धार्मिक, सामाजिक एवम् विभिन्न पेसागत संघ- संस्थाहरुको समवेदना सन्देश, ३२५ भन्दा बढी व्यक्तिगत सन्देश सावित्री राणा केसीलाई विभिन्न संघ-संस्थाहरुले प्रदान गरेका सम्मानपत्र, पारिवारिक, धार्मिक एवम् तीर्थयात्रा सम्बन्धी करिब पन्ध्रवटा सुन्दर फोटाहरु समावेश गरिएको छन् । साथै आधा दर्जनजति विभिन्न सञ्चार माध्यमका शोक समाचारहरु, पुस्तकको भित्री गातामा कृष्ण, राधा, रुक्मिणीको सुन्दर प्रतिमासहित छापिएको १९८३ मा स्थापना भई २०७२ सालको भूकम्पपछि पुनः निर्माण भएको 'श्री श्यामसुन्दर रास भजन' को रंगिन फोटो र सगुन

भजनले पनि पुस्तकको स्तरीयता वृद्धिमा निकै बल पुर्‍याएको छ। पुस्तकको अन्तिम गातामा रंगिन कलेवरयुक्त 'वंशावली तालिका' पनि उहाँहरुको पारिवारिक पुर्ख्यौली चिनाउने ऐतिहासिक दस्तावेज बनेको छ । सरल, भद्र, मिलनसार आदर्श नारी सावित्री दिदी सहनशीलताकी प्रतिमूर्ति हुनुहुन्थ्यो । पतिब्रता आफ्नी पत्नीको सम्भनामा पति साहित्यकार, प्राकृतिक चिकित्सक, शैक्षिक अभियन्ता, सदा सबैको प्रिय पात्र हुन सफल रहनुभएका आदरणीय व्यक्तित्व डा. इन्दुल केसीले जुन सम्पादकीय कौशल एवम् सीप पुस्तक प्रकाशनमा देखाउनुभएको छ, त्यो ज्यादै उच्च कोटिको र सम्मान जनक छ । हुन त विधिको विधान यस्तै छ, यो धरामा आएपछि एक दिन सबैले जानु नै छ, तर पनि एक आदर्श पत्नीलाई गुमाउनुपर्दा पति डा. इन्दुलमाथि असह्य पीडाको बज्रपात परेकै हुनुपर्छ । मनभित्र परेको यस्तो असहनीय पीडाबाट कत्ति विचलित नभइ शोकलाई शक्तिमा रुपान्तरित गर्न सक्ने सामर्थ्य उहाँमा भरपुर देखिन्छ। यो उहाँभित्रको विशाल धैर्यको प्रतिक हो । जे होस्, 'सावित्री स्मृति' पुस्तकमा समावेश भएका सम्पूर्ण सामग्री पठनीय त छँदैछन्, उदाहरणीय पनि छन् भन्ने मेरो निक्यौल छ । सावित्री दिदीको जीवनवृत्त, स्वास्थ्य समस्याको विवरण, उहाँसँगका संस्मरणहरु, उहाँको निधनसम्बन्धी समाचारहरु, निधनपछि प्राप्त सन्देशहरु समावेश गरेर प्रकाशित गरिएको यो पुस्तक प्रकाशकीयमा भनिएझैं एउटा सिङ्गो जीवनी हो ।

देशप्रेम राष्ट्रिय साप्ताहिक, वर्ष २५, अंक २५, २०८१ कात्तिक ४ गते, आइतबार

।

***